११

अभिलेख

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख
ABHILEKHA

वर्ष १९ ❀ २०५८ ❀ पूर्णाङ्क १९

प्रधान सम्पादक
विष्णु कान्त शर्मा

सम्पादक
जगन्नाथ उपाध्याय

दुई शब्द

विगतमा जस्तै यस वर्ष पनि 'अभिलेख' को यो उन्नाइसौं अङ्क तपाईको हातमा परेको छ। जीवन एउटा निरन्तर चलिरहने प्रक्रिया भए झैं 'अभिलेख' ले पनि हालसम्म निरन्तरता पाएको छ। यस अङ्कले पनि देशको इतिहास, संस्कृति, पुरातत्त्व आदिका विषयमा प्रकाश पार्ने लेख रचनाहरू लिएर आएको छ। यस विशाल क्षेत्रमा 'अभिलेख' को यो सानो प्रयास हो तापनि सानो बिउवाट ठूलो वृक्ष वने झैं यसले सम्वन्धित क्षेत्रका जिज्ञासुहरूलाई मनग्ये सामाग्री प्रदान गर्ने कुरामा विश्वास लिइएको छ। यसको प्रकाशनका क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने अभिलेखालय परिवारका साथै लेख रचना दिइ सहयोग गर्नुहुने विद्वतजन एवं विज्ञ पाठकवर्गमा हार्दिक धन्यवाद सहित यस पटकलाई विश्राम।

विष्णुकान्त शर्मा
निमित्त प्रमुख
राष्ट्रिय अभिलेखालय

मितिः २०५८/६/१७

प्रकाशक
श्री ५ को सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशन मितिः- २०५८ साल आश्विन १७ गते

प्रकाशित प्रतिः- ५००

मूल्य रू.:- २५/-

मुद्रकः- एम.एस. अफसेट प्रेस
दुगंवहिल, न्यूरोड, काठमाडौं
फोन: २२३३५९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
१) अनुपान–मञ्जरी: एक परिचय	- डा. काशीराज शर्मा सुवेदी	१-११
२) चारढुंगे (प्यँग: थां) का नरसिंह	- तीर्थलाल न:घ:भनी, राजभण्डारी	१२-२६
३) प्रसिद्ध चार भगवती मूर्तिहरू: एक अध्ययन	- प्रकाश दर्नाल	२७-३६
४) सुन्दरानन्द वाँडाको मुद्राराक्षस नाटक: एक अवलोकन	- जगन्नाथ उपाध्याय	३७-४४
५) चार लोकेश्वर-मछिन्द्रनाथ: एक अध्ययन	- विष्णु कान्त शर्मा	४५-८१
६) तम्वतरथ्याको पर्यायमा तवलाछि टोल	- श्यामसुन्दर राजवंशी	८२-८६
७) भूमि सम्वन्धी तमसुक ताडपत्रहरू	- सिद्धिरत्न शाक्यभिक्षु	८७-९७
९) Conservation of Neel Patra Granthas	- Griha Man Singh	९८-१०२
१२) आर्थिक वर्ष २०५७/०५८ को वार्षिक गतिविधि		१०३-१०४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुपान-मञ्जरी: एक परिचय

✍ डा. काशीराज शर्मा सुवेदी *

आयुर्वेद अनादिकालदेखि मानव लगायत सबै प्राणीहरूको स्वास्थ्यको रक्षा एवं तिनीहरूलाई कष्ट दिने रोग-व्याधिहरूको उपचारमा संलग्न महत्त्वपूर्ण विद्या हो । मानव-समाजका लागि यसको विशेष महत्त्व आयुर्वेदको महत्त्ववारे प्रस्तुत पुराण तथा काव्यहरूका विभिन्न सूक्तिहरूबाट व्यक्त भएको पाइन्छ ।[१]

आयुर्वेदको विशाल क्षेत्रलाई व्यवस्थित रूपमा विकसित पार्न पछि त्यसका आठ अङ्गहरूको विभाजन गरियो । ती आठ अंग कार्यचिकित्सा, कौमारभृत्य, भूतविद्या, शालाक्य, शल्य, अगदतन्त्र, रसायन र वाजीकरण हुन् ।[२] ती अङ्गहरूको विभाजनको आधार रोगका कारण, रोगद्वारा प्रभावित हुने अङ्ग, उपचारको परिणाम, सम्वन्धित व्यक्तिको अवस्था आदिलाई वनाइएको छ । आयुर्वेदका आठ अङ्गहरूमा अगदतन्त्र रोग र मृत्यु दुवैको कारण बन्ने विषहरूसंग सम्बन्धित छ । वनस्पति, जीवजन्तु र खनिज रूपमा पाइने प्राकृतिक विषका साथै तिनीहरूको मिश्रणबाट तयार हुने कृत्रिम विषहरूको दुष्प्रभाववाट मानिसहरूलाई जोगाउने र दुष्प्रभाव भई विभिन्न लक्षण देखिएका रोगीहरूको रोग निको पार्ने उपाय तथा कामबारे अगदतन्त्रमा अध्ययन गरिन्छ ।[३]

आयुर्वेदका कार्यचिकित्सा र शल्यबाहेक अरू सबै छ अङ्गहरूका विषयवस्तुहरू आज उपलब्ध केही प्राचीन संहितामा संकलित सामग्रीका रूपमा मात्र पाइन्छन् । ती संहिताहरूमध्ये सबैभन्दा बढी सुश्रुतसंहितामा त्यसपछि अष्टाङ्गसंग्रह र अष्टाङ्गहृदयमा अगदतन्त्रको सामग्री पाइन्छ । उपलब्ध सामग्रीबाट त्यस समयमा अगदतन्त्रका छुट्टाछुट्टै ग्रन्थहरू भएको संकेत पाइन्छ । तर तीमध्ये आज कुनै पाइँदैनन् । अगदतन्त्रको विषय पछिका आयुर्वेदसम्बन्धी ग्रन्थहरूमा एक दुई अध्यायमा सीमित भएको पाइन्छ ।

आयुर्वेदमा रसशास्त्रको प्रभाव वढेपछि पहिलेको विषहरू स्थावर एवं जंगम विषको रूपमा विभाजनका ठाउँमा महाविष र उपविषको रूपमा वर्गीकरण चर्चामा आउने गरेको छ ।[४]

---

*उपप्राध्यापक: नरदेवी क्याम्पस, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयुर्वेद अन्तर्गत रहेको औषधि निर्माणको प्रक्रियामा रसशास्त्रको प्रवेशले नयाँ क्रान्ति पनि भएको छ । प्राचीन संहिता ग्रन्थहरूमा स्थावर विष अन्तर्गत वनस्पतिको रूपमा पाइने विषहरूको र जीवजन्तुबाट हुने विषहरूको मात्र उपचारको वर्णन बढी पाइन्छ । खनिज विषहरूको दुष्प्रभाववारे त्यहाँ पाइने सामग्री नगण्य छ । रसशास्त्रमा पहिलो पटक खनिज धातु तथा उपधातुहरू शुद्ध नगरी, मारण नगरी औषधिको रूपमा प्रयोग गर्न नहुने, त्यसो गरेको खण्डमा अनेक घातक रोगहरू उत्पन्न हुनसक्ने कुरा स्पष्ट रूपमा जनाइएको छ ।[५] साथै ती खनिजहरूको शोधनको काममा प्रयोग गरिने विभिन्न वनस्पति तथा प्राणिज पदार्थहरूको उल्लेखद्वारा विषको प्रभाव नष्ट गर्ने द्रव्यहरूको पनि संकेत गरिएको छ [६] ।

रसशास्त्रको परम्परालाई अंगाली विषहरूलाई चारवर्ग अन्तर्गत राखी तिनीहरूको दुष्प्रभाव हटाउने उपायहरू वर्णन गर्ने क्रमवद्ध ग्रन्थ एउटा अनुपानमञ्जरी नामको राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । यसको लगत संख्या पं. ३१०८ आयुर्वेद अन्तर्गत विषय संख्या १० छ । यसको माइक्रोफिल्म रील संख्या A २१३/१५ छ । नेपाल राष्ट्रिय पुस्तकालबाट अभिलेखालयमा आएको यो पुस्तक देशी कागजमा देवनागरी लिपिमा लेखिएको छ । २३ x १०.५ से.मी. साइजको ८ पत्रमा टुंगिएको यो पुस्तक चार प्रकरणमा बाँडिएको छ तर शुरूदेखि अन्तसम्म जम्मा १०० श्लोकमात्र क्रमबद्ध रूपमा छन् । ग्रन्थको उपसंहारका आधारमा यो पूर्ण नै छ । यसको प्रारम्भ यस प्रकार गरिएको छ –

"॥श्रीगणेशाय नमः॥ यस्य ज्ञानमयी मूर्ति सच्चिदानन्दकारिणी ।

तत्पादपङ्कजं बन्दे ग्रन्थसम्पूर्णहेतवे॥"

ग्रन्थसमाप्तिमा – "श्रीरामकृष्णाय नमः ।" मात्र छ ।

पहिलो प्रकरण– १६ श्लोकसम्म छ । त्यसपछि–

"इत्यनुपानमञ्जर्यां धातुविकारशान्तिप्रकरणं नाम प्रथमः

समुद्देशः ।" लेखिएको छ । यस प्रकरणमा सुन, चाँदी, तामो, राङ्, सीसा, पित्तल, फलाम, काँस यी धातुहरूबाट उत्पन्न विकारहरू निको पार्ने औषधिहरूको वर्णन गरिएको छ ।

दोस्रो प्रकरण ३८ श्लोकसम्म छ । त्यसपछि "इति अनुपानमञ्जर्यां उपधातुविकार शान्तिप्रकरणं नाम द्वितीयः समुद्देशः ।" छ । यस प्रकरणमा उपधातु अन्तर्गत पर्ने पारद, हरिताल, अभ्रक, मनःशिला आदि खनिजहरूको विषको उपचारमा उपयोगी औषधिको वर्णन पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो प्रकरण ६१ श्लोकसम्म छ । त्यसपछि– "इत्यनुपानमञ्जर्यां स्थावरविषोपशान्तिप्रकरणं नाम तृतीयः समुद्देशः ।" भन्ने वाक्य छ । यसमा स्थावर विष अन्तर्गत पर्ने अफीम, धतुरो, भलायो, रक्सी, कोदो, करवीर, आँक आदि विषहरूको दुष्प्रभाव हटाउने उपायहरू छन् ।

चौथो प्रकरण ग्रन्थको अन्तसम्म छ । त्यहाँ– "इत्यनुपानमञ्जर्यां जंगमविषशान्तिप्रकरणं नाम चतुर्थः समुद्देशः ।" भन्ने वाक्य छ । यस प्रकरणमा जंगम विष अन्तर्गतका सर्प, बौलाहा कुकुर, बिच्छी, माउसुली आदि विषालु जीवहरूको टोकाइबाट हुने विषप्रभावको उपचार बारे चर्चा गरिएको छ ।

ग्रन्थको आदिदेखि अन्तसम्म कतै ग्रन्थको लेखक अथवा लेखनकालबारे केही लेखिएको छैन ।

विषहरूको वर्गीकरण गरी क्रमशः प्रत्येक विषको उपचारको वर्णन गर्नु यो लेखकको प्रतिभाको संकेत हो । साथै ठाउँ-ठाउँमा दिएका उपमाहरूको प्रयोगले रसिक स्वभावको अनुमान गर्ने ठाउँ छ ।[७] ग्रन्थको भाषामा शब्दहरूमा पाइने अशुद्धता र छन्दोभंगले विषयलाई क्लिष्ट बनाएको छ । अन्यथा विषयवस्तुको व्यापकता, संयोजन, वर्णनशैली आदि हेर्दा ग्रन्थ निकै उपयोगी छ ।

ग्रन्थको विषयवस्तु यस प्रकार छ–

श्री गणेशलाई नमस्कार छ । सत्, चित्, आनन्दस्वरूप र ज्ञानकी मूर्ति देवीको चरण-कमलामा ग्रन्थ पूरा होस् भनी प्रणाम गर्दछु ।

म धातु, उपधातु एवं स्थावर र जंगम विषको शान्तिबारे वर्णन गर्ने अनुपानमञ्जरी ग्रन्थ लेख्दैछु ।[८] ॥२॥

यस पुस्तकमा शोधन-मारण गरी भष्मको रूपमा पुगेका र त्यो विधि नपुगेका धातु[९]हरूको, वनस्पतिको रूपमा पाइने स्थावर विषहरूको, जीवजन्तुमा हुने विष तथा उपधातु[१०]हरूको सेवन तथा सम्पर्क आदिबाट हुने रोगहरू निको पार्ने उपायहरूको वर्णन छ ॥३॥

सुनको दोषमा–
जसले हर्रोको चूर्णमा मिस्री मिसाई तीन दिनसम्म खाएमा सुन कच्चा अवस्थामा खाएर भएको रोग त्यसरी नै हराउँछ जसरी सूर्य उदाएपछि अन्धकार हराउँछ । ॥४॥

चाँदीको दोषमा–
हर्रोको चूर्णमा मह र सख्खर मिसाएर तीन दिनसम्म खाएमा चाँदी अशुद्ध र काँचो (राम्रो पाकेर भस्म नभएको) अवस्थामा खाँदा भएको रोग निको हुन्छ ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाग दोषमा–

वनव्रीहि (धनियाँ)को चूर्णमा मिस्रीको चूर्ण मिसाई तीन दिनसम्म खान दिएमा काँचो नागभस्मको सेवनबाट हुने रोग जान्छ ॥६॥

हेमा ( ) र हरीतकीका साथ मिस्रीको चूर्ण समभाग मिसाई तीन दिनसम्म खान दिएमा नाग (सीसा) धातुको विकार अवश्य जान्छ ॥७॥

वंग धातुको दोषमा–

मेषश्रृंगी औषधिलाई चूर्ण वनाई मिस्रीको चूर्ण त्यसमा मिसाई तीन दिनसम्म खान दिएको खण्डमा वङ्ग (राङ्) धातुको दोष हराउँछ ॥८॥

आर (पित्तल) धातुको दोषमा–

सुकमेलको धुलोमा मह र सख्खर मिसाई तीन दिनसम्म खान दिएमा पित्तल धातुको दोष जान्छ ॥९॥

त्रिधातुको दोषमा–

विहान उठेर दिनदिनै (केही दिनसम्म= ३-५ दिन) त्रिफलाको चूर्ण सेवन गर्ने गरेमा त्रिधातु अर्थात् नाग, वङ्ग र यशद (जस्ता) यी धातुहरूको दोष हराउँछ ॥१०॥

फलामको विकारमा–

निशोथको चूर्णमा सैन्धवको (सिधे नून) चूर्ण मिसाई तातो पानीसंग खान दिए । फलाम अशुद्ध र अपक्व अवस्थामा खाँदा हुने रोग निको हुन्छ ॥११॥

– दुवोको रसमा मह मिसाएर खान दिएमा फलामको दोष निको हुन्छ ॥१२॥

– सेतो दुवोको रसमा मिस्री मिसाई खान दिएमा तीक्ष्ण लोहको (तर्वार वनाउने फलाम) दोष जान्छ ॥१३॥

मण्डूरको दोषमा–

हर्रोको चूर्णमा मह मिसाई तीन दिनसम्म खान दिएमा अपक्व मण्डूरको (किट फलाम) दोष जान्छ ॥१४॥

पङ्गुको ( ) विकारमा–

पाकेको दारिमको रस खान दिनुपर्छ ॥१५॥

काँसको विकारमा–

पाकेको अमिलीको फल पानीमा मिची त्यसको शर्वत खान दिनुपर्छ ॥१६॥

अनुपान मञ्जरीमा धातुहरूको विकार शमन गर्ने
प्रकरण भएको पहिलो समुद्देश पूरा भयो ।

(२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पारदको दोषमा–

शुद्ध गन्धक उचित मात्रामा प्रयोग गर्नुपर्छ ॥१॥

शुद्ध गन्धक दुई माषाको (२ ग्राम) मात्रामा पानको पातमा राखी खान दिनुपर्छ ॥२॥

दाख, कुभिण्डो, तुलसी, शंखपुष्पी, ल्वाङ्, दालचीनी, नागकेशर र गन्धक शुद्ध समान भागमा मिसाई बनाएको चूर्ण १ तोलाको मात्रामा दूधसंग खान दिनुपर्छ ॥३॥

पारदको दोषबाट शरीरमा दाह आदि हुँदा पानको रस, भृंगराजको रस, तुलसीको रस र वाखाको दूध सबै मिसाई पकाएर शरीरमा दल्ने र त्यसपछि चीसो पानीले नुहाउने गर्नुपर्छ ॥४॥

हरितालको दोषमा–

– जीराको चूर्णमा सख्खर मिसाई सात दिनसम्म खान दिनुपर्छ ॥५॥

– कुभिण्डोको रस, दुरालभाको रस प्रयोग गर्नुपर्छ ॥६॥

– राजवृक्ष र चिराइतोको क्वाथ तीन दिनसम्म खान दिनुपर्छ ॥७॥

मनःशिलाको दोषमा–

– दूधमा मह मिसाएर तीन दिनसम्म दिनुपर्छ ॥८॥

– गाइको दूध र घ्यू खान दिनुपर्छ ॥७॥

– ल्वाङ् र बोझोको धुलो बनाई खान दिनुपर्छ ॥८॥

अभ्रकको दोषमा–

सुकेको अमला पिनेर पानीमा घोली १ तोला मात्रामा तीन दिनसम्म खान दिनुपर्छ ॥९॥

स्वर्णमाक्षिकको दोषमा–

– गहत पकाएको झोल खान दिनुपर्छ ॥१०॥

– दारिमको (अनार) फलको बोक्रा पिनी शर्बत बनाई खान दिनुपर्छ ॥११॥

शिलाजित्को दोषमा–

मरिचको धुलोमा गाइको घ्यू मिसाई, सात दिनसम्म खान दिनुपर्छ ॥१२॥

संखियाको दोषमा–

– लुँडेको रसमा मिस्री मिसाई खान दिनुपर्छ ॥१३॥

– खयर, गाइको दूध र मिस्रीमा मिसाई खान दिनुपर्छ ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रसकर्पूरको दोषमा–

धनियाँको गेडा पानी राखी पिनेको लेदो पानीमा घोली मिस्री मिसाई खान दिनुपर्छ ॥१५॥

नीलो तुथोको दोषमा –

ज्यामीरको रस ३ दिनसम्म खान दिनुपर्छ ॥१६॥

मुर्दासंगको दोषमा–

– गाइको घ्यू र मिश्री मिसाएर खान दिनुपर्छ ॥१७॥

– अनारको रस दिनुपर्छ ॥१८॥

मोती, मूँगा र हीराको दोषमा–

गाईको दूधमा घ्यू, मह सख्खर मिसाई खान दिनुपर्छ ॥१९॥

अनुपानमञ्जरीमा उपधातुहरूको विकार शमन गर्ने
प्रकरण भएको दोस्रो समुद्देश पूरा भयो ।

(III)

अफीमको दोषमा–

– वृहती (बिंही) र कण्टकारीको रसका साथ गाईको दूध १ पल मात्रामा प्रयोग गर्नुपर्छ ।

– वोभो, सिंधे नून, कृष्णमज्जा (पिप्ला ?), मदनफल यी सबैको चूर्ण वनाई मिसाएपछि तयार भएको योग मनतातो पानीसंग खान दिनुपर्छ ।

– शुद्ध टंकण (स्वाग), शुद्ध नीलो तुथो दुवैको मिश्रणलाई गाईको घ्यूमा मिसाई खान दिनुपर्छ ।

धतुरोको विषको प्रभाव भएमा –

(क) भण्टाको वियाँको रस १ पल मात्रामा खान दिनुपर्छ । तत्काल आराम हुन्छ ।

(ख) कपासको बियाँ र फूल पानीमा पकाई खान दिनुपर्छ ।

(ग) तातो पानीमा नून राखी खान दिनुपर्छ ।

(घ) गाइको दूध १ प्रस्थ (८ माना=४ ली.) मा १ माना (५०० ग्राम) चीनी मिसाई खान दिनुपर्छ ।

वत्सनाभको विषमा–

पटवर्णास्यवृक्षको (?) रस १ पलको मात्रामा लिई त्यसमा मिस्री मिसाएर दिनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भलायोको दोषमा–

(क) शिरीषको बियाँ र मेघनादको (लुँडे) साग पिनी त्यसमा नौनीघ्यू मिसाई जिउमा दल्नुपर्छ । फोका उठेको, सुनिएको सञ्चो हुन्छ ।

(ख) देवदारू, सर्स्यूं, मोथे यी तीन थरिलाई पिनेर बनाएको लेदो जिउमा लेप गर्नुपर्छ ।

(ग) नौनीघ्यू, तिल र दूध अथवा सख्खर र घ्यूको लेप गर्नुपर्छ ।

श्रृंगी विषको असर भएमा–

गाइको दहीमा सुठोको चूर्ण मिसाएर खान दिनुपर्छ ।

गुञ्जाको (राती गेडी) विषको असर भएमा–

– लुँडेको पञ्चाङ्गको रसमा मिस्री/चीनी मिसाएर खान दिनुपर्छ ।

– दूध प्रशस्त खान दिनुपर्छ ।

मद्य अर्थात् रक्सी चढेको खण्डमा–

खजूर, दाख, भक्याम्लो, दाडिम, फालसा, अमला यी सबै अथवा कुनै एक - दुईको रसका साथ मह मिसाएर खान दिनुपर्छ ।

सुपारी खाँदा लागेको बेलामा–

– चीसो पानीमा मिश्री मिसाएर खान दिनुपर्छ ।

– मह- सख्खर (चीनी) मिसाएर दिनुपर्छ

कोदो खाएर लट्ठ भएकोमा –

– चीसो पानी खान दिनुपर्छ ।

– कुभिण्डोको रसमा गुड (सख्खर) मिसाएर दिनुपर्छ ।

करवीरको विषमा–

भैंसीको दूध अथवा दहीमा मिश्री मिसाएर खान दिनुपर्छ ।

अनुपानमञ्जरीमा स्थावर विषको शमन गर्ने प्रकरण भएको तेस्रो समुद्देश पूरा भयो ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्पको विषमा –

(क) वन्ध्याकर्कोटकीको जरालाई बाखाको मूत्रमा भावना दिएपछि काँजीमा घोटी पिउन दिनुपर्छ ।

(ख) लज्जावतीको जरा हातमा बाँध्ने र त्यसलाई पिनेर जिउमा लेप गर्ने गरेमा सर्पसंग डराउनु पर्दैन ।

(ग) त्रिफला, चन्दन, कुष्ठ, मादक (मदनफल) यी सबैको मिश्रण घ्यूमा मिसाई खाने र शरीरमा लेप गर्ने गर्नाले सर्प आदिको विष शमन हुन्छ ।

(घ) हींगका साथ वोभ्फोको चूर्ण हात-गोडामा लेप गरी सर्पलाई हातले समाएको खण्डमा सर्पले टोक्दैन ।

(ङ) गोजिह्वा (गावजवान), फलिनी (दैकाम्लो), इन्द्रवारूणी र त्रिपर्णिका (चरिअमिलो) यी मध्ये कुनै यौटा पिनी पानीमा मिसाएर खान दिनुपर्छ ।

बौलाहा कुकुरको विषमा–

– वोभ्फोको धुलो आगोमा राखी घाउमा त्यसको धुवाँ पार्नु पर्छ ।

– मरिचको चूर्ण घ्यूमा फेटी लेप गर्नुपर्छ ।

– कुखुराको सुलीको लेप गर्नुपर्छ ।

– आँकको दूधमा तिलको तेल र गुड मिसाएर टोकेको ठाउँमा लेप गर्नुपर्छ ।

– घ्यूकुमारीको पातभित्रको गुदीमा सिंधे नून मिसाई तताएर मनतातो अवस्थामा खान दिनुपर्छ । तीन दिनमा विष हराउँछ ।

– तिलको पिना, तिलको तेल, गुड तथा आँकको दूध समान भाग मिसाएर खान दिनुपर्छ ।

बिच्छीको विषमा–

हींग अथवा आँकको दूध बिच्छीले टोकेको ठाउँमा लेप गर्नुपर्छ ।

वाणपुष्पको (सैरेयक) रस र लुँडेको पञ्चाङ्गको रसमा शख्खर मिसाएर खान दिनुपर्छ ।

माउसुलीको विषमा–

त्रिकटु (सुठो, मरिच, पिप्ला), सैजन, करञ्जको (पाङ्ग्रो) वीज, वेसार, चुत्रोको जरा, काउसोको बियाँ यी सबैको मिश्रण पानीमा घोली पिउन र लेप गर्न दिनुपर्छ ।

छेपाराको (सरट) विषमा–

आँकको जरोको चूर्ण चीसो पानीसंग खान दिनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुसाको विषमा

(क) वाणपुष्पको रस (नीलसैरेयक) १ पलमा मिस्री मिसाई विहान उठेपछि खान दिनुपर्छ ।

(ख) माथिवाट झरेको सेतो खालको मुसोको विष कडा हुन्छ । त्यो खसेको ठाउँ (शरीरको अंग) गाँठो हुन्छ, त्यसको असरवाट मृत्यु पनि हुन सक्छ ।

कानमा खजुरो पसेको खण्डमा–

कानमा गहुँत राख्नुपर्छ ।

तिलको तेल टोकेको ठाउँमा दल्नुपर्छ ।

छुचुन्द्रोको टोकाइमा– काँजी पिउन दिनुपर्छ ।

अशुद्ध पानीबाट रोग भएमा– मण्डूर भस्म खान दिनुपर्छ ।

उडुसले टोक्ने ठाउँमा–

आँकको कपासको बत्ती बनाई त्यसलाई तोरीको तेलमा भिजाई वत्ती वाल्नुपर्छ । उडुस भाग्छ ।

मुसा आदिले सताएमा–

भलायो, मोथे, काउसोको बियाँ, शाल धूप र सर्स्यूको चूर्ण मिसाई वनाएको मिश्रण आगोमा धुवाँ आउने गरी राख्नुपर्छ ।

जुम्रा (केशमा) पर्दा–

पानको रसमा पारो घोटी सफा कपडामा लेप गरेपछि त्यो कपडा कपालमा बाँध्नु पर्छ ।

मनः शिला, गन्ध, गोमूत्र र विडङ्गको चूर्ण तोरीको तेलमा मिसाई लेप गर्नुपर्छ ।

विषको उपचारमा विशेष–

क) सबै किसिमको विषमा पहिले वमन त्यसपछि विरेचन गराउनु राम्रो हुन्छ ।

(ख) विषको असर भएको वेलामा – तिलको तेल, अमिलो खाना खाने र वढी सुत्ने गर्न दिनु हुँदैन ।

(ग) त्यस बेलामा असल चामलको भात, घ्यू र दूध खान दिनुपर्छ ।

(घ) कुन विष हो भन्ने निधो नभएको वेलामा पनि मिश्री, मह, दूध, घ्यू खान दिनुपर्छ ।

अनुपानमञ्जरीको जंगम विषको शान्तिको प्रकरण

भएको चौथो समुद्देश पूर्ण भयो ।

॥ श्री रामकृष्णलाई नमस्कार छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्दर्भहरू:-

१. अन्यानि शास्त्राणि विनोदमात्रं प्राप्तेषु वा तेषु न तैश्च किञ्चित् ।
चिकित्सितज्यौतिषमन्त्रवादाः पदे पदे प्रत्ययमावहन्ति ॥

(कल्पतरू)

२. "ततोऽल्यापयुष्टूं अल्पमेघस्त्वं चालोक्य नराणां भूयाऽष्टधा
प्रणीतवान् । तद्यथा- शल्यं, शालाक्यं, कायचिकित्सा,
भूतविद्या, कौमारभृत्यं, अगदतन्त्रं, रसायनतन्त्रं, वाजीकरण
तन्त्रमिति ॥"

– सुश्रुतसंहिता, सू १/६-७

३. "अगदतन्त्रं नाम सर्पकीटलूतामूषकादिदष्टविषव्यञ्जनार्यं
विविधविषसंयोगोपशमनार्थञ्च ।"- सुश्रुत सं., सू. १।७।(६)

४.क) "जङ्गमस्थावरायां तद् यौनौ व्रह्मा न्ययोजयत् ।
तदम्वुसम्भवं तस्माद् द्विविधं पावकोपमम् ॥

– चरकसंहिता, चि. २३/४

(ख) "श्रृङ्गीकं कालकूटञ्च वत्सनाभं सकृत्रिमम् ।
पित्तं च विषवर्गोऽयं सवरः परिकीर्तितः ॥"
"लाङ्गली विषमुष्टिश्च करवीर जया तथा ।
नीलकः कनकोऽर्कश्च वर्गो ह्युपविषात्मकः ॥

–रसरत्नसमुच्चय, अध्याय १०।८२, ८४

५. दोषहीनो यदा सूतस्तदा मृत्युज्वरापहः ।
शुद्धोऽयममृतः साक्षाद् दोषयुक्तो रसो विषम् ॥

– रसेन्द्रसारसंग्रह, अ. १।१३

"अशुद्धगन्धः कुरूते तु तापं कुष्ठं भ्रमं पित्तरूजां करोति ।
रूपं बलं वीर्य सुखं निहन्ति तस्मात् सुशुद्धो विनियोजनीयः ।"

– रसेन्द्र. सा.सं., अ. १।११८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. द्रष्ट्रव्य– रसेन्द्रसारसंग्रह, अ. १।८९-१०१ ।

७. सितायुक्तं हरीतक्याः क्षोदं खादेद् दिनत्रयम् ।
तस्य सौवर्णशान्तिः स्यात् यथा भानूदये तमः ॥

– अनुपानमञ्जरी, श्लो. ४

८. "धातुस्तथोपधातुश्च विषं स्थावरजङ्गमम् ।
तस्य विकारशान्त्यर्थं वक्ष्येऽनुपानमञ्जरीम् ॥" श्लो. २ ।
"अपक्वपक्वधातूनां विषदंष्ट्रेण भक्षणात् ।
तथोपधातूनां तद्वत् विकारशान्ति कथ्यते ॥" श्लो. ३ ।

९. स्वर्णं रूप्यं च ताम्रं च रङ्गं यशदमेव च ।
सीसं लोहं च सप्तैते धातवो गिरिसम्भवाः ॥

– धन्वन्तरिनिघण्टु/मिश्रकारिवर्ग ८७ श्लो.

१०. "सप्तोपधातवः स्वर्णमाक्षिकं तारमाक्षिकम् ।
तुत्थं कांस्यं च रीतिश्च सिन्दूरञ्च शिलाजतु ॥

–त्यही, ८८ श्लो.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चारढुंगे (प्यँग: थां) का नरसिंह

✍ *तीर्थलाल न:घ:भनी, राजभण्डारी**

काठमाडौं महानगरपालिका अन्तर्गत एउटै नाउको दुईवटा टोल छन् । त्यो टोलका नाम हुन् "चारढुंगे" । नेवारी भाषाबाट "प्यँग: थां" भनिन्छ । यी दुईवटा मध्ये एउटा वडा नं. १ अन्तर्गत नक्साल तीन दोबाटोको बीचैमा अवस्थित छ । नक्साल भगवती मन्दिरवाट पश्चिम आउँदा नन्दिकेश्वर महादेवस्थानबाट पूर्व जाँदा र कुमारी स्थान कमलपोखरीवाट उत्तर आउँदा दोभान मै पर्दछ ।

पहिले यहाँ चारपाँच फुट चौडाईको एक खाल्डो थियो । साथै तीन चारफुट जति गह्रिराई थियो । त्यहाँ साना प्रस्तरका बसाहा र अन्य ढुंगा तथा कसिंगरहरू थिए । बीचमा एउटा शिलापनि थियो । त्यहाँ स्थानीय बासिन्दाहरूले पूजा आजा गर्दथे । कुन देवताका नामवाट पूजा गरिन्थ्यो थाहा छैन ।

त्यस खाल्टाका चारकुनामा अन्दाजी चार पाँच इन्चका प्रस्तरका खम्बा ठडयाइएको थिए । तीनफुट जति जमीन मुनी र छ सात इन्च सडक भन्दा माथि आएका थिए । माथि टुप्पोमा गोलाकार गरी बुट्टा कुँदेको छ । यसैलाई नै "चार ढुंगे" भनी पुकारी आएको छ ।

यो चारढुंगे (प्यँग:थां) खाल्दो मूल सडकको बीचमै जस्तो परेकोले सवारी साधन चलाउन निकै अप्ठेरो मात्र नभई कहिले काहीँ खेल्न गएका बालबच्चा समेत खसी दुर्घटना हुने हुँदा चार ढुंगेको टुप्पोमात्र देखिने गरी ढुङ्गाराखी छोपिएका वा पुरिएका थिए । पछि सडक मर्मत गरी पीच गर्दा उक्त चार ढुंगेको प्रतिक निशानासम्म देखाएको छ छैन थाहा भएन । अथवा याद भएन । जेहोस् यो चार ढुंगे सन्दर्भमा यथा स्थानमा गइ विशेष अध्ययन अन्वेषन गर्न बाँकी नै छ ।

यस्तै अर्को चार ढुंगे वडा नं. २८ अन्तर्गत वलाछि टोलमा अवस्थित छ । न्हायकंतला उग्रतारा मन्दिरबाट पश्चिम वांगेमुढा थायमदु सत्तलदेखि पूर्वको ठीक बीचमा सडककै छेउमा पर्दछ । पहिले अन्दाजी पाँच छ फीट चौडाइएको खाल्डो थियो । सडकदेखि डेढ

---

* *अनुसन्धाता: न: घल, काठमाडौं*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुईफिट गहिराई थियो । बीचमा सिंहका शीर आकारको एउटा ढलौटे मूर्ति छ । यसका दायाँबायाँ स-साना प्रस्तरका सिंहहरू छन् । मूर्तिका पछाडिपट्टि कलात्मक शिलाका तोरण छ । वायाँपट्टि एउटा सानो गोलाकार कालो शिला गाडेको छ । यसलाई कुमारी भनी पूजी आएको छ भने सिंहकार मूर्तिलाई नरसिंह भनी पुकारी आएका छन् ।

यही खाल्डोका चार सूरमा चारैवटा छ सात इन्च चौडाइका प्रस्तरका खम्वा गाडिएको छ । जमीन मुनी दुई फुटमाथि पाँचफीट समेत गरी सात फीट जति उचाइ तथा लम्वाई देखिन्छ । माथि टुप्पोमा गोलाकार गरी अली तल फूलमालाका आकार जस्तै वुट्टा कुँदिएको छ । यसैलाई नै चारढुंगे (प्यंगः थां) भनी पुकारी आएका हुन् ।

यो चारढुंगे स्थित नरसिंहको मन्दिर छैन । साथै भद्रकाली गुह्येश्वरीको जस्तै छत चँदुवा पनि छैन । दायाँबायाँ वि.सं. १९५९ मा र २०१५ मा चढाएको ठूला दुईवटा घण्टा र चारैतिर दियो वाल्न ढलौटका पालाहरू घेराउ दिई सजाएको छ । खुल्ला आकाश छ ।

पछि स्थानीय एक सज्जनले चार सूरमा चारवटा फलामे पाइप ठडाई त्यसमाथि पित्तलका पाताको छाना चढाएका थिए । यसले मन्दिरको आकार वनेको थियो । तर गजूर छैन । वीचमा खुल्ला नै थियो । गुह्येश्वरीको जस्तै पित्तलकै चारवटा साना नाग राखिएको थियो । साथै कुमारीलाई साना छाना छाई सिंगारेको थियो । यसको अभिलेख पढ्न नपाएकोले यहाँ दिन सकिएन ।

पहिले नरसिंह देवता सडकभन्दा केही उचाईमा अवस्थित थियो । सडक मर्मत सम्भार गर्दागर्दै होचाइमा पर्न गएको हो । दिनानुदिन एक खुड्किला झरी अर्को खुड्किला मुनीकालाई पूजा गर्नुपर्छ । पूजा अर्चना गर्नमात्र असजिलो होइन । सालिआना सडकको निकास बन्द भएमा दुषित फोहर पानी भरी मूर्ति पुरिन्छ । साथै यस टोलवाट श्रीकुमारीको रथ यात्रा हुन्छ । रथका पाँग्रा धसी जात्रानै अवरोध हुने हुन्छ । यसउसले नरसिंह देवतालाई माथि उकास्ने सवैको धारणा थियो । तर कसैको हिम्मत र शाहस तथा आँट छैन ।

अवसर सवैको आउँदो रहेछ । यस देवताको पनि अवसर आयो । यही गएको २०५७ साल चैत्र तिर यसै २८ वडाका अध्यक्षज्यूको अध्यक्षतामा "श्रीनरसिंह आजु जीर्णोद्धार समिति" स्थापना भयो । वडाको र श्रद्धालु भक्तजनको आर्थिक सहयोग तथा स्थानीय वासिन्दाको सहभागितामा मन्दिर निर्माण भयो । नेपाली परम्परा तथा पुरानै शैलीमा दाछि ईंटाले कलात्मक भव्य सुन्दर नयाँ मन्दिर वनाइयो । साथै मूर्ति कुँदिएको टुँडाल तथा तोरण समेत राखि पित्तलको छाना छाई मनमोहक वनाइयो । अपितु विकासको संरचनावाट पुरातात्त्विक संरचना न्हास गरायो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दिर निर्माण गर्नु अगावै एक संयोजक नयाँ मन्दिरको टुँडालमा अष्टमातृकाको मूर्ति कुँदी राख्न हुन्छ, हुँदैन भनी सल्लाह लिन आउनु भएको थियो। सिंहाकारको मूर्तिलाई नरसिंह आजु भनी पुकारी पूजन गरी आएको छ। साथै मांस, मदिरा सम्हेवजी चढाउने मात्र होइन हाँस, कुखुरा, बोका तथा राँगा बली समेत दिई आएको छ। यस तथ्यवाट उक्त मूर्ति कुन हो ? नरसिंह आजु हुन् कि नरसिंह अजीमा हुन ठम्याउन सकिएको छैन।

साथै यस देवताको जात्रा चैत्र कृष्ण चतुर्दशी तथा पिशाच चतुर्दशीका दिन गरिन्छ। यो जात्रा कहिलेदेखि चली आएको हो र कसले चलाएका हुन् थाहा हुन सकेको छैन। त्यस जात्राको पुरानो खट बलाछि टोल न्हूवहालका नाइके स्व. जोगवीर सिं स्थापितले राखेको देखिन्छ। यसको अभिलेख तलमाथि परेकोले यहाँ दिन सकिएन। उक्त खट ज्यादै पुरानो तथा जीर्ण भएकोले त्यसलाई मासेर जात्रा खलकको सहभागिताले नयाँ खट वनाई राखेको देखिन्छ। नाइके स्व. जोगवीर सिंह स्थापित ने. सं. १०१८ (वि.सं. १९५५) ताकाका हुन्। यस आधारवाट उक्त देवताको जात्रा १०४ वर्षमात्र पुरानो हो भनी वुझीन आएको छ। यो भन्दा पुरानो अभिलेख प्राप्त हुन आएमा पछि विचार गरिने छ।

अर्को कुरा। जात्रा गरिने मूर्ति दुईवटा छन्। एउटा साधारण खालको पातलो सानो तामाको छ भने एउटा ढलौटको कलात्मक भव्य सुन्दर मूर्ति छ। ती मूर्तिहरू कसले कहिले राखेका हुन थाहा हुन सकेको छैन। त्यसमा अभिलेख छ छैन सो पनि ज्ञान हुन सकेको छैन। जात्रा सम्वन्धित तथा मूर्ति जिम्मा लिने व्यक्तिसंग धेरैपटक सोधपुछ तथा अनुरोध गर्दा पनि अभिलेख हेर्न पाइएन र सही तथ्य कुरा पनि पाउन सकिएन। यसउसले यस सम्वन्धमा अहिलेसम्म अनभिज्ञ नै भइरहेको छ।

चैत्र कृष्ण चतुर्दशीका दिन बिहानदेखि दिन भरी मन्दिरमा सम्हेबजी चढाई पूजा गरिन्छ। बेलुका द्यःछेँ (देवघर) बाट जात्रा गरिने मूर्ति खटमा राखी जात्रा गरी मन्दिरमा राख्न ल्याइन्छ। यसलाई नेवारी भाषामा "द्यः गमय् तयगु" भनिन्छ। भोलिपल्ट औंसीका दिन विहान भरी स्थानीय बासिन्दा तथा भक्तजनहरूको पूजा अर्चना गर्न घुईचो लाग्छ। हाँस, कुखुरा, बोकाको बलि पनि उत्तिकै दिइन्छ। मध्यान्नमा विधिवत पूजा गरी मलःजा खुवाइन्छ। बेलुका जात्रा गर्ने मुर्ति उठाई खटमा राखिन्छ। यसलाई द्यः थनेगु" भनिन्छ। मूर्ति खटमा राखी सकेपछि माथिल्लो टोलहरूमा जात्रा गरिन्छ। यसको भोलिपल्ट अर्थात चैत्रशुक्ल प्रतिपदाका दिन असनमा देउता जुधाउने दिन तल्लो टोलहरूमा जात्रा गरिन्छ। यसरी जात्रा गरिदा आफ्ना चेलिबेटिको घरमा पूजा थाप्न लाने चलन छ। जात्रा सकेपछि द्यःछेँ (देवघर) अगाडि स्वागत पूजा गरी देवघरमा भित्र्याइन्छ। यसलाई "द्यःदुकायगु" भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"मल:जा" को अर्थ बुझ्न सकिएको छैन । यसको अन्वेषण अध्ययन गर्न वाँकी नै छ । तर दुइजना विद्वान नेवारी संस्कृतविद् भन्नेहरूले "मल:जा" को अर्थ "कुमोजा" भनि लगाएको छ । "कुमोजा" को अर्थ कुमार कुमारी (वालवालिका) लाई पूजा गरी भोजन गराउने हो । साथै यो कुमोजा खुवाएपछि नेवार समुदायको वालवालिकालाई "अन्नप्राशन" (पास्नी) गर्नु पर्दैन भन्ने धारणा पनि प्रस्तुत गरिएको छ । यो विल्कुल अशुद्ध र गलत धारणा हो ।

किनभने चण्डी पाठ गर्दा, पुरश्चरण गर्दा, सांगेमा कुमारी पूजा गरी भोजन गराउनु भनी धर्म ग्रन्थहरूमा लेखिएको पाइन्छ । यसमा कुमार भोजन गराउनु भनी उल्लेख गरेको पाइदैन । साथै यो मल:जा खुवाउने प्रचलन काठमाडौं शहरमा मात्र छ । अन्यथा अरू कुनै कतै ठाउँमा प्रचलन छैन । यस उसले उपरोक्त अर्थ र धारणा सही र सत्यको रूपमा मान्न सकिदैन ।

मल:जा खुवाउन देवघरमा चामल बफाई भात पकाइन्छ । नेवारी भाषामा "हाजा" भनिन्छ । यसैसाथ मासको दाल, केराउको दाल, रहरको दाल, मस्यां, सिमी, वोडी, हरियो साग तथा मासु उसिनी पकाइन्छ । नून अलि अलि हाली साँधिन्छ साथै भटमास, स-साना गरी काटेको अदुवा पनि साँधिन्छ । यसमा बराहको मासु आवश्यक छ भन्ने सुनिन्छ । हो होइन ज्ञात छैन । मल:जा घ्याम्पोमा र अरू स-साना भ्युँटमा राखी विधिवत पूजा गरिन्छ । अनि बाजा बजाई जात्रा गरी मन्दिरमा ल्याइन्छ ।

मन्दिरमा जात्रा गरिने मूर्तिको अगाडि दायाँ तर्फ "थापिं" (जाँडको भाँडो) अन्ति (रक्सीको भाँडो) खायू (दहिका पाला) देछ्ायपा (मासुको पाला) धौपति (दहिका सानापाला जोडी) सुकुन्दा (दियो) साथै बायाँ तर्फ लंपिचा (सम्हेबजी) मोहनी र कालो थापेको पाला स्थापना गरिन्छ । अनि जाँड खसी सम्हेबजी र चतांमरी (चामल पिठोको रोटी) चढाई जात्रा गुठीका थकाली नाइकेले विधिवत पूजा गरिन्छ । कर्माचार्य बज्राचार्य तथा दीक्षितहरूले मन्त्रोचारण गरी पूजा गरिन्छ । यिनीहरू तन्त्राधिकारी नभएकाले कोश पूजा गरिन्छ । यो तान्त्रिक पूजा नै हो भन्न सकिन्छ ।

यो पूजा गरून्जेल मल:जा खाने वालबच्चाहरू आ-आफ्ना स्थान ओगटी लहरै वसी सकेका हुन्छन् र सानातिना बालबालिकालाई आमा दिदी फुपुहरूले बोकी बसेका, बच्चाहरूको पछाडि उभीराखेका हुन्छन् । बच्चाहरू वर्ष देढवर्षदेखि पाँच छ वर्षसम्मका हुन्छन् । वच्चाहरूलाई मल:जा खुवाएपछि भूतप्रेत, लागुभागु रून्चे लाग्दैन । कसैले विगारी आँखा लागेको रोग लाग्न सक्दैन । अन्यथा अरू रोग पनि हत्तपत्त लाग्दैन भन्ने जन धारणा र विश्वास छ । यसैकारणले बच्चाहरूलाई मल:जा खुवाउन लैजाने गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपरोक्त पूजा सकेपछि लहरै वसीरहेका बच्चाहरूका अगाडि भूमि लिपिन्छ । साथै हात धुन पानी पनि दिइन्छ । त्यसपछि प्रत्येक बालकलाई टीका लगाइन्छ । टीका लगाई सकेपछि देवीस्थानदेखि पात ओछ्याउँदै ल्याइन्छ । टीका लगाएका बच्चालाई मात्र पात दिइन्छ । पहिले विशेष किसिमको पात प्रचलनमा थियो भने हाल सालको पात प्रयोगमा ल्याएको देखिन्छ । पात ओछ्याएपछि त्यस पातामा मलजा दिइन्छ । देवतालाई एक एक मुठी राखिन्छ । बच्चाहरूलाई एक एक चिम्टि मलजा (अलिअलि) राखिन्छ । आधागाँस पनि पुग्दैन । कालो भटमास दुई दुई गेडा र अड्डुवा दुई दुई टुक्रा साथै दाल तुरूतुरू चुहाइन्छ । हरियो साग राखेपछि मलःजा खुवाउने प्रक्रिया सिद्धिन्छ । यसको साथै भक्तजन तथा सज्जनहरूले दुध खुवाउँछन् । कसैले चकलेट, विस्कुट, कापी, पेन्सील, पैसा आदि विभिन्न वस्तुहरू दिन्छन् । यति सकिएपछि मलःजा खुवाउने कार्य समाप्त हुन्छ ।

यस पूजा विधि प्रक्रियावाट यी देवता नरसिंह नभई नारसिंही हुन् भन्ने प्रतित हुन आउँछ । किनकि नरसिंह भन्दा भगवान विष्णुका एक अवतार हुन् । गार्ग्य प्रकाशन ललितपुरवाट प्रकाशित श्री गोपाल राजशर्माको संग्रह "स्तोत्रमाला" को १५ पृष्ठमा दशवतार स्तोत्रमा यसरी लेखेको छ ।

मत्स्य कुर्मो वराहश्च नरसिंहश्च वामन ॥
रामो रामश्च कृष्णश्च बुधः कल्की तथैवचः ॥

यस श्लोकवाट नरसिंह अवतार भगवान नारायण विष्णुको दशौं अवतार मध्ये चारौं अवतार हो भनी स्पष्ट बुझाएको छ । साथै सत्कर्म रत्नावली द्वितिय भागका १०६ पृष्ठमा वराह पुराणवाट उद्धृत गरी यसरी लेखिएको छ ।

आषाढे शुक्ल पक्षे तु एकादश्यां महातिथौ ॥
जयन्ती मत्स्यनाम्नीती तस्यां कार्य पुपोषणम् ॥
नभोमासि तृतीयायां हरिः कमठरूपधृक् ॥
नभस्ये शुक्ल पञ्चम्यां वराहस्य जयन्तिका ॥
वैशाखेतु चतुर्दश्यां नृसिंह समपद्यत ॥

यस श्लोकवाट भगवान हरिले बैशाख चतुर्दशीका दिन नरसिंह अवतार लिनु भएको छ भनी स्पष्ट बुझाएको छ । यस्तै बृहत पुरश्चर्यार्णव तृतीय खण्डको ४० पृष्ठमा काली विद्या प्रकरणको आवर्ण पूजा क्रममा यसरी लेखिएको छ ।

पद्माष्टदल मध्येतु ब्राह्मी नारायणी तथा ॥
माहेश्वरीच चामुण्डा कौमारी चापराजिता ॥
वाराही नारसिंही च पुन पत्राग्रमण्डले ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस उक्तिवाट नारसिंही सप्तमातृकाका एक मातृका हुन भनी वुझाएको छ। यसै पुस्तकको ९४ पृष्ठमा काली विद्या प्रकरणको आवरण पूजा क्रममा यसरी लेखिएको छ।

ब्राह्मी नारायणी चैव सत्ये महेश्वरी तथा

चामुण्डा चापि कौमारी तथा चैवापराजिता॥

वाराही नारसिंही च तथै इन्द्रायणी प्रकीर्तिता॥

यस श्लोकवाट अष्टमातृकाका एक मातृका नारसिंही हुन भनी वुझाएको छ। यिनले महालक्ष्मीको स्थान लिएकी छन्। यी श्लोकहरू अनुसार उक्त चार ढुङ्गेका सिंहाकारका देवता कुन हो स्पष्ट छैन।

उक्त उक्तीहरूको आधारमा मनन गरी हेर्दा दशअवतारको श्लोक अनुसार उक्त मूर्ति भगवान नारायण विष्णुको दशौं अवतार मध्यका चारौं अवतार नरसिंह हुन्। यिनीलाई मद्य, मांस, हिंसादि, यानि जाँड, रक्सी, मासु सम्झे इत्यादि तथा हाँस, कुखुरा तथा वोकाको वलि पूजा चल्दैन। सात्विकी पञ्चामृत पूजा मात्र चल्छ। तर यहाँ मद्य, मांस, हिंसादि चढाई पूजा गरी आएकोले यो मूर्ति नारसिंही (महालक्ष्मी) को हो भन्ने प्रतीत हुन आएको छ। यसकारण टुँडाल राख्न मूर्ति तथा देवता चिनेर मात्र राखिनु जाति होला। नरसिंह हुन् भने विष्णु सम्वन्धीको मूर्ति राखिनु उचित हुन्छ। नारसिंही हुन् भने अष्टमातृकाका मूर्ति कुँदेको राखिनु राम्रो हुने छ भनी आफ्नो धारणा प्रस्तुत गरेको थिएँ। अतः नयाँ मन्दिरमा अष्टमातृकाका मूर्ति कुँदेकै टुँडाल राखिएको बुझिन्छ।

यो चारढुंगेका मूर्ति नरसिंहका हुन कि नारसिहींका हुन् भन्ने दुविधा अहिले मात्र भएको होइन पहिले देखि नै थियो। पूजा विधिले शंका माथि झन् शंका थपिएको थियो। सो दुविधा तथा शंका निवारण गर्न निकै खोज नीति तथा अन्वेषण गरियो। टोलका वुढापाकाहरूसंग सम्पर्क राखी सोधखोज गर्दा यथोचित जवाफ पाइएन। जात्रा गुठी खलहरूसंग पनि सोधपुछ गर्दा चित्तबुझ्दो उत्तर कसैले पनि दिएन। व्यक्ति पिच्छे विभिन्न धारणा मात्र उपलब्ध भयो। जसबाट निराकरण गर्न ठोस स्रोत भेटिएन। साथै सम्मुख पाटीमा बेलाबखतमा लालाखिं, पछिमा, ढोलक, कोंचाखिं बजाई विभिन्न रागमा गीतगाई भजन गरिन्थ्यो। सो भजन गीतको थ्यासफू पनि हेर्न पाइएन। शिलालेख पनि भेटाउन सकिएन।

भाग्यवश उक्त देवस्थल जीर्णोद्धार गरी नयाँ मन्दिर निर्माण गर्ने नक्सा पाटीमा टाँगिएको देखियो। सो नक्सा कसले लेखेको ? कसले टाँगिएको हो थाहा हुन सकेन। मन्दिरमा टुँडाल राख्ने विषयमा कुराकानी भएपछि मात्र सम्पूर्ण कुरा विदित हुन आयो। अनि आफ्नो मनको धोको पुग्ने भयो भन्ने ठानी देवस्थल भत्काउने वेलामा खवर गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुरोध गरेको थिएँ। खबर गर्ने आश्वासन पनि पाएको थिएँ। तर चालै नपाइकन भत्काइसकेको थियो।

त्यस स्थलबाट झिकीएका चारवटा लामा प्रस्तरका खम्वा सडक छेउ तेर्साई राखेका थिए। चारवटा खम्वा मध्ये एउटामा अभिलेख कुँदेको पाइयो। अर्को दुईफुट लम्वाईको भाँचिएको र अरू दुई टुक्रा भाँचिएको समेत तीन टुक्रा गल्ली तर्फ तेर्स्याई राखेको थियो। त्यसमध्ये एउटा सध्येमा अभिलेख कुँदेको भेटियो। पछि मूर्तिका पछाडिको तोरणमा पनि अभिलेख कुँदेको साथै सिंहाकार ढलौटका मूर्तिमा पनि अभिलेख कुँदेको देखियो।

उक्त अभिलेखहरूको पाठ पढ्दै थिए। स्थानीय व्यक्तिले श्री ऐश्वर्यधर शर्माज्यूलाई बोलाई ल्याएछ। दुबै जना मिली अभिलेख पढी पाठ उतारे। सोको फोटोकपि गरी एक कपी संयोजकलाई दिइयो। यस बेला ढलौटको मूर्ति यथास्थानवाट उप्काएको थिएन।

केही दिन पछि उक्त मूर्ति यथास्थानबाट झिकी खाल्टो पुरी सकेको देखियो। कुन दिन मूर्ति झिकियो पत्तै पाइएन। सोदेखि संयोजकसंग सोधपुछ गर्दा तीनफीट जति गहिराई खन्यौं। केही भेटिएन। तर यी तीनवटा भेटिएको छ भनी देखाइयो। एउटा छ सात ईन्च लामो एउटै शिलामा चार नारायणको अस्पष्ट मूर्ति भएको आधा भाग अरू गजुर आकारका शिलाको टुक्रा र अरू एक टुक्रा पनि देखाए। त्यो शिला के हो ठम्याउन सकिएन। साथै कालो टीका (मोहनी) थापेको पाला एउटा देखाएका थिए।

यतिमात्र हुँदै हुँदैन। किनभने कुनै देव देवता स्थापना गर्दा गर्भमा अर्थात जगमा मूल देवताको मूर्ति स्थापना गर्ने प्रचलन छ। ठूला हुन् या साना हुन् प्रतिस्थापना गर्ने परम्परा थियो। त्यो सुनका, चाँदीका, फटिकका तथा शिला र माटाका जेसुकैको हुन सक्छ। पूर्णकद, अर्धकद अथवा शीर मात्र भएपनि स्थापना गरिन्छ। मूर्ति नभए सम्वन्धित देवताको मन्त्राङ्कित यन्त्र अवश्यमेव हुन्छ। यसलाई प्राण प्रतिष्ठा गरी जीव दान दिएपछि द्रव्य अन्नले पुरिन्छ। अनि माटाले पुरिन्छ। त्यसमाथि आफूले इच्छाएको मूर्ति स्थापना गरिन्छ। यस उसले यहाँपनि केही न केही हुनुपर्थ्यो। तर संयोजकज्यूले यो कुनै छैन भनी जिद्दी कस्नु भयो। आफूले उत्खनन गरी हेर्ने कुरै आएन। त्यसकारण धेरै सम्झाए पछि पित्तलका मूर्ति भित्र गिलो चिसो माटाको डल्लो छ, त्यही हो कि भनी देखाउन माथि लग्नु भयो।

माथि ढलौटका मूर्ति सुरक्षित स्थानमा राखिएको रहेछ। त्यहाँबाट मूर्ति झिकी अरूले थाहापाई हुल गर्ला भन्ने दर्शाई चिसो माटोको डल्लो निकाली देखाउनु भयो। औंलाले कोटचाई हेर्दा शिला भेटियो। माटो पन्छाई हेर्दा दुईटुक्रा भई फुटेको सिंहाकारका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुर्ति देखियो। थुतुनोको टुक्रा हराइसकेको रहेछ। माटो पुछी हेर्दा मूर्ति केही स्पष्ट देखियो। तर यो मूर्ति जग अथवा गर्भमा राखिएको नभई प्रतिष्ठा गरेको मूल मूर्ति नै देखिन आएको छ। माटो लतपती सकेको साथै टुटफुट भई सकेकोले अभिलेख छ छैन याद गर्न सकिएन तथा देखिएन। यसकारण यो मूर्ति कति पुरानो हो ज्ञात हुन सकेन।

उक्त मूर्ति ठूलो ढुंगामा चारवटा प्वालपारी डन्डी राखी माटोले छोपी बीचमा राखेको छ। त्यसमाथि ढलौटको मूर्तिले छोपी चारवटा नट (दिम्री) कसी राखिएको छ। त्यस ढलौटको मूर्तिमा अभिलेख यसरी कुँदिएको छ।

सम्वत् १००९ मिति सिल्हागा १४ स बलाछि टोल

स श्री ३ नरसिंह देवतायास्त लिलया मुक दोहल

पा दानपति वलाछि तोलया थापित लक्ष्मीध (र)

वलाछि तोलया स्यलालिक धिरविरसिंह निह्नसेन

दुन्ता जुलो। शुभं।

यस अभिलेखको भावार्थ यसप्रकार छ नेपाली सम्बत् १००९ वि.सं. १९४६ फाल्गुण कृष्ण चतुर्दशी (शिवरात्री) का दिन बलाछि टोलका श्री नरसिंह देवलाई पित्तलको मुकुट (मुकुण्डो) चढाएँ। दान पत्ति बलाछिटोलका थापित लक्ष्मीधर र बलाछिटोलाका सिलालिक धिरवीरसिंह दुबै जनाले चढाएको हो।

यस अभिलेखबाट मूर्ति चढाएको ११२ वर्ष मात्र भयो।

यो भन्दा पहिले त्यही फुटेको मूर्तिलाई नै पूजन गरी आएको देखिन्छ। यस अभिलेखबाट देवता पनि भगवान विष्णुका चारै अवतार नरिसंह हुन भनी चिनीयो। साथै माथि ढलौटका मूर्ति भनी वर्णन गरी आएकोमा पित्तलका हुन भन्ने पनि स्पष्ट हुन आएको छ।

यो शिला मूर्ति तीन टुक्रा भई कसरी फुटयो ? कसले फुटाले थाहा हुन सकेको छैन। यसको किम्वदन्ती तथा घटनाक्रमका कथाहरू पनि सुन्नमा आएको छैन। हुनत स्वामी महाराज श्री ५ रणबहादुर शाहका पालामा यस्ता धेरै मुर्तिहरू फुटालेका थिए। ने.सं. ९१२ वैशाख ताका स्वयम्भुका हारतीको मूर्ति पनि चुर्णाभूत गरी फुटालिएको थियो। यसैताका यी मूर्ति पनि फुटालिएका हुन् कि भनी अनुमान गर्न सकिन्छ। परन्तु मूर्ति फुटालिएको ९० वर्ष पछि मात्र पित्तलका मूर्ति राखी फुटेका मूर्ति छोपिएको देखिन्छ। यसबाट अलि होइनकि भन्ने शंका लाग्छ। किनभने चारसुरमा राखिएको प्रस्तरका एक खम्वामा यसरी अभिलेख कुँदेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभ सम्वत ९८९ मिति श्री माघ १५ स श्रीनरसिंह
देवताया अग्रस तओकुनस च्वनगु लोहखंव
जीर्णजुल मिति कउलाथ्व छस आजुया लोह खंव
न्हुलगु दयका ओ जीर्णोद्धारयाना जुल । जेष्ट वला
छि तोलया स्यलालिक हर्सिंध (न) नोको सिंहधन
नरसिंह, तनरसिं, सिंहधन जितमान प्रमुखन जुल
उज्ञ ३२ स्यन थ्व लोहया खंव द्वहलपा जुल शुभं
मंगलम् भवतु सर्वदाकालं शुभं ॥

यस अभिलेखको भावार्थ यस प्रकार छ – शुभ नेपाली सम्वत् ९८९ वि.सं. १९२६ माघ पूर्णिमाका दिन श्री नरसिंह देवताको अगाडि कुनाको प्रस्तरका खम्वा जीर्ण भयो । मिति आश्विन शुक्ल षष्ठिका दिन आजु (श्री) का प्रस्तरको खम्वा नयाँ बनाइ राखी जीर्णोद्धार गरियो । जेठा बलाछि टोलका सिलालिक हर्सिंधन दोश्रो सिंहधन, नरसिंह, तनसिंह, सिंहधन, जितमान आदि प्रमुख हुन अरू ३२ जनाले यो प्रस्तरका खम्वा चढाएको हो सदाकाल शुभमंगल होस् ।

यस अभिलेखबाट पहिले चढाएको खम्वा जीर्ण भएकोले नयाँ राखी जीर्णोद्धार गरेको देखियो । यो अभिलेख राखिनु अथवा खम्वा चढाएको २० वर्ष पछि मात्र पित्तलका मूर्ति राखिएको देखियो । यसमा मूर्ति फुटी जीर्ण भएको कुरा उल्लेख गरिएको छैन । यसताका मूर्ति फुटेको थिएन भन्ने अनुमान हुन्छ । यो भन्दा पहिले कलात्मक प्रस्तरका तोरण चढाएको छ । यसमा अभिलेख यसरी लेखिएको छ ।

श्री ३ नरसिंह देवतायात द्वहलपा, दानपति आला
छि तोलया महज्जन कुलओन्त भार्या धवर मति
पुत्र लक्ष्मीनल प्रमुखन भोछिसाया धर्म चित्त
जुयाओ श्री ३ नरसिंह देवतायात लोहया तोरन
तया सम्वत ९६७ मिति फागुण शुक्ल ४ न्हुश
प्रतिष्ठा याङाओ द्वहलपा जुलो ।

यस अभिलेखको भावार्थ यस प्रकार छ– श्री ३ नरसिंह देवतालाई चढायौं । दानपति बलाछि टोलका महर्जन कुलवन्त जहान धवरमति छोरा लक्ष्मीनल प्रमुख सबै परिवारको धर्म चित्त भएर श्री ३ नरसिंह देवतालाई प्रस्तरका तोरण चढाए । सम्वत् ९६७ (वि.सं. १९०४) मिति फाल्गुण शुक्ल ४ (चौथि) का दिन प्रतिष्ठा गरी चढाएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो अभिलेख खम्वा जीर्णोद्धार गर्नु भन्दा २२ वर्ष अधिका हुन् र ने. सं. ९१९ ताका मूर्तिहरू फोर्नु भन्दा ४८ वर्ष पछिका हुन् । यदि उसै वखत नरसिंहको शिला मूर्ति तोडिसकेको थियो भने तोरण साथ साथै नयाँ मूर्ति पनि स्थापना गरिन्थ्यो होला । जहाँमूर्ति फुटेको कुरासम्म उल्लेख गरिएको छैन । त्यसवाट पछिमात्र फुटेको हो भन्ने प्रतीत हुन आएको छ । सो मूर्ति फुटेपछि ढलौट (पित्तल) का मूर्तिले छोपी जीर्णोद्धार (प्रतिष्ठा) गरेका हुन भन्ने प्रष्ट हुन आएको छ ।

यहाँ एउटा कुरा विचारणीय छ । ने.सं. ९८९ वि.सं. १९२६ को अभिलेखमा "पहिलेको खम्वा जीर्ण भएकोले नयाँ खम्बा राखी जीर्णोद्धार गरियो" भनी उल्लेख गरिएको छ । उक्त जीर्ण भएको खम्वा कसले कहिले चढाएका हुन भनी मनन गर्नु पर्ने देखिन आएको छ । यसै सन्दर्भमा अन्वेषण गर्दा टुटीफुटी भाँचिएको दुइ हाते शिलास्तम्भमा अभिलेख कुँदेको पाइयो । यो माथि पनि उल्लेख गरी सकेको छ । उक्त खम्वामा अभिलेख यसरी लेखेको छ ।

शुभ सम्वत् १२ भाद्रव शुक्ल द्वित्तिया शुक्र
बार थ्व कुन्हु श्रीश्रीमहाराजा भूपालेन्द्र मल्ल
प्रभुथाकुरस्य विजय राज्य महर्जन रूफ्चन
पुत्र बाबुचन समुचयन दोहलपा जुरो ।शुभं।

यसको भावार्थ यसप्रकार छ नेपाली सम्वत ८१२ (वि.सं. १७४९) भाद्र शुक्ल द्वितिया शुक्रवारका दिन श्री श्री महाराजा भूपालेन्द्र मल्लको राज्यकालमा महर्जन रूपचन छोरा वावुचन सवैले चढाएको हो ।

यस अभिलेखमा कुन देवतालाई के चढाएको हो स्पष्ट छैन । तथापि शीला स्तम्भमा अभिलेख कुँदेकोले खम्वै चढाएका हुन् भन्ने प्रतीत हुन आउँछ । जहाँ प्रस्तरका सिंहाकारका मूर्ति छन् । सो मूर्तिलाई ने.सं ९६७ को अभिलेखबाट श्री नरसिंह भनी पुकारेकाले श्री नरसिंहलाई नै खम्वा चढाएका हुन् भन्ने प्रष्ट बुझिन आएको छ ।

श्रीनरसिंह देवतालाई खम्वा चढाउनु पनि तात्पर्य छ । यस प्रसंगमा विष्णुपुराणमा आधारित दश अवतार अन्तर्गत नरसिंह अवतारको कथा उल्लेख गर्न आवश्यक हुन आएकोले छोटकरीमा वर्णन गरिन्छ ।

"दैत्यराज हिरण्यकश्यपु शिवभक्त थिए । निजका छोरा प्रल्हाद विष्णु भक्त थिए । हिरण्यकश्यपुले तपका बलद्वारा "बिहान, दिउँसो, वेलुका, राती, मानिस, पशु पंक्षी जीवजन्तु, देवदेवी तथा शस्त्र अस्त्रबाट भित्र बाहिर आकाश भूमिमा मार्न नसकोस्" भनी वर प्रसाद प्राप्त गरेका थिए । यही अहमताले विष्णु द्रोही बनेर छोरालाई विष्णु भक्तिबाट वंचित गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठूलो प्रयाश गरे । केही सीप नलागेपछि रीसले चूर भई तलवार उचाली प्रल्हादलाई तेरा विष्णु कहाँ छन् देखा अहिले मारी दिन्छु भनी हप्काए । प्रल्हादले भगवान विष्णु जताततै विराजमान छन् भनी उत्तर दिए । यो खम्वामा पनि छ ? भनी देखाएर सोधे । छ भनी उत्तर दिनासाथ आफ्ना दलानका खम्वा दुई टुक्रा गरी काटी दिए । त्यही खम्वावाट भगवान नरसिंह अवतार प्रकट भएर दैत्य हिरण्यकश्यपुलाई बध गरेका थिए ।"

यही दृश्य पाटन मंगलबजार राज प्रासाद अगाडि कार्तिक दवुलीमा कार्तिक शुक्ल त्रयोदशीका दिन राजा सिद्धि नरसिंह मल्लले चलाएको कार्तिक नाचमा देखाइन्छ । हिरयण्यकश्यपु र प्रल्हाद दवुलीमा नाचीरहन्छन् । काठका चारकुने वाकसाकारको खम्वा कागजले मोरेर दवुलीमा ल्याइन्छ । नरसिंहलाई सेतो कपडाले छोपील्याई खम्वा भित्र राखिन्छ । वाहिर प्रल्हादले यस खम्वामा पनि छ भनी देखाउँछ । हिरण्यकश्यपले तरवार लम्काई खम्वा काट्न लम्किन्छ । त्यसैवेला कागज च्याटी खम्वा फोरी नरसिंह प्रकट हुन्छ र दैत्यसंग युद्ध गरी वध गरिन्छ । त्यसदिनको नाच पनि समाप्त हुन्छ ।

यस तथ्यवाट खम्वा भगवान विष्णुका अवतार नरसिंह प्रकत हुने वस्तु हुन भनी बुझिन्छ । यसै आधारमा नरसिंह मूर्ति जहाँ जहाँ छन् त्यहीँ त्यहीँ पछाडि प्रतीकका रूपमा खम्वा अंकित गरेका हुन्छन् । हनुमानढोका भित्र नासल चोकमा राजा प्रताप मल्लले स्थापना गरेका सुन्दर नरसिंह मूर्ति पछाडि प्रतीकको रूपमा खम्वा अंकित गरेका छन् । यस्तै भक्तपुर राजदरवारको मूल ढोकाको दायाँ बायाँ गणेश र नरसिंहको भव्य सुन्दर मूर्ति प्रति स्थापित गरेका थिए । त्यस नरसिंहको पछाडि प्रतीकको रूपमा खम्वा अंकित गरी राखेका थिए ।

यसै अनुरूप पाटन दरवारका मूल ढोकाको दायाँ वायाँ गणेश र नरसिंहका भव्य सुन्दर मूर्ति स्थापित गरेका थिए । केही वर्ष अघि कुन विद्वान् बुज्रुकका सल्लाह सुनी मूर्ति एता उता गरी फेरबदल गरिएको थियो । सिंगै गरेको भए केही हुने थिएन । मूर्तिमात्र हेरफेर गरेकाले ठूलो गल्ती हुन गएको थियो । नरसिंह प्रकट भएको प्रतीक खम्वा मुनी गणेशको मूर्ति पर्न गयो । मंगल प्रतीक छत्रमुनी नरसिंह मूर्ति पर्नगयो । यो विकृति तथा दुर्गती आजसम्मै यथावत नै छ । यस्ता भयानक गल्तीमा कसैको दृष्टि परेन भने ठिकै छ । विद्वान् धर्मभिरूहरूको दिव्यदृष्टि परेको खण्डमा समस्या पर्न आउँछ ।

यसै अनुरुप यहाँ पनि नरसिंहको मूर्ति छ । यही मूर्ति प्रादुर्भाव भएको खम्वा भएकोले प्रतीकको रूपमा चारसुरमा चारवटा खम्वा चढाएको हुन सक्छ । यो खम्वा चढाएको लगभग ३१० वर्ष भयो । परन्तु नरसिंह मूर्ति कतिवर्ष पुरानो हो ज्ञात छैन । यो मूर्ति कहिले कसले प्रतिष्ठा गरेको हो थाहा हुन सकेको छैन । यसको अभिलेख पनि अत्तोपत्तो छैन । साथै कुनै किम्वदन्ती जनश्रुति कथाहरू पनि उल्लेख भएको पाइएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छैन । जस्ले गर्दा अन्वेषण अनुसन्धान गर्न अप्ठ्यारो परिरहेको छ । कथंकदाचित कतैवाट अभिलेख प्राप्त हुन आएमा पछि विचार गरिने छ ।

यहाँ विचारणीय कुरा के छ भने भगवान विष्णुका अवतार नरसिंह भनी जानी वुझी सकेपछि त्यसलाई सात्विकी पूजा गरिनु पर्थ्यो । अपितु तन्त्रोक्त विधिवाट पञ्चमकार तथा पशुवली सहित मलःजा खुवाई पूजा अर्चना गरी आइरहेकै छन् । यो सर्वथा अनुचित तथा अव्यवहारिक क्रियाकलाप हो । यो तुरून्त निषेध गरी रोकिनु पर्ने हो । तर रोकिएन । जाना जान अथवा अनजानले नरोकिएको हो ज्ञात हुन सकेको छैन ।

परन्तु पञ्चमकार युक्त पूजा नरोकिनु तात्पर्य पनि हुन सक्छ किनभने नेवार समाजमा जुनसुकै पूजा अर्चना अधिकांश तान्त्रिक विधिले गरिने परम्परा तथा प्रचलन छ । साथै शुद्ध नेवार समाज शैव धर्मावलंवि शाक्त सम्प्रदाय हुन् । यस उसले विशेष पूजा अर्चना शक्ति प्रधान गरी गरिन्छ । जुनवेला यी नरसिंह मूर्तिको जात्रा चल्यो त्यसवेलादेखि विशेषगरी शक्ति प्रधान गरी तन्त्रोक विधि अनुसार पञ्चमकार सहित वलि प्रदान गरी मलःजा खुवाई पूजा अर्चना गरी आएको हुन सक्छ । यसं अतिरिक्त पहिले पहिले पनि पूजा अर्चना गरी आएका थिए भनी अनुमान गर्न सकिन्छ ।

यो सिंहाकारका मूर्ति विष्णुका एक अवतार नरसिंहका हुन् कि अष्टमातृकाका एक मातृका नारसिंही (महालक्ष्मी) हुन भन्ने चर्चा माथि परिसकेको छ । अतएव अष्टमातृकाका एक मातृका नारसिंहीका मूर्ति होइन भनी माथि प्रस्तुत गरिएका शिलालेखहरूवाट पुष्टि गरी सकेको छ । साथै नरसिंहका मूर्ति हुन भनी भजनका गीतहरूवाट पनि निक्यौल गरिसकेको छ । तापनि शक्ति प्रधान गरी पूजा आजा गरी आएका छन् । यो अन्वेषणको विषय वनेको छ ।

तथापि भगवान विष्णुका अवतार नरसिंह भनी पुष्टि भइसके तापनि पञ्चमकार युक्त पूजा किन गर्दै आएका हुन भन्ने सन्दर्भमा मनन गरी हेर्दा स्व. धन शम्सेर जवराले प्रकाशन गरेको वृहत पुरश्चर्याणव प्रथम खण्डको २७ पृष्ठ मा दशमहाविद्या दशावतार सम्वन्धी मण्डमाला तन्त्रवाट उद्धृत गरी यसरी लेखेको छ ।

> कृष्णस्तु कालिका साक्षाद राम मूर्ति तारणी ॥
> वराहो भूवना प्रोक्ता नृसिंहो भैरवीश्वरी ॥
> धुमावती वामनस्या छिन्ना भृगु कुलोद्भव ॥
> कमला मत्स्य रूपः स्यात कुर्मस्तु वगलामुखी ॥
> मातङ्गी वौद्ध इत्येषा षोडशी कल्कि रूपिणी ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस श्लोकवाट कालीले कृष्ण, ताराले राम, भूवनाले वराह, भैरवीले नरसिंह, धुमावतीले वामन, छिन्नमस्ताले परशुराम कमलाले मत्स्य, वगलाले कुर्म, मातङ्गीले बौद्ध र षोडशीले कल्की अवतार लिए भनी स्पष्ट वताएको छ । यसै सन्दर्भमा भारत गीता प्रेश गोरखपुरवाट प्रकाशित शक्ति अंक भाग ९ संख्या १-२ का ४२४ पृष्ठमा महाभागवतको आधारमा लेखिएको "शिवजीका राधावतार" भन्ने रचनामा यसरी लेखेको छ ।

श्रीपार्वतीजी कृष्ण रूपमे तथा शिवजी श्री राधारूप मे प्रकट हुआ"

यस वाक्यवाट उपयुक्त श्लोक अनुसार कालीले कृष्ण अवतार लिएको पुष्टि हुन आएको छ । साथै स्व. धन शम्सेर जवराले लेखेको कामकला रहस्य भन्ने पुस्तकको २७ पृष्ठमा सर्वोल्लास तन्त्र षोडशोल्लासवाट उद्धृत गरी यसरी लेखिएको छ ।

स्वलिङ्गं करवीरेणु संस्थाप्य पुरूषोतम ॥
राधिकाऽभून्महादेवं श्रृगारन्द हे तवे ॥
प्रकृतिर्लक्षणंयद् यत् शिखिपुछरे महेश्वरी ॥
आत्मयोनि मिमाज्ञात्वा स्वमृर्ध्वं धर यदहरि ॥

यस उक्तिवाट "आफ्नो लिङ्ग करवीर पुष्पमा लुकाई महादेव (महेश्वर) ले राधाका रूप र आफ्ना योनी मयूरका प्वाँख तथा अपराजिता पुष्पमा लुकाई पावर्ती (माईश्वरी) ले कृष्ण रूप धारण गरे भनी वताएको छ । यस भनाईवाट कालीले कृष्णका अवतार लिएको हो भनी पुष्टचाई गरेको छ। साथै वृहत् पुरश्चर्याणव प्रथम खण्डको १९ पृष्ठमा दशमहाविद्या विषय शक्ति सङ्गम तन्त्रवाट उद्धृत गरी यसले लेखेको छ ।

काली तारा छिन्नमस्ता सुन्दरी वगला रमा ॥
मातङ्गी भूवनेशानी सिद्धविद्यां च भैरवी ॥
धूमावती च दशमी महाविद्या दश स्मृता ॥

यस श्लोकवाट दशमहाविद्याको एक महाविद्या भैरवी हुन् भनी वताएको छ । यी दश महाविद्या कसरी प्रादुर्भाव भयो भन्ने विषयमा "शाक्त दर्शन" भन्ने पुस्तकको १९२ पृष्ठमा यसरी लेखेको छ ।

ततः क्रुद्धा महाकाली घोररूपमकल्पयत् ॥
ततो भयेन भूतेस पलायन परोऽभवत् ॥
तं धावमानं गिरिसं दृष्टा दाक्षायणी सती ॥
माभै माभै रिति गिराया पलायात्युवाच सा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथा प्येवं पलायन्तं न निवृतं विलोक्य ह ॥

दशमूर्ति वभौ देवी दश दिक्षु शिवे क्षिता ॥

यस श्लोकको केही व्याख्या भारत गीता प्रेस गोरखपुरवाट प्रकाशित कल्याण शक्ति अंक वर्ष ९१ संख्या १ को पृष्ठ संख्या २६० मा यसरी गरेको छ ।

दक्षप्रजापतिने यज्ञमे शिवजीको आमन्त्रित नही किया । सतीने उस यज्ञमे जानेकी अनुमति मागी शिवने उन्हे जाने से रोका । सती अपने निश्चय पर अटल रही । शिवको उग्र दृष्टिसें देखने लगी । क्रोधाग्निसे दग्ध शरीर महाभयानक उग्र दीखने लगी देवीका यह स्वरूप महादेवके लियै भयप्रद और प्रचण्ड था देवी के इस विकराल रूप देखकर शिव भाग चले । भागते हुए रूद्रको दशौं दिशाओमे रोक्नेके लिए देवीने दश देवीको प्रकट क्रिया । देवीकी ये स्वरूपा शक्ति यही दशमहाविद्या है । जिनके नाम है काली तारा, छिन्नमस्ता धुमावती वगलामुखी कमला त्रिपुर भैरवी भुवनेश्वरी त्रिपुरा सुन्दरी और मातङ्गी

यस श्लोक तथा आख्यानबाट पार्वती सतीले दश दिशाको दश रूपधारण गरेकी हुन् र यिनीलाई दश महाविद्या भनेका हुन् भनी स्पष्ट बताएको छ । यस महाविद्या सवै तन्त्रमा गोप्य छन् भनी काली तन्त्रमा उल्लेख गरिएको छ । साथै वृहत् पुरश्चर्यार्णव प्रथम खण्डको १६ पृष्ठमा वाडवानलीय तन्त्रबाट उद्धृत गरी यसरी लेखिएको छ ।

प्रतिङ्गिरा कालरात्री योगशी सिद्ध भैरवी ॥

एता वहु विधायुक्ताः सर्व विद्योत मोक्तमा ॥

उत्तराऽम्नाय पीठस्था श्चतुर्वर्ग फलप्रदा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथा

कामेशी ललिता बाला महात्रिपुर सुन्दरी ॥

त्रिपुरा भैरवी श्वेता उर्ध्वाम्नायसमाश्रिता ॥

यस श्लोकहरूबाट भैरवी उत्तराम्नाय तथा उर्ध्वाम्नाय हुन भनी बताएको छ। यसरी उत्तर तथा अर्ध्वो (आकाश) दिशाको अधिष्ठातृ नायिका भैरवीले नरसिंह अवतार लिएकी हुन् भनी स्पष्ट बुझिन आएको छ। यस उसले सिंहाकार मूर्तिलाई शिलापत्र तथा गीतले नरसिंह नै पुकारी आए तापनि उत्तर तथा आकाश दिशाकी अधिष्ठातृ नायिका देवी भैरवी कै भावनाले नेवारी परम्परानुसार पञ्चमकार सहित बली प्रदान गरी पूजा अर्चना गरी आएका हुन भन्नुमा अत्युक्ति नहोला।

साथै नघलका महामात्य नवमीसिंह भण्डेल (नःघः भनी, राजभण्डारी) ले रचना गर्नुभएको तन्त्र चिन्तामणि पुस्तकको २३ पृष्ठमा द्वितिय प्रकाशको दशमहाविद्याका क्रममा यसरी लेखेको छ।

उपासना त्रिधा प्रोक्ता श्रेष्ठा तं तुसात्विकी ॥

यस्याञ्च मानसौ पूजा जपौ मुख्यतमौ स्मृतौ ॥

राजसो दक्षिणो मार्गः प्रतिमायाञ्च पूजनम् ॥

वाहयोपचारै पुष्पाद्यैस्तदा ध्यानं विशिश्यते ॥

तामसो पासनं प्रोक्तं पीठादौ बलिदान तः ॥

वाममार्गेण तच्चाद्यं वर्ण हित्वा प्रशस्यते ॥

यस उक्तिवाट पूजा तीन प्रकारवाट गरिन्छ। सात्विकी पूजा, मानसले, राजसी पूजा दक्षिण मार्गीले मूर्ति पूजासहित गरिन्छ। तामसी पूजा पीठ आदि स्थानमा पञ्चमकार युक्त बलिदान दिई वाममार्गीले गरिन्छ भनी स्पष्ट बुझाएको छ। सोही अनुरूप व लाछि टोलका महर्जन सिलालिक थापितहरूले पनि पञ्चमकार सहित बलिदिई तन्त्रोक्त विधिले तामसी पूजा गरी आएकोले वाममार्गी हुन र शैव धर्मावलंवी शाक्त सम्प्रदाय हुन भनी स्पष्ट देखिन आएको छ। यी कुरालाई शिलाभिलेख तथा पूजा क्रियाक्रमले पनि पुष्टि गरेको छ। तथापि बुद्ध धर्ममा पनि उत्तिकै अगाध श्रद्धा राखी पूजा अर्चना गरी आएका छन्। यसरी धर्म समन्वय तथा सहिष्णुता राखि आएकोले नेपालको धर्म एकताका द्योतर्क हुन भन्नुमा अतिशयोक्ति नहोला। अस्तु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसिद्ध चार भगवती मूर्तिहरू: एक अध्ययन

✍ प्रकाश दर्नाल *

नेपालमा सप्तमातृका, गजलक्ष्मी, श्री लक्ष्मी तथा महिषमर्दिनीका मूर्तिहरू प्राचीनकालदेखिनै प्रचलित भएको पाइन्छ । मातृकाका थुप्रै मूर्तिहरू काठमाडौं उपत्यकाका मालिगाउँ, जयबागेश्वरी, कीर्तिपुर, बल्खु, कमलादी गणेश तथा वगलामुखी मन्दिरमा पाइएका छन् । त्यस वाहेक छरिएर रहेको मूर्तिहरू पनि पाइन्छन् । वालाजुको हारती, हौगल वहालको मातृका र हाँडीगाउँस्थित कोटाल टोलको मातृका मूर्तिकलाको दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण छन् । यी मूर्तिहरू इ.सं. दोश्रो तेश्रो शताब्दीताकाको मानिन्छ । श्रीलक्ष्मीको प्राचीन दुई मूर्ति मध्ये एउटा टेराकोटाको मूर्ति इ.पू. पहिलो शताब्दीको तिलौराकोट्वाट प्राप्त भएको छ भने अर्को प्रस्तरको हाँडीगाउँ दथुटोलस्थित कृष्ण मन्दिरको वाहिर पेटीमा ज्यादै उपेक्षित अवस्थामा थियो । इ.सं. दोस्रो शताब्दी मानिएको यो मूर्ति सर्भेक्षणको सिलसिलामा असुरक्षित देखिएकोले मिति २०५३/२/२४ मा राष्ट्रिय संग्रहालय, छाउनी लगियो । गजलक्ष्मी (इ.सं प्रथम शताब्दी) को मूर्ति चाहीँ पाटनको नायहिटी खपिन्छे कोथुलाछीमा छ । यहाँ चर्चा गर्न खोजेको महिषमर्दिनी भगवतीको प्राचीनतम मूर्ति हालसम्म एउटै हाँडीगाउँको धन गणेश मन्दिरमा भेटिएको छ । यो मूर्तिको चार हात मध्ये पछाडिको दायाँ हातले महिषलाई भाला रोपेको र बायाँ हातले ढाल समातेको देखिन्छ । अगाडिको दायाँ हातले चाहीँ महिष (राँगो) को ढाड थिचेको र वायाँ हातले त्यसको थुतुनो माथितिर फर्किने गरी च्यापेको देखिन्छ । महिषको पछाडिको दुई खुट्टा र घुम्रेको पुच्छर स्पष्ट देखिन्छ । महिष मर्दिनीको वायाँतर्फको कुममा कपडाको सप्को लत्रेको छ । कपालको सज्जा चाहीँ नायहिटीको गजलक्ष्मी, कोटालटोलको मातृका तथा वालाजुको हारती भ्रै छ । यसैले गर्दा यो मूर्तिलाई लैनसिंह वाङ्गदेलले इ.सं. को तेश्रो शताब्दीको मानेका छन् ।[१]

मार्कण्डेय पुराणको देवी महात्म्यमा विभिन्न मातृका देवीहरू जस्तै महिषमर्दिनी,

* *पुरातत्त्व अधिकृतः पुरातत्त्व विभाग*

१. वाङ्गदेल, लै. सि.– १९८२-दि अर्ली स्कलप्चरस अफ नेपाल-विकास पब्लिसिङ्ग हाउस, न्यू दिल्ली ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चामुण्डा र मातृकाहरूको उल्लेख पाइन्छ । महिषमर्दिनीलाई महिष नामक असुरबाट रक्षा गर्ने शक्तिको रूपमा प्राचीनकालदेखि अद्यापि पूजा गर्ने चलन रहेको छ । महिषलाई दुष्टता र मृत्युको संज्ञा दिइएको छ ।

अमरकोष अनुसार महिषमर्दिनीलाई पार्वतीको स्वरूप मानेको छ । मूलरूपमा यिनी अनार्य भए पनि आर्य मतमा यिनलाई महिष, मुण्ड, चण्ड, सुम्भ, निशुम्भ जस्ता राक्षसहरू नष्ट गर्ने देवीको रूपमा परिणत गरिएको पाइन्छ ।[२]

पलाञ्चोक भगवती मन्दिरको प्राङ्गणको पूर्व तर्फ हाल सरस्वती र गणेशको मूर्तिहरू राखिएको आसनमा मानदेवको समयको इ.सं. ५०२ को सम्राट गृहपतिको पत्नी विजयस्वामिनीले राखेको लिच्छविकालीन अभिलेख छ ।[३]

सम्वत् ४२५ माघशुक्लपौर्ण्णमास्याम् अस्यान्दिवसपूर्व्वायां भट्टारक–महाराजश्रीमानदेवस्य

साग्रं वर्षशतमाज्ञापयतः सम्राडगृहपतेस्पत्न्या विजयस्वामिन्या प्रतिष्ठापिता देवी भगवती विजयेश्वरी

संवत ४२५ माघ शुक्ल पूर्णिमाको दिन भट्टारक (गद्दीनशीन) महाराज श्रीमानदेवले शयभन्दा बढी वर्षसम्म (लामोकाल सम्म) आज्ञा गरिरहनु भएको वेलामा सम्राट गृहपतिकी पत्नी विजयास्वामिनीले भगवती विजयश्वरी देवीको प्रतिष्ठा गरियो ।

अभिलेखमा स्पष्ट भगवती विजयेश्वरी देवीको स्थापना गरिएको उल्लेख छ । तर यसै अभिलेखलाई आधार मानेर अहिलेको १८ हात भएको महिषमर्दिनी मूर्तिलाई मदनमोहन मिश्रले, लिच्छवि शासनको प्रादुर्भाव भएपछि बनेको होला भनेका छन् ।[४] ध्रुवकृष्ण दीपले पनि यस मूर्तिलाई १४०० सय वर्ष भन्दा बढी समयको भनी उल्लेख गरेका छन् ।[५] कान्छा कुमार कर्माचार्यले यो प्रस्तर मूर्तिलाई लिच्छविकालीन कलाको अनुपम नमूनाको परिचायक मानेका छन् ।[६]

काठमाडौं इटुम्बहालको मदनरामको इ.सं. १३८१ को शिलालेख अनुसार पलाञ्चोकको

२. गुप्ता, आर. एस.– १९७२– आंइकोनोग्राफी अफ दि हिन्दूज, वृद्धिष्ट एण्ड जैनस्– डि.वि. तारापोर वाला सन्स् एण्ड कं. प्रा. बम्वई, पृ. ५५/५६

३. वज्राचार्य, ध. व. २०३०– लिच्छविकालका अभिलेख–नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि. काठमाडौं ।

४. मिश्र, म.मो. – २०२३–राष्ट्रिय मूर्तिकला–साझा प्रकाशन, पुल्चोक–पृ. ३४-३६

५. दीप, धु. कृ.– २०५२–हाम्रो संस्कृति, हाम्रो ढुकुटी–साझा प्रकाशन, पृ. ६२

६. कर्माचार्य, का. कु.–२०३५–पलाञ्चोक भगवती हाम्रो दृष्टिमा–नेपाल वर्ष ८, अंक ४–सूचना विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डाँडोको किल्लाभित्र श्री त्रिपुरेश्वरी सिद्ध पीठ र त्यही श्री मदनेश्वर स्थापना गरेको, ठूलो पोखरीमा मण्डपसहित जलशयन नारायण स्थापना गरेको[७] उल्लेख हुनु मननीय देखिन्छ ।

वावुराम आचार्यको अनुसार समशुद्दीनको आक्रमण हुँदा ध्वस्त भएको सिम्भूको प्रसिद्ध चैत्य इ.सं. १३७२ मा पुनः निर्माण गराउँदा त्यहाँ रहेका टुटे फुटेका प्राचीन मूर्तिहरू त्यहाँवाट हटाएर नयाँ मूर्तिहरू स्थापना गरिएका देखिन्छन् । पशुपतिको वर्तमान मूर्ति पनि इ.सं. १३८२ मा बनेको स्पष्ट देखिन्छ । यी सवै मूर्तिहरू पुराना मूर्तिहरूलाई आधार मानेर वनाएका हुनाले त्यति आकर्षक देखिँदैनन् । लगभग यसै समयमा पलाञ्चोकमा पनि प्राचीन मूर्तिको प्रतिकृतिको रूपमा भगवतीको नयाँ मूर्ति वनाइएको पाइन्छ । पछि यसैको नमूनामा नक्साल भगवतीको मूर्ति पनि बनाइएको देखिन्छ तापनि यसमा भने उत्तिको सौन्दर्य प्रकट हुन सकेको छैन ।[८] उनको पलाञ्चोक भगवती सम्वन्धी तर्क उचित देखिन्छ । तर नक्साल भगवती मूर्ति बारे उनको भनाई विष्मयकारी लाग्छ । उनले पनि पलाञ्चोक, नाला, नक्साल र शोभा भगवती मूर्ति एउटै मूर्तिकारले वनाएको भन्ने प्रचलित लोकोक्ति अनुरूप लेखेको झैं लाग्छ । यथार्थमा गहिरिएर अध्ययन गर्ने हो भने सवै मूर्तिहरूको आ-आफ्नै विशेषता र मौलिकता पाइन्छ ।

कुलचन्द्र कोइरालाले पनि पलाञ्चोक भगवती मूर्तिलाई लिच्छविकालको भनेर यसरी अभिव्यक्त पोखेका छन्, "मजवुत शिलाखण्डमा कलात्मक भव्यता वोकेकी विजयेश्वरीको त्यो मूर्तिको ताजापन देखेर हाम्रा एकजना विद्वान्ले त्यस मूर्तिलाई मल्लकालिक मूर्ति हो भनेका छन् । किन्तु मल्लकालिक मूर्तिकला र लिच्छविकालको मूर्तिकला दाँजेर हेर्दा स्पष्टै जान्न सकिने हुनाले वढी तर्क गर्नु पर्ने आवश्यक छैन ।[९]

जनकलाल शर्माले पलाञ्चोक भगवती मूर्तिलाई इशाको पन्ध्रौं शताव्दीको पछिल्लो भाग भनेका छन् ।[१०] मेरी स्लसरले 'लोकोक्ति जे भए पनि चार भगवती मूर्ति एकै समयको होइन । नक्साल भगवती १२-१३ शताव्दीताकाको देखिन्छ, तर शोभा भगवती र पलाञ्चोक भगवती उपत्यकामा तीन राज्यको प्रादुर्भावपछि वनेको र नाला भगवती मूर्ति ज्यादै खिइए तापनि नक्साल भगवतीको मूर्तिसंग मिल्दो जुल्दो भएकोले त्यसै समयताकाको हुन सक्छ' भनेकी छिन् ।[११] पलाञ्चोक भगवती मूर्ति वारे लैनसिंह वाङ्देलको धारणा

---

७. पूर्णिमा ७–२०२२–संशोधन मण्डल वर्ष २, अंक ३, पृ. ३५

८. आचार्य, वा.रा.–२०५४–नेपालको सांस्कृतिक परम्परा–श्रीकृष्ण आचार्य, काठ.– प. ९५

९. कोइराला, कु.च.–२०४९–नक्साल भगवती–नेपाल वर्ष २३, अंक २, सूचना तथा संचार मन्त्रालय, मुद्रण विभाग ।

१०. शर्मा, ज. ला.–२०१४–ललितकला र साहित्य–नेपाली साहित्य सम्मेलन–दार्जिलिङ्ग, पृ. ५६

११. स्लसर, मे. से.– १९८२–नेपाल मण्डला १–प्रिन्सटन युनिभर्सिटी प्रेस–न्यूजर्सी पृ. ३१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो छ, "पलाञ्चोक लिच्छवि अभिलेख मानदेव प्रथमको पालाको हो । यस अभिलेखमा विजयस्वामिनीले भगवती विजयेश्वरी देवीको प्रतिष्ठा गरेको उल्लेख छ । यसले नेपालमा शक्ति सम्प्रदायको विषयमा उल्लेख भएको पहिलो अभिलेख हो भन्ने बुझाउँछ । तर यस अभिलेखका साथमा हुनु पर्ने भगवतीको मूर्ति त्यहाँ अहिले छैन । हाल त्यहाँ रहेको भगवतीको मूर्ति मल्लकालको हो । यस बाहेक भगवतीको अथवा महिषमर्दिनी दुर्गाको कुनै लिच्छविकालीन मूर्ति आजसम्म फेला पार्न सकिएको छैन ।[१२]

दुर्भाग्यवश लिच्छविकालीन भगवती मूर्ति प्राप्त नभए तापनि २०५२/६/५ गते नेपालको सबैभन्दा प्राचीन भगवती मूर्ति सम्बन्धी लिच्छवि अभिलेख इ.सं ४८८ को ललितपुर स्वथ कोवहाल टोलमा पाइएको थियो । भगवती मूर्ति भएको यो अभिलेख मानदेवको समयमा विषयपति महाप्रतिहार भीमगुप्तको पत्नी शीलवतीले राखेकी थिइन् ।

संवत ४११ ज्येष्ठ मासे शुक्लपक्षे तिथौ त्रयोदस्याम

- तत्राज्ञापयति प्रभो गुण निधौ श्री मानदेवो नृपो सर्व्वाणां वरदामनुत्तम गुणां सर्व्वाभि वन्द्यकक्रमाम्
- शश्वत्पुण्याविवृद्धयेत्र विधिवत्संस्थापयामास सभक्तया शीलवती प्रसन्न हृदयाभीमाभिमानि प्रिया
- भगवत्त्यै देव्यै सम्यककारण पुजादि क्रिया प्रवर्त्तनार्त्थ विषयपति महाप्रतिहार भीमगुप्तस्य भार्य्याया शीलवत्त्या
- दत्तंचात्र वाहन पश्चिम प्रदेशे दशोत्तर शतंम्भूमि ११० त्रिशत्प्रस्थिकया पिण्डकम्मान्यष्ट पञ्चाशदिति ५८ ॥

सम्वत् ४११ ज्येष्ठ महिना शुक्लपक्ष त्रयोदशी तिथिमा । गुणका खानीमा मालिक श्रीमानदेव राजा आज्ञा गर्नु हुन्छ । सबैलाई वर दिने उत्तम गुण भएका सबैले वन्दना गरिने भगवती देवीलाई बारम्बार पुण्य वृद्धिको लागि प्रशन्न हृदय भएकी भीमाभिमानीकी पत्नी शीलवतीले सभक्तिले विधिपूर्वक स्थापना गरिन । ती भगवती देवीलाई राम्ररी कारण पूजा चलाउन निमित्त विषयपति महाप्रतिहार भीमगुप्तकी पत्नी शीलवतीले वाहनको पश्चिमपट्टिको ३०० पाथी आयस्ताको पिण्डक मानिका ५८ कूत लाग्ने भूमि ११० दिइन ।[१३]

---

१२. वाङ्गदेल, लै.सि.–२०३९–प्राचीन नेपाली मूर्तिकलाको इतिहास–नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१३. राजवंशी, श्या.सु.–२०५२–ललितपुरको सर्वप्राचीन लिच्छवि अभिलेख–अभिलेख वर्ष १३, पूर्णाङ्क १३–राष्ट्रिय अभिलेखालय, पृ. १०८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"पलाञ्चोक भगवती मूर्ति"

पलाञ्चोक भगवती

काठमाडौंबाट करीब ५६ कि.मी. पूर्वमा काभ्रे पलाञ्चोक जिल्लाको पाँचखाल लामीडाँडाबाट ११ कि.मी. उत्तर पूर्वपट्टि रहेको पलाञ्चोक डाँडामा भगवती रहेको हुँदा यी भगवती पलाञ्चोक भगवतीको नामले प्रख्यात छिन्। भगवती मूर्ति कालो चिल्लो ढुङ्गामा कुँदिएको, करीब १०७ से. मि. अग्लो र १८ हातको छ। दाहिने हातमा माथिबाट क्रमशः खड्ग, वाण, अंकुश, डमरू, चक्र, खुला हात, कर्ती, त्रिशुल र कपाला छ भने बायाँ हातमा माथिबाट क्रमशः षेटक (ढाल), धनुष, पास, घण्टी, गदा, खुला हात, महिष (राँगो) को पुच्छर समातेको, महिषसुर दैत्यको कपाल समातेको र कपालाको पछाडि हात राखेको देखाइएको छ। दायाँ खुट्टाले सिंहमाथि टेकेको र बायाँ खुट्टाले राँगोको ढाडमा कुल्चेको देखाइएको छ। मूर्तिको दायाँ बायाँ शुम्भ निशुम्भ दैत्यहरू छन्। भगवतीको मुकुट कोणाकार छ। केश बिन्याश ज्यादै आकर्षक रूपमा सजाइएको छ। दुबै कानमा कलात्मक कुण्डल, घाँटीमा कण्ठहार, पाखुरामा केयुर र नाडीमा बाला लगाइएको देखिन्छ। कम्मरमा पनि कलात्मक कमरवन्ध लगाई कमलको फूलको पत्र बुट्टाले घेरिएको देखिन्छ। दुबै खुट्टामा चाँदी मोडिएको हुँदा खुट्टामा कुँदिएको गहना देख्न सकिँदैन। मूर्तिमा शिरोच्छेदन गरिएको राँगोवाट उत्पन्न भएको मानवाकार महिषासुर दैत्यलाई त्रिशुलले रोपिएको देखाइएको छ। यो मूर्ति ज्यादै अलंकृत भइकन पनि आकर्षक छ। आलिढ मुद्राको महिषमर्दिनीको यति सजिव मुहार र सग्लो मूर्ति नेपालमा विरलै पाइन्छ। प्राचीनकालका मूर्तिहरूमा चार हात र महिष (राँगो) मात्र देखाइएको हुन्थ्यो। मध्यकालमा आएर ६,१०,१८ हात हुँदै महिषबाट मानवाकार महिषासुर (दैत्य) पनि कुँदिन थालिएको हुँदा पलान्चोक भगवती मूर्ति १४ औं शताव्दीमा बनेको देखिन्छ। मल्लकालमा पाइने अलंकारं र उत्कृष्टता यस मूर्तिमा स्पष्ट देख्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"नाला भगवती मूर्ति"

नाला भगवती

नाला भगवती काठमाडौंवाट पूर्व काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत रहेको बनेपादेखि उत्तर करीव आधा घण्टाको दुरीमा पर्दछ। भगवतीको प्राङ्गणको पश्चिमतर्फ रहेको ढुङ्गेधाराको दायाँ जलद्रोणीमा द्वितिय शिवदेवको इ.सं ६९५ को लिच्छविकालीन अभिलेख रहेको छ। यहाँ राखिएको देवीको मूर्ति अहिले भगवती मन्दिरभित्र देख्न सकिन्छ।

नाला भगवती मूर्ति कालो वलौटे ढुङ्गामा कुँदिएको भए पनि मूर्ति ज्यादै खिइसकेको छ। मुकुट लाएको, कानमा कुण्डल र घाँटीमा कण्ठहार भए पनि खिइसकेकोले बुट्टाहरू देखिँदैन। त्यस्तै अनुहारको आँखा, नाक र मुख पनि केही छुट्टिदैन। दायाँतर्फ नौ हात देख्न सकिन्छ। तर तिनमा भएको खड्ग बाहेक अरू आयुधहरू चिन्न गाह्रो पर्दछ। बायाँतर्फ पाँच हात मात्र बाँकीरहेको छ। तिनमा षेटकं (ढाल) र धनुष ठाडो गरेर भिरेको देखिन्छ। अन्य हातहरू ढुङ्गा उप्केको, चोइटिएको वा खिइसकेको कारणले गर्दा देख्न सकिन्न। दायाँतर्फको नौ हातले गर्दा भगवती मूर्ति १८ हातको भनी अनुमान गर्न सकिन्छ। मूर्तिको दायाँ खुट्टानिर दैत्य छ। यो दैत्यमाथि त्रिशुल लिएको गण देखिन्छ। भगवतीको मूर्ति आलिढ मुद्रामा छ। भगवतीको दायाँ खुट्टाले सिहंमाथि टेकेको छ। वायाँतर्फको भाग चाँही खिइएर केही देख्न सकिन्न। भगवतीको टाउको पछाडि सादा आभा मण्डल छ। आभाको माथि छत्राकार बुट्टा छ। झट्ट हेर्दा डाँठ भएको फूल जस्तो देखिन्छ। यसको दायाँ बायाँ दुई गणिकाहरू छन्। यो मूर्ति ८० से. मि. अग्लो र ६० से. मि. चौडाइको छ। भगवती मूर्तिको कम्मरदेखि तल धोती लगाइएको तथ्य मध्य भागको मुजाले स्पष्ट पार्दछ। यो धोतीमा नियालेर हेर्‍यौं भने मान्द्रोको बुट्टा कुँदिएको देखिन्छ। यो बुट्टा प्राचीनकालदेखिनै प्रचलित भएको पाइन्छ। तसर्थ मान्द्रो बुट्टालाई यस मूर्तिको विशेषता मान्न सकिन्छ। यस मूर्तिमा सिंह दैत्यतिर फर्किएको देखाइएको छ। नाला भगवतीलाई उग्रचण्डी पनि भन्दछन्। यो मूर्ति दशौं शताब्दीताकाको मान्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"नक्साल भगवती मूर्ति"


नक्साल भगवती

काठमाडौंस्थित प्रशिद्ध पशुपति मन्दिर क्षेत्रको पश्चिमतर्फ नक्साल भगवती पर्दछ। यो मन्दिर लिच्छविकालीन गैर्न्हीधारा तथा भगवान वहाल नजिकै रहेको छ। देवमाला वंशावली अनुसार यो भगवती वि.सं. ६६४ मा राजा शंकरदेवले स्थापना गरेको लेखिएको छ।[१४] त्यस्तै गोपाल वंशावलीमा "राजा श्री शंकरदेव भए वर्ष १५। तिनले नंदीशाला (नक्साल) मा शंकेश्वर भट्टारकको प्रतिष्ठा गरे, देवलमा तामाको छाना हाले। फेरि भगवती मनोहर भट्टारिकाको प्रतिष्ठा गरे" भनि उल्लेख गरिएको छ।[१५] यो उद्धरण हालको नक्साल भगवतीसंग सम्वन्धित छ या छैन अनुसन्धानकै क्रममा छ। तर राजा शंकरदेवको समय चाहीँ इ.सं ८९४-९१९ रहेको पाइन्छ।

नक्साल भगवती मूर्ति बलौटे ढुङ्गाको खैरो रंगको देखिन्छ। यो मूर्ति ७८ से. मि. अग्लो र ७७ से. मि. चौडाइको छ। भगवती मूर्तिमा मुकुट लाएको, कानमा ठूल्ठूला कुण्डल भएको, घाँटीमा हार, पाखुरामा केयुर, अठारैवटा हातको नाडीमा वाला तथा खुट्टामा कल्ली लगाइएको देखाइएको छ। मुहार प्रष्ट छैन। मूर्ति आलिढ मुद्रामा छ। यस भगवती मूर्तिमा १८ हात छ। दायाँपट्टिको हातहरूमा माथिदेखि क्रमशः खड्ग, चक्र, अंकुश (?), वाण (?), पास, शुल, अस्पष्ट ?, कपडाको छेउ समातेको, ऐंजन देखिन्छ भने वायाँपट्टिको हातहरूमा माथिदेखि क्रमश षेटक (ढाल), ऐना, त्रिशुल, घण्टी, पास, शक्ति (?) महिष (राँगो) को पुच्छर समातेको, धनुष तेर्सो लिएको र कपडाको छेउ समातेको देखाइएको छ। त्यस्तै कम्मरमा कम्मरवन्ध बाँधी बीचमा मुजा झारिएको छ। भगवतीको शिरमाथि छत्र छ। यो छत्रमा भगवतीको वायाँतर्फको हातको कान्छी औंलाले स्पर्श गरेको

---

१४. योगी, दे. ना.– २०१३–देवमाला वंशावली–मृगस्थली गोरक्षपीठ, काठमाडौ., पृ. ११४/११५

१५. वज्राचार्य घ. व., मल्ल, क.प्र.–१९८५–गोपाल राजवंशावली-नेपाल रिचर्स सेन्टर प्रकाशन ९ पृ. ८०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। मूर्तिको दायाँ चमरधारी र बायाँतर्फ चमरधारिणी छन्। त्यसको तल शुम्भ, निशुम्भ दुई दैत्यका घाटीमा भगवतीको दायाँ बायाँका पाँचौं हातका पासले अठ्याइएको देखाइएको छ। भगवतीको दायाँ तर्फको खुट्टा पहाडमाथि छ। खुट्टा र दैत्यको मध्य भागमा बाणको ठोक्रो लिएकी नारी मूर्ति छ। भगवतीको बायाँतर्फको खुट्टाचाहीँ महिषको टाउको कुल्चिएको देखाइएको छ। पहाडको तल शिवका गणहरू छन्, जसमा गणेश वीचमा रहेको देखिन्छ। मूर्तिको दायाँ भाग धेरै खिइसकेको छ तर बायाँ भाग दायाँ भन्दा राम्रो अवस्थामा छ।

तारानन्द मिश्रले यस मूर्तिलाई इ.सं. नवौं दशौं शताव्दीको भनेका छन्[१६] यसै मूर्तिसंगै उमामहेश्वरका दुई फलकहरू र देवीको मूर्ति पनि राखिएको पाइन्छ। नक्साल महिषमर्दिनी भगवती मूर्ति सादा भइकन पनि भव्य छ। यस मूर्तिमा प्राचीन मूर्तिमा पाइने लक्षणहरू धेरै पाइन्छन्। त्यसैले यो मूर्तिलाई इ.सं. नवौं शताव्दीको भनेमा अत्युक्ति हुँदैन।

"शोभा भगवती मूर्ति"

यो मूर्ति काठमाडौ. वडा नं. १५ को विष्णुमति नदीको दायाँ किनारमा रहेको छ। यसको नजिकै लिच्छविकालीन भुँडे गणेश, कंकेश्वरी र प्रसिद्ध स्वयम्भू महाचैत्य पर्दछ।

देवमाला वंशावलीमा यो मूर्तिलाई नक्साल भगवती झैं वि.सं. ६६४ मा राजा शंकरदेवले स्थापना गरेको भनिएको छ।[१७] कार्ल प्रुसाले भने यसलाई प्राचीन मूर्तिकलाको राम्रो उदाहरण भनी इ.सं. १२ औं शताव्दीको भनेका छन्।[१८]

शोभा भगवतीको मूर्ति पनि कालो ढुङ्गामा कुँदिएको छ। यो मूर्ति ५७ से. मि. अग्लो र ५६ से. मि. चौडाइको छ। यस मूर्तिको मुकुट चुच्चो भएर गएको देखिन्छ। अनुहार ज्यादै खिइसकेको छ। कानमा ठूल्ठूला सादा गोलो कुण्डल देखिन्छ। घाँटीमा कुनै हार देखिन्न। कम्मरवन्ध पनि खिइसकेको हुँदा बुट्टा देखिँदैन। धोतीको मुजा नक्साल र नालाको भगवती झैं बीचमा झारिएको छ। यो मूर्तिको हात भने आठवटा मात्र रहेको छ। दायाँ हातमा माथिवाट क्रमशः चक्र, खड्ग, बञ्चरो र खुला हात छ भने बायाँ

---

१६. मिश्र, ता. न.–२०५३–नेपाल इन दि हिस्टोरिकल कन्टेक्स्ट अ रिपोर्ट अन दि स्टडी अफ आइकोनोग्राफ अफ काठमाडौं भ्याली एण्ड देअर प्रिजर्भेशन एण्ड प्रोटेक्सन–पुरातत्त्व विभाग पृ. २६

१७. योगी, दे. ना.–२०१३–देवमाला वंशावली–मृगस्थली गोरक्षपीठ, काठमाडौं, पृ. ११५

१८. दि काठमाडौं भ्याली, दि प्रिजर्भेशन अफ फिजिकल इन्भाएरोमेण्ट एण्ड कल्चरल हेरिटेज प्रोटेक्टिभ इन्भेन्टरी–१९७५–आवास तथा भौतिक योजना, काठमाडौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हातमा पास, षेटक (ढाल) शुल र महिष (राँगो) पुच्छर समातेको पाइन्छ। यो मूर्तिको धोतीमा धर्सा कोरिएको बुट्टा छ। भगवती मूर्तिको दायाँपट्टी दुईवटा पुरुष मूर्ति एउटा उभिएको, अर्को बसेको देखिन्छ। भगवतीको मूर्ति महिषमर्दिनीको हो भन्ने तथ्य देब्रे खुट्टाले महिषको टाउकोलाई कुल्चेकोले थाहा हुन्छ। दायाँ खुट्टाले केही टेकेको देखिँदैन। मूर्ति आलिढ मुद्रामा छ। यो मूर्तिको आभा मण्डल सादा छैन। लामो बुट्टाहरू कोरिएका छन्। यो मूर्तिमा पनि प्राचीन मूर्तिकलामा पाइने विशेषता भेटिने हुँदा एघारौं शताब्दीको भन्न सकिन्छ। यस कथनलाई भगवती मन्दिर क्षेत्रमा पाइएका देवी (आठौं नवौं शताब्दी) तथा श्रीधर (नवौं दशौं शताब्दी) मूर्तिहरूले पुष्टि गर्दछ।[१९]

शोभा भगवती

---

१९. दर्नाल प्र.–२०५८–शोभा भगवती मन्दिर क्षेत्रस्थित मूर्ति बारे संक्षित चर्चा–प्राचीन नेपाल अंक १४७-पुरातत्त्व विभाग, काठमाडौं, पृ. ५६/५७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्दर्भ ग्रन्थहरू:-

१. कान्छा कुमार कर्माचार्य– २०३५–पलाञ्चोक भगती हाम्रो दृष्टिमा– नेपाल वर्ष ८ अंक ४–सूचना विभाग

२. कुलचन्द्र कोइराला–२०४९–नक्साल भगवती–नेपाल वर्ष २३, अंक २, सूचना तथा संचार मन्त्रालय, मुद्रण विभाग ।

३. जनकलाल शर्मा–२०१४–ललितकला र साहित्य–नेपाली साहित्य सम्मेलन, दार्जिलिङ, पृ. २६

४. तारानन्द मिश्र–२०५३–नेपाल इन दि हिस्टोकिल कन्टेक्स्–अ रिपोर्ट अन दि स्टडी अफ आइकोनोग्राफी अफ काठमाडौं भ्याली एण्ड देयर प्रिजर्भेशन एण्ड प्रोटेक्सन–पुरातत्त्व विभाग–पृ. २६

५. देवी नाथ योगी–२०१३–देवमाला वंशावली–मृगस्थली गोरक्षपीठ– काठमाडौं, पृ. ११५

६. दि काठमाडौं भ्याली दि प्रिजर्भेशन अफ फिजिकल इन्भाएरोमेण्ट एण्ड कल्चरल हेरिटेज प्रोटेक्टिभ इन्भेन्टरी– १९७५–आवास तथा भौतिक योजना–काठमाडौं ।

७. धनवज्र वज्राचार्य–२०३०–लिच्छविकालका अभिलेख-नेपाल र एशियाली अध्ययन संस्थान त्रि.वि. काठमाडौं ।

८. धनवज्र वज्राचार्य, कमलप्रकाश मल्ल–१९८५–गोपाल राजवंशावली–नेपाल रिसर्च सेन्टर प्रकाशन ९

९. ध्रुवकृष्ण दीप– २०५२–हाम्रो संस्कृति, हाम्रो ढुकुटी– सा.प्र, पृ. ६२

१०. प्रकाश दर्नाल–२०५८–शोभा भगवती मन्दिर क्षेत्रस्थित मूर्ति बारे संक्षिप्त चर्चा–प्राचीन नेपाल १४७–पुरातत्त्व विभाग

११. पूर्णिमा ७–२०२२–संशोधन मण्डल वर्ष २, अंक ३, पृ. ३५

१२. बाबुराम आचार्य–२०५४–नेपालको सांस्कृतिक परम्परा–श्रीकृष्ण आचार्य, काठमाडौं, पृ. ९५

१३. मेरी सेफर्ड स्लसर–१९८२–नेपाल मण्डला १–प्रिन्स्टन युनिभर्सिटि प्रेस, न्यू जर्सी, पृ. ३१०

१४. मदनमोहन मिश्र–२०२३–राष्ट्रिय मूर्तिकला–साझा प्रकाशन पृ. ३४–३६

१५. आर.एस. गुप्ता–१९७२–आइकोनोग्राफी अफ दि हिन्दूज, बुद्धिष्ट एण्ड जैनस्–डि.वि. तारपौरवाला सन्स एण्ड कं प्रा. बम्बई पृ. ५५/५६

१६. लैनसिंह वाङ्गदेल–१९४२–दि अर्ली स्कल्प्चर्स अफ नेपाल–विकास पब्लिसिङ्ग हाउस न्यू दिल्ली

१७. लैनसिंह वाङ्गदेल–२०३९–प्राचीन नेपाली मूर्तिकलाको इतिहास–नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी ।

१८. श्यामसुन्दर राजवंशी–२०५२–ललितपुरको सर्व प्राचीन लिच्छवि अभिलेख–अभिलेख वर्ष १३ पूर्णाङ्क १३–राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुन्दरानन्द बाँडाको मुद्राराक्षस नाटक: एक अवलोकन

✍ जगन्नाथ उपाध्याय*

राष्ट्रिय अभिलेखालय प्राचीन ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका कागजपत्रहरूका साथै हस्तलिखित ग्रन्थहरूको संकलन र संरक्षण गर्ने सरकारी निकाय हो । यहाँ नेपालमा छापाखानाको प्रचलन हुनुभन्दा पहिल्यै गुप्त, नागर, कुटिल, प्राचीन देवनागरी, भुजिँमोल, रञ्जना, नेवारी, मैथिली आदि लिपिमा संस्कृत भाषाका विविध विधा र विषयका महत्त्वपूर्ण ग्रन्थहरूलाई हस्तलिखित रूपमा संस्कृत भाषा मै प्रतिलिपि गरिएका ग्रन्थहरू र तत्कालीन भाषा साहित्यका साधकहरूबाट नेपाली, नेवारी, मैथिली, हिन्दी आदि भाषामा गरिएका संस्कृत भाषाका ग्रन्थहरूको छायानुवाद, भावानुवाद र भाषान्तर प्रतिलिपिका साथै सम्वन्धित भाषामा साधकहरूद्वारा संस्कृत, नेवारी, नेपाली, मैथिली आदि भाषामा मौलिक सिर्जना गरिएका अप्रकाशित पाण्डुलिपि सुरक्षित रहेका छन् ।

संस्कृत नाट्य जगत्का वरिष्ठ प्रतिभा विशाखदत्तद्वारा चन्द्रगुप्त द्वितीयको शासनकाल (३७५-४१३ ई.) बीच रचना गरिएको मानिने संस्कृत साहित्यको महानतम नाटचकृति **'मुद्राराक्षस'** को विभिन्न भाषा र लिपिमा प्रतिलिपि गरिएको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा पनि **'मुद्राराक्षस'** नाटकका भुजिँमोल लिपिमा १, मैथिली लिपिमा १, नेवारी लिपिमा १०, देवनागरी लिपिमा १२ वटा संस्कृत भाषामा मात्र लेखिएका र नेपाली भाषामा अनुवाद समेत भएको १ गरी जम्मा २४ थान केही पूर्ण र केही अपूर्ण प्रतिहरू रहेको पाइनुले नेपाली समाजमा यस नाटकको लोकप्रियतालाई स्पष्ट पार्छन् । साथै यी नाटकहरूमध्ये २१ वटा नेपाली कागजमा र ४ वटा ताडपत्रमा लेखिएको पाइएकाले यसको प्राचीनता तर्फ पनि सङ्केत गर्छन् । राष्ट्रिय अभिलेखालयको लगत संख्या चतुर्थ ३२९७ र विषय

** अनुसन्धान अधिकृत: राष्ट्रिय अभिलेखालय*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संख्या १६८ मा रहेको मूल संस्कृत र त्यसको नेपाली भाषामा गरिएको अनुवादसहित भएको **'मुद्राराक्षस'** नाटक लेखन समय उल्लेख छैन तापनि यसका अनुवादक सुन्दरानन्द वाँडा देखिन्छन् । यो पुस्तक मूल संस्कृत नाटकमा नभएको तर नेपाली भाषाका अनुवादकले प्रस्तावनाका रूपमा लिइएका कथाको पूर्ववृत्त रहेको प्रारम्भको १ पत्र वाहेक सम्पूर्ण रूपमा नेपाली कागजमा लेखिएका १६९ पत्र संख्यामा आदि अन्त्य पूर्ण राम्रो अवस्थामा रहेको छ ।

वि.सं. १८९२ पूर्व नै नेपाली भाषामा अनुवाद गरिएको मानिने **'मुद्राराक्षस'** नाटकका अनुवादक भवानीदत्त पाँडे मानिएका छन् । यसको आधिकारिक रूपमा चर्चा गरिएको र जन समक्ष ल्याइएको ग्रन्थ **गल्लीमा फ्याँकिएका कसिङ्गर** हो । **'मुद्राराक्षस'** नाटकका अनुवादक भवानीदत्त पाँडेको परिचय र **गल्लीमा फ्याँकिएका कसिङ्गर** को उपोद्घातका लेखक नयराज पन्तको हातमा परेका **'मुद्राराक्षस'** नाटकका जम्मा ११ पत्रको सम्पादन गरी प्रकाशित गरिएको छ । उक्त **मुद्राराक्षस** नाटकका अन्त्यमा **"इतिश्री जनरल भीमसेना वत्यावर्याश्रित भवानीदत्त पण्डित कृता मुद्राराक्षस भाषा'** प्रधानमन्त्री भीमसेन थापाको आश्रयमा रहेका पं. भवानीदत्तले वनाएको **मुद्राराक्षस**को भाषा सिद्धियो, भन्ने पुष्पिका वाक्य रहेको जनाइएको छ । **भीमसेन थापा वि.सं. १८६८ मा जनरल भएका र १८९२ मा कमाण्डर इन चीफ भएका थिए । यस कारण १८६८ देखि १८९२ सम्मका २४ वर्षभित्रको कुनै वर्षमा मुद्राराक्षसको यो नेपाली अनुवाद भएको हो भन्ने स्पष्ट छ' भन्ने निष्कर्ष (गल्लीमा फ्याँकिएका कसिङ्गर पृ. १२)** मा निकालिएको छ । यही कृतिका आधारमा बालकृष्ण पोखेलले **भवानीदत्त पाँडेको जन्म विसं. १८५८ निर्क्योल गर्नुका साथै यिनले मुद्राराक्षस नाटकका अतिरिक्त आत्मबोध, महाभारत उद्योग पर्व, मार्कण्डेय पुराण, र हितोपदेश जस्ता कृतिहरूको पनि नेपाली भाषामा रूपान्तरण गरको तथ्य (पाँच सय वर्ष** पृ. ४०८) मा उजागर गरेका छन् । चितरञ्जन नेपालीले **'मुद्राराक्षस'** नाटकको नेपाली भाषानुवाद गरी प्रकाशित समेत गराएका छन् ।

प्राथमिक कालीन सिङ्गो नेपाली साहित्य अनुवाद रूपान्तरण परम्परामा आधारित रहेको छ । धार्मिक, नैतिक राजनैतिक उपदेश र मनोरञ्जन दिने उद्देश्यले वैदिक वाङ्मयका श्रुति, स्मृति, पुराण र साहित्यका महत्वपूर्ण ग्रन्थहरूको विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले अनुवाद गरेको पाइन्छ । तत्कालीन नेपालको राजनैतिक गतिविधिसँग मेल खाने राजनीति र साहित्य दुवै दृष्टिकोणबाट महत्त्वपूर्ण कृति **मुद्राराक्षस** को भाषानुवाद पनि भवानीदत्त पाँडेले मात्र नभई अन्य विद्वान्ले पनि गरेको देखिन आउँछ । राष्ट्रिय अभिलेखालयको संरक्षणमा रहेको प्रस्तुत **मुद्राराक्षस**को प्रति भवानीदत्त पाँडेले नभई सुन्दरानन्द वाँडाले अनुवाद गरेको देखिन्छ । **'राइटले संग्रह गरी लगेका पुस्तकमा पर्वते**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषाको **मुद्राराक्षस संख्या १६०१ पनि परेको छ । सो मुद्राराक्षस भवानीदत्त पाँडेकै हो वा अर्कै हो अहिले म भन्न सक्तिन' भन्ने** (गल्लीमा फ्याँकिएका कसिङ्गर (पृ. १६३) को नयराज पन्तको उपोद्घातको कथनवाट भवानीदत्त पाँडेका अतिरिक्त अन्य व्यक्तिवाट पनि मुद्राराक्षस नाटकको नेपाली अनुवाद भएको वा हुन सक्ने आशय प्रकट हुन्छ भने राष्ट्रिय अभिलेखालयको पाण्डुलिपि एवं गल्लीमा फ्याकिएका कसिङ्गरमा प्रकाशित अंश रूजु गरी हेर्दा दुवैमा शैलीगत भिन्नता पाइएवाट यो प्रति भवानीदत्त पाँडेद्वारा अनुवाद गरिएको होइन भन्ने स्पष्ट हुन्छ। भवानीदत्त पाँडेद्वारा अनुदित **मुद्राराक्षस** र राष्ट्रिय अभिलेखालमा **मुद्राराक्षस**को पुस्पिका वाक्य फरक भएकोले पनि यी दुवै अलग-अलग व्यक्तिका अनुवाद हुन् भन्ने देखिन्छ। **'धनवज्र वज्राचार्यद्वारा सम्पादित त्रिरत्न सौन्दर्य गाथा' को परिशिष्ट 'क' को अन्तिम श्लोक र 'बहादुर शाह वर्णनम्' को दुई नेपाली पद्य हेर्दा यिनी सामान्य आर्थिक अवस्थाका मानिस थिए भन्ने र यिनले अमरकोश रघुवंश, भर्तृहरि शतक, भोज प्रबन्ध र महाभारत लगायत तन्त्र विषयक र पुराणका पुस्तक समेत अध्ययन गरेका थिए' भन्ने** (ने.सा.को.सं.इं. पृ. १०७) को दयाराम श्रेष्ठ सम्भवको भनाइका आधारमा सुन्दरानन्द वाँडा आर्थिक दृष्टिले असम्पन्न हुनुका साथै संस्कृतका पनि विद्वान भएको कुरा स्पष्ट हुन्छ। साथै **संस्कृत कोश काव्य पढेका, तन्त्र पुराण ज्योतिषहरू हेरेका, कर्मकाण्ड गर्न जान्ने पुराण भन्न सक्ने संस्कृत, नेवारी, नेपाली यी तीन भाषामा कलम चलाउन सक्ने, हिन्दीमा पनि कलम चलाउन उत्सुक, वंशावली तथा काव्यका रसिक भारदारहरू कहाँ आवत-जावत भएमा व्यवहार चतुर पुरुष सुन्दरानन्द वाँडा देखिन्छन्" भन्ने** (त्रिरत्न सौन्दर्य गाथा २०१९, पृ. ८-९) को सम्पादक नयराज पन्तको ठम्याइका आधारमा पनि सुन्दरानन्द वाँडा संस्कृत भाषाका विद्वान भएको थप प्रमाण पाइनुका साथै भारदारहरूकहाँ पनि आवत जावत गर्ने त्यस समयको विद्वत समाजमा सुपरिचित व्यक्तित्व देखिन्छन्। राष्ट्रिय अभिलेखालयमा रहेका पाण्डुलिपिको अन्त्यमा **"विना मुद्रा समलिखद......... सुन्दर्यानन्दागनवति वयोष्टाधिकमुनौ ॥७८॥"** भन्ने पुष्पिका वाक्य भएकोले यो **मुद्राराक्षस** सुन्दरान्द बाँडाले अनुवाद गरेको स्पष्ट हुन्छ वीचको अंश अन्तिम पत्रको एकातिरको भाग च्यातिएकोले श्लोक अपूर्ण छ तापनि प्राप्त अंशका आधारमा सुन्दरानन्द बाँडाले नै 'मैले पैसा नलिइकनै ७८ वर्षको उमेरमा यो **मुद्राराक्षस** नाटकको नेपाली अनुवाद गरेको हुँ' भनेको आशय पुष्पिका वाक्यले प्रकट गर्छ। एकातिर भीमसेन थापाको आश्रयमा रहेका र आर्थिक दृष्टिले सम्पन्न भवानीदत्त पाँडेलाई **'विनामुद्रामुद्रा'** भन्नु पर्ने औचित्य देखिँदैन भने अर्कोतिर तत्कालिन व्यवसायिक पाण्डुलिपिकारका रूपमा समेत परिचित भएका सुन्दरानन्द वाँडाले मैले पैसा नलिइकन यो **'मुद्राराक्षस'** नाटकको नेपाली अनुवाद सहितको प्रतिलिपि तयार गरें वा लेखें भन्ने आशय प्रकट गर्नु स्वाभाविकताको नजिक देखिन्छ। भीमसेन थापाको प्रधानमन्त्रित्त्वकाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(१८६५–१८९२) सम्मको अवधिमा ख्यातिप्राप्त गरेका भवानीदत्त पाँडे र **त्रिरत्न सौन्दर्य गाथा** (रचनाकाल १८९० तिर)का रचनाकार सुन्दरानन्द बाँडा समकालीन देखिन्छन्। यति हुँदा हुँदै पनि वि.सं १८५८ मा जन्मिएको मानिने (पाँच सय वर्ष–पृ. ४०८) भवानी दत्त पाँडे भन्दा **१८५० मा वेददीप भन्ने पुस्तक वाणीविलास पाण्डेका लागि सारीदिने र बहादुर शाह वर्णनम् (१८५०) जस्ता कृति लेखिसकेका (प्रा.का. ने. सा. इ. पृ. १०७)** सुन्दरानन्द बाँडा अग्रज देखिन आउँछन्। **'मुद्राराक्षस'** नाटकको अनुवाद पहिल्यै भवानीदत्त पाँडे वा सुन्दरानन्द बाँडा कसले गरे र त्यसबाट कसले प्रेरणाप्राप्त गरे होलान् भन्ने विषयमा यसै भन्न सकिन्न तापनि १८५० तिर नै स्थापित भइसकेका विद्वान् सुन्दरानन्द बाँडाले अनुवाद गरेको **'मुद्राराक्षस'** बाट प्रेरित र प्रभावित भएर नै युवक भवानीदत्त पाँडेले पनि अनुवाद गरेका त होइनन् भन्ने आशंका भने यहाँ गर्न सकिन्छ।

ऐतिहासिक, भाषिक र साहित्यिक विषयको अध्ययनका दृष्टिले महत्त्वपूर्ण रहेका यस नाटकले तत्कालीन नेपालको राजनैतिक अवस्था, भाषिक र साहित्यिक स्वरूपको पहिचान गर्न सहयोग पुऱ्याउँछ। जसरी प्राथमिक कालीन साहित्यमा भवानीदत्त पाँडेद्वारा अनुदित **मुद्राराक्षसले** ऐतिहासिक महत्त्व कायम गरेको छ, त्यसैगरी सुन्दरानन्द बाँडाद्वारा अनुदित यस **मुद्राराक्षस**, नाटकको पनि आफ्नै किसिमको महत्त्व देखिन आउँछ। दुई भिन्न भिन्न अनुवादकद्वारा अनुदित यी कृतिहरूको तुलनात्मक अध्ययनबाट थप ऐतिहासिक तथ्य प्राप्त हुने सम्भावना पनि देखिन्छ।

संस्कृत भाषाको राजनीति र कुटनीतिको बयान गरिएको **'मुद्राराक्षस'** नाटकको विषयवस्तु र संरचना दुवै सशक्त देखिन्छ भने वीर रस प्रधान रहेको यस नाटकमा नायिकाको प्रयोग र तत्सम्वन्धी प्रेम, नृत्य आदिको बयान र विदुषकको प्रयोग नहुनुलाई तत्कालीन समयमा नै नवीनतम नाटचशैलीको प्रयोग भएको नाटक मानिएको पाइन्छ। चन्द्रगुप्तको मन्त्री चाणक्यका षडयन्त्र र योजनाहरू आँफैमा मौलिक रहेका छन् भने नाटकमा सर्वत्र युद्धको चर्चा गरिए तापनि युद्ध देखाइएको छैन। नाटकमा द्वन्द्व दुई विरोधी शत्रुका बीच नभई दुई राजनैतिक र कुटनैतिकहरूको योजनामा आधारित छ। सेनालाई प्रत्यक्ष रूपमा लडाईमा संलग्न गराइएको छैन भने नाटक गुप्तचरी गतिविधिले छताछुल्ल भरिएको छ। मुद्राराक्षसको वास्तविक युद्ध चन्द्रगुप्त र राक्षसमा बीचको नभएर तिनीहरूका मन्त्रशक्ति र विचार शक्ति बीच भएको देखाइएको छ।

नाटकीय रूपमा भन्दा पनि राजनैतिक र साहित्यिक महत्त्वका दृष्टिले मात्र नेपाली भाषामा अनुवाद गरिएका यस नाटकको अनुवादमा नाटकीय रूप दिइएको छैन। नाटकीय शैलीलाई वास्ता नगरी आख्यानात्मक ब्यासशैली अपनाएर लेखिएको भए तापनि यसलाई प्रत्यक्ष कथनमा प्रस्तुत गरेर नाटकीय स्वरूप भने दिन सकिने देखिन्छ।१२ $\frac{१}{२}$ ५ $\frac{३}{४}$

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आकारको नेपाली कागजमा कीराले नकाटोस् भनेर लेख्नु अघि एकापट्टी दल्ने गरिएको पहँलो रङ्गको विषालु खनिज पदार्थ हरताल लगाइएको पत्रहरूमा बीचमा मूल संस्कृत अंश र तल माथि नेपालीमा अनुवाद गरी लेखिएको प्रस्तुत नाटकमा अनुवादकले मूल अंशको प्रतिलिपि गर्दा निकै त्रुटिहरू गरेको पाइन्छ । नेपाली अंशमा पनि कतिपय ठाउँमा संक्षेपीकृत शैली अपनाएका छन् तापनि मूल नाटक अनुरूप सात अङ्कमा विभाजित गरिएका यस नाटकका कथावस्तुको सार संक्षेप यस प्रकार रहेको छ ।

मूल नाटकमा नभएको तर अनुवादकले प्रस्तावनाका रूपमा दिएको कथाको पूर्ववृत्त पश्चात मङ्गलाचरण र चाणक्यले नन्दवंशको पतन गराएर राक्षसलाई आफ्नो वसमा राख्ने प्रतिज्ञा गरेको धटनावाट प्रथम अङ्कको उठान भएको छ । यही प्रतिज्ञा अनुसार राक्षसले चन्द्रगुप्तलाई मार्न भनेर पठाएकी विषकन्याका हातवाट चाणक्यले राक्षसको मान्छे पर्वतेश्वरलाई मार्न लगाउँछ र यो हत्या राक्षसले नै गर्न लगाएको हो भन्ने कुरो हल्ला फिँजाउँछ । चाणक्यको गुप्तचर भागुरायणले राक्षसको विश्वास पात्र वनेर उसको गुप्तचरी गर्न थाल्छ । राक्षसले आफ्ना परिवार एउटा धनी मान्छे चन्द्रदासको घरमा राखेको हुन्छ भने चाणक्यको गुप्तचर निपुणकले त्यहीवाट राक्षसको मुद्रा पाउँछ र त्यो चाणक्यलाई दिन्छ । यही राक्षसको मुद्रा प्राप्त गरेको घटनावाट नै यस नाटकको नाम **मुद्राराक्षस** राखिएको हो । चन्द्रदासको घरमा राक्षसका परिवार लुकेर वसेका छन् भन्ने कुरा थाहा पाइसकेको चाणक्यले चन्द्रदाससँग राक्षसको परिवारका विषयमा वुझ्न खोज्दा उसले नवताएकोले उसलाई चाणक्यले जेलमा थुनिदिन्छ र आफ्नो वुद्धि र कौशलतावाट राक्षसलाई वश गर्ने योजनाक्रमसँगै पहिलो अङ्क समाप्त हुन्छ ।

दोस्रो अङ्कमा राक्षसको गुप्तचर विरोधकले चाणक्यले राक्षसले चन्द्रगुप्तलाई मार्न भनेर वनाएका सारा योजनाहरू विफल गरिदिनुका साथै आफ्ना अभयदत्त, प्रमादक जस्ता गुप्तचरहरूलाई मारिदिएको घटना सुनाउँछ । राक्षसले पनि वैतालिकाहरूका माध्यमवाट चन्द्रगुप्त र चाणक्यलाई फुटाउने प्रयत्न गर्छ भने यस्तो थाहा पाएर चाणक्य र चन्द्रगुप्त पनि एक अर्कामा शत्रुता भएको अभिनय गर्छन् । तेस्रो अंकमा चाणक्यका कुटिल नीतिको परिचय पाइन्छ । चाणक्यलाई आफ्ना गुप्तचरहरूका माध्यमवाट राक्षसले आफू विरुद्धमा गर्ने हरेक गतिविधि थाहा हुन आउँछ र त्यो कुरा चन्द्रगुप्तलाई सुनाइदिनुका साथै चन्द्रगुप्तको इच्छा विपरित चन्द्रगुप्तले आयोजना गर्न लागेको कौमुदी महोत्सव रोकी दिएको जस्तो गरेकोले उनीहरू बीच विवाद भएको जस्तो देखिन आउँछ जुन राक्षसलाई देखाउन पनि परेको हुन्छ ।

चौथो अङ्कको प्रारम्भसंगै पाटलीपुत्रबाट गुप्त समाचार लिएर आएको राक्षसको गुप्तचर करभकले विषकन्याको प्रयोग पनि विफल भयो, कसरी चतुर चाणक्य र चन्द्रगुप्तका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बीच फुट ल्याएर यिनीहरू माथि विजय प्राप्त गर्ने होला भनेर सोच विचार गरिरहेको राक्षससंग भेट गर्छ। उसले शत्रुको विनाश गरेपछि मात्र वावुको श्राद्ध गर्छु भनेर प्रतिज्ञा गरेको पनि दश महिना भइसकेको हुन्छ। यसै बीच चन्द्रगुप्त र चाणक्य बीच मतभेद भएको हुनाले चाणक्यले चन्द्रगुप्तलाई मन्त्रीपदवाट हटाई दिने र चाणक्य वनका लागि प्रस्थान गरेपछि चन्द्रगुप्तलाई जित्न सजिलो हुने जस्ता कपोत कल्पना गरिरहेकै अवस्थामा चन्द्रगुप्तले चाणक्यलाई मन्त्रीपदवाट निकालिदिएको भ्रामक खवर पाएको राक्षसले चाँडै नै आक्रमण गर्ने योजना बनाए पश्चात् चौथो अङ्कको समाप्ति हुन्छ।

पाँचौ अङ्कमा भागुरायणको नीति पटुतावाट मलयकेतुलाई राक्षसमाथि आशङ्का उत्पन्न हुन्छ तापनि त्यसलाई प्रकट रूपमा नल्याइकन राक्षससँग मिलेर पाटलीपुत्रमाथि आक्रमण गर्ने योजना वनाउँछ। साथै जीव सिद्धि, क्षपणक र भागुरायण बीच भएको गोप्य कुरा पनि मलयकेतुले थाहा पाउँछ। नक्कली पत्र र आभुषण लिएर भाग्न लाग्दा समातिएको सिद्धार्थकवाट सबै कुरा थाहा पाएको मलयकेतु सार्है निराश हुन्छ तापनि हिम्मत भने हार्दैन। पर्वतेश्वरका गहनाहरू राक्षसले लगाएको देखेपछि मलयकेतुलाई पर्वतेश्वरको हत्या राक्षसले नै गराएको रहेछ भन्ने कुरामा विश्वास हुन्छ। छैठौं अङ्कमा जव राक्षसले आफ्नो मित्र चन्दनदासको रक्षामा असफल भएर एकान्त उद्यानमा वसेर चिन्ता गरिरहेको हुन्छ त्यसैवेला कुनै एउटा मान्छे जो कि वास्तवमा चन्द्रगुप्त कै गुप्तचर हो चन्दन दासका लागि घाँटीमा पासो लगाएर मर्न लागेको अभिनय गर्छ र राक्षसवाट चन्दनदासका वारेमा वास्तविकता थाहा पाएपछि आफ्नो प्रतिरक्षाका लागि भाग्छ। सातौं अङ्कमा चाणक्यका कुटिल नीतिको सफलता र राक्षसका प्रतिरक्षात्मक नीतिको असफलता हुन पुगेकोले चाणक्यले गरेको आफ्नो प्रतिज्ञा पूरा भएको देखिन्छ। विवश भएर राक्षसले चन्द्रगुप्तको मन्त्रित्त्व स्वीकार गरेपछि गुप्तवेश धारण गरेका सहयोगीहरूलाई पनि छुट्कारा दिइन्छ भने नाटक सुखान्तमा गएर टुङ्गिन्छ।

तत्कालीन अवस्थामा वाह्य रूपमा नेपाल अंग्रेज युद्ध र नेपालले अंग्रेजलाई जित्नु भनेको राक्षसले चाणक्यलाई जित्नु जस्तै थियो भने आन्तरिक रूपमा रानी ललितत्रिपुर सुन्दरीको पालामा शक्तिशाली बन्न पुगेका भीमसेन थापा र रानीको मृत्युपछि साम्राज्य लक्ष्मीको पालामा भएको भीमसेन थापाको पतन जस्ता घटनाहरू पनि नन्दवंशको पतन र गुप्तवंशको संरक्षण गर्ने योजनाभन्दा कम थिएनन्। भीमसेन थापा जस्ता महत्त्वाकांक्षी व्यक्तिलाई थापा र पाण्डे गुटको द्वन्द्वलाई समन गर्नका लागि नेपाली भाषामा लेखिएको **मुद्राराक्षस** जस्तो कुटनीतिको बयान गरिएको नाटक अत्यन्तै शिक्षाप्रद देखिन्छ। चन्द्रगुप्त जस्तो श्री ५ राजेन्द्र चाणक्य जस्ता भीमसेन थापा एवं नेपालको इतिहासमा घटेका विष पर्व र पाँडे पर्व मुद्राराक्षसको विषयवस्तुसँग मेल राख्ने देखिन्छन्। कुटनीतिका विशेषज्ञ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाणक्यको प्रतिभा, एवं षडयन्त्रको फलस्वरूप नन्दवंशको विनाश पश्चात चन्द्रगुप्तको राज्यलक्ष्मीलाई स्थिर वनाउनका लागि चन्द्रगुप्तको विरोधमा लागेको राक्षसलाई कुटनैतिक रूपमा वश पारेर उसको मन्त्रित्त्व स्वीकार गर्न वाध्य वनाउनु चाणक्यको सफलता मानिन्छ। **मुद्राराक्षस**का चाणक्यले सफलता पाए जस्तै यसवाट शिक्षा हासिल गरेर भीमसेन थापा पनि आफ्नो कार्ययोजनामा सफल होऊन् भन्ने उद्देश्य **मुद्राराक्षस**का नेपाली अनुवादकले राखेको अनुभव हुन्छ। मानवीय संसाधनको समुचित सदुपयोग गर्नुपर्ने मान्यलाई अगाडि सारेको प्रस्तुत नाटकले सक्षम व्यक्ति आफ्नो विरोधी नै किन नहोस् त्यसलाई आफ्नो पक्षमा ल्याएर आफ्नो इच्छा अनुकूल प्रयोग गर्न सक्नु नै राजनैतिक सफलता हो भन्ने सन्देश दिएको छ।

परिशिष्ट–१

सुन्दरानन्द वाँडाद्वारा अनुदित मुद्राराक्षस नाटकको पुष्पिका वाक्य भएको अन्तिम पत्र:


मुद्राराक्षसनाटक पनि संपूर्ण भयो॥ विनामुद्रां मुद्रां
इती श्रीमन्महाराजपद भाजः पृथ्वी ... विशाखदत्तमहाकविना विरचितं मुद्राराक्ष
सनाटकं ... समाप्तम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्दर्भ ग्रन्थसूची:-

१. चितरञ्जन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौं, रत्न पुस्तक भण्डार, (२०२२)

२. चितरञ्जन नेपाली, (अनु.) मुद्राराक्षस नाटक (नेपाली भाषा), टोप वहादुर विजुच्छे, काठमाडौं, (२०३९)

३. दयाराम श्रेष्ठ 'सम्भव', प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा, पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि. (२०३८)

४. धनवज्र वज्राचार्य, (सम्पा.), त्रिरत्न सौन्दर्यगाथा, काठमाडौं: नेपाल सांस्कृतिक परिषद (२०१९

५. धनवज्र वज्राचार्य र भोलानाथ पौडेल (सम्पा) गल्लीमा फ्यांकिएका कसिङ्गर, जगदम्वा प्रकाशन, श्रीदरवार, ललितपुर (२०१८)

६. वालकृष्ण पोखरेल, पाँच सय वर्ष, काठमाडौं (साझा प्रकाशन २०३१)

७. वावुराम त्रिपाठी, संस्कृत साहित्यका आलोचनात्मक इतिहास, विनोद पुस्तक मन्दिर, आगरा (१९७९ ई.)

८. विशाख दत्त, मुद्राराक्षसम् साहित्य भण्डार, सुभास वजार मेरठ (१९८० इ.स.)

९. सुन्दरानन्द वाँडा, मुद्राराक्षस नाटक, (नेपाली अनुवाद सहित) राष्ट्रिय अभिलेखालय, अप्रकाशित हस्तलिखित ग्रन्थ, लगत सं. (३२९७)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चार लोकेश्वर-मछिन्द्रनाथः एक अध्ययन

✍ *विष्णु कान्त शर्मा**

नेपालमा जति पनि देव-देवी छन् ती सबैलाई हिन्दू तथा बौद्ध धर्मावलम्वीहरूले समानरूपले पूजा-आजा गर्ने धार्मिक सहिष्णुताको ज्वलन्त उदाहरणको रूपमा आउने देवताहरूमा भगवान लोकेश्वर-मछिन्द्रनाथ पनि एक हुन् । हाम्रो देशमा ४ वटा लोकेश्वर-मछिन्द्रनाथ अति प्रसिद्ध छन् । यिनीहरू हुन्:- क) रक्तआर्यावलोकितेश्वर– रातोमछिन्द्रनाथ (पाटन), (ख) श्वेतआर्यावलोकितेश्वर–सेतो मछिन्द्रनाथ (काठमाडौं), (ग) आनन्दादिलोकेश्वर–आदिनाथ (चोभार) र (घ) सृष्टिकान्तालोकेश्वर–सृष्टिकर्ता (नाला)

यसका अतिरिक्त (क) जटाधारी लोकेश्वर–मीननाथ (पाटन), (ख) रातो मछिन्द्रनाथ (भक्तपुर), (ग) रातो मछिन्द्रनाथ (ठिमी) र (घ) वुंगद्यो (रातो मछिन्द्रनाथ) दोलखा पनि छन् ।

यस लेखमा भने ४ प्रसिद्ध लोकेश्वर–मछिन्द्रनाथको मात्र चर्चा गरिन्छ । यस भन्दा अगाडि बौद्ध धर्म अनुसार प्रसिद्ध १५ लोकेश्वरको चर्चा गर्नु आवश्यक ठान्दछु ।

१) **षडक्षरी–लोकेश्वरः-** एक मुख, चार हात, २ हात अंजली मुद्रामा छातीमा टाँसेका र २ हातमा कमलको फूल र रूद्राक्षमाला लिएका छन् । साथमा मणिधर र षडक्षरी महाविद्या छन् । गर-गहनाले झकिझकाउ भएका र यिनले पवित्र मन्त्र 'ओम् मणि पद्मे हुं' को प्रतिनिधित्व गर्दछन् । यिनले अमिताभ बुद्धको प्रतिमूर्ति भएको मुकुट पहिरिएका हुन्छन् । कतै-कतै मणि र पुस्तक धारण गरेको मूर्ति पनि पाइन्छ ।

२) **सिंहनाद-लोकेश्वरः-** यी लोकेश्वर महाराजलीलासनमा बसेका हुन्छन् । एक मुख, सेतो रङ्गका हुन्छन् । सिंह वाहन, सेतो सर्प बेन्हिएको त्रिशुल, कमलको फूल माथि खड्ग, फूलका पातहरूले भरिएको कमलको फूलको आकारको कचौरा र रूद्राक्ष-माला लिएका हुन्छन् । त्रिनेत्र, जटामुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका, गरगहना र वस्त्र विहीन केवल बाघको छाला ओढेर अर्ध चन्द्रमाथि बसेका हुन्छन् ।

---

* *अभिलेख अधिकृतः राष्ट्रिय अभिलेखालय*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) **षर्सपण–लोकेश्वरः-** सेतो रङ्गका एक मुख भएका ललित या अर्धपर्यङ्कासनमा बसेका हुन्छन् । साथमा तारा, सुधनकुमार, भृकुटी र हयग्रीव बसेका छन् । साथै २ वटा कमलको फूलमाथि चन्द्रमामा बसेका पनि हुन्छन् । वरद मुद्रा र कमलको फूल धारण गरेका, गरगहना लगाएका र जटामुकुटमा अमिताभवुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

४) **लोकनाथ–लोकेश्वरः-** एक मुख भएका सेतो रङ्गका वरद मुद्रा र कमलको फूल लिएका, साथमा तारा, हयग्रीव, आठ बोधिसत्त्व, ४ देवी धूप, दीप, गन्ध, पुष्प, वज्राङ्कुशी, वज्रपाशी, वज्रफोटा र वज्रघण्टा लिएका छन् र मुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् । यिनको मूर्ति पर्यङ्क, अर्धपर्यङ्क, ललितासनमा बसेका वा उभिएका दुवै पाइन्छन् ।

५) **हलाहल–लोकेश्वरः-** तीन मुख, छ हात भएका शक्तिलाई काखमा लिएका छन् । यिनको मूर्ति शक्तिसहित बसेको वा उठेको दुवै पाइन्छ । त्रिनेत्र, जटामुकुटमा अमिताभवुद्ध धारण गरेका, सेतो, रातो र निलो वर्ण भएका, खड्ग, अर्धचन्द्र, कपाल लिएका बाघको छाला ओढेका, वरद मुद्रा, रूद्राक्ष- माला, धनु-वाण, सेतो कमलको फूल हातमा लिएका र एक हात आफ्नो शक्तिको छातीमा राखेका छन् । यिनी ललितासनमा रातो कमलको फूलमाथि बसेका छन् ।

६) **पद्मनृत्येश्वर–लोकेश्वर (१८ हात भएका):-** एक मुख, १८ हात भएका सबै हातमा २/२ वटा कमलको फूल धारण गरेका छन् । जटामुकुटमा अमिताभबुद्धको प्रतिमूर्ति धारण गरेका छन् । अर्धपर्यङ्क नृत्यमुद्रा आसन भएका, योगिनीहरूवाट घेरिएका, दुवैतर्फ तारा, सुधनकुमार, भृकुटी र हयग्रीवसाथमा लिएका छन् । गरगहनाले झकिझकाउ छन् ।

(२ हात भएका):- एक मुख, रातो रङ्गका शक्ति सहित शुशि मुद्रामा, कमलको फूल लिएर जनावर विशेषमा बसेका छन् । मुकुटमा अमिताभ बुद्धको प्रति मूर्ति धारण गरेका छन् । कमलको फूल लिएको हातले आफ्नो शक्तिलाई अँगालेका र अर्कोहात शुशी (नृत्य) मुद्रामा छ । यिनी ८ पत्र भएको कमलको फूलमा पनि बसेका छन् । र प्रत्येक पातमा एक/एक देवी छिन् । जस्तैः- पूर्वी पातमा देवी विलोकिनी छिन् । यिनको रङ्ग सेतो छ र रातो कमलको फूल लिएकी छिन् । दक्षिणी पातमा हरियो रङ्गको तारा जसले पलाँस र कमलको फूल लिएकी छिन् । पश्चिम पातमा चक्र र निलो कमलको फूल लिएकी पहँलो रङ्गकी देवी भूरिणी छिन् । उत्तर तर्फको पातमा पहँलो कमलको फूल लिएकी सेतो रङ्गकी देवी मृकुटी छिन् । उत्तर-पूर्व तर्फ पद्मवासिनी देवी छिन् । यिनको रङ्ग पहँलो छ र रातो कमलको फूल लिएकी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छिन् । दक्षिण-पूर्व तर्फको पातमा विश्वपद्मेश्वरी देवी छिन् । यिनको रङ्ग आकाशी छ र यिनले सेतो कमलको फूल लिएकी छिन् । दक्षिण-पश्चिम पातमा देवी विश्वपद्मा छिन् । यिनले कालो कमलको फूल लिएकी छिन् र यिनको रङ्ग सेतो छ । उत्तर-पश्चिम तर्फ विश्ववज्रादेवी छिन् । यिनको रङ्ग रंगिचंङ्गी छ र यिनले २/२ वटा कमलको फूल लिएकी छिन् ।

(८ हात भएका):- एक मुख, आठ हात भएका, अर्ध पर्यङ्क-नृत्यमुद्रामा छन् । २ वटा कमलको फूलमाथि चन्द्रमामा बसेका छन् । जटामुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका, त्रिनेत्र, गरगहनाले सजिएका, सर्पको जनै लगाएका, २ हात नृत्य मुद्रामा, एक शुशी मुद्रामा आफ्नो छातीमा राखेका, एक हातमा रातो कमलको फूल लिएर आफ्नो टाउको माथि पुऱ्याएका र बाँकी ४ हातमा वज्र सहितको त्रिशुल, लट्ठी, कमण्डलु र रूद्राक्ष-माला धारण गरेका छन् । यिनलाई चारैतिरबाट ८ वटा देवीहरूको घेरेका छन् ।

७) **हरिहरिहरि वाहन लोकेश्वरः-** एक मुख र छ हात भएका सेतो रंगका छन् । यिनको स्वरूपमा सबभन्दा मुनि सर्प छ र त्यसमाथि सिंह छ, सिंहमाथि गरूड छ र गरूडमाथि ४ हातमा शंख, चक्र, गदा र पद्म धारण गरेका श्री विष्णु छन् र उनको काँधमा श्री लोकेश्वर चढ्नु भएको छ । जटामुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छ हात मध्ये एक हात साक्षीको रूपमा तथागतलाई इंगित गरेका, एक हातले अज्ञानी मनुष्यलाई ज्ञान प्रदान गर्दै गरेका र बाँकी ४ हातमा रूद्राक्ष-माला, त्रिदण्डी, मृगचर्म र कमण्डलु लिएका छन् ।

८) **त्रैलोक्य भवशंकर–लोकेश्वरः-** एक मुख, रातो रङ्गका, रातो कमलको फूलमाथि वज्रपर्यङ्कासनमा बसेका त्रिनेत्र भएका, जटामुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका र हातमा पाश र अंकुश सहितको वज्र लिएका छन् ।

९) **रक्त–लोकेश्वर (४ हात भएका):-** एक मुख, ४ हात भएका हातमा पाश, अंकुश, धनु, वाण लिएका, रातो रङ्गका छन् । तारा र भृकुटी साथमा लिएका र रातो फूल फूलेको अशोकको वृक्षमुनि उभिएका छन् । रातै गरगहनाले सजिएका र मुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

(२ हात भएका):- एक मुख, रातो रङ्गको २ हातमा रातो कमलको फूल लिएका, जटामुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका, गरगहनाले सजिएका छन् ।

१०) **माया जालक्रम–लोकेश्वरः-** ५ मुख भएका (रातो, सेतोमुख २ वटा, पहेंलो र हरियो), नीलो शरीर भएका, १२ हातमा डमरू, खटवाङ्ग, अंकुश, पाश, वज्र, वाण,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विशेष मुद्रा धारण, कपाली पात्र, रातो कमलको फूल, मणी, धनु र चक्र लिएका, प्रत्यालिधाशनमा उभिएका वा सूर्य मण्डला भित्र बसेका, त्रिनेत्र भएका ६ वटा हड्डीको गहना लगाएका, मुण्डमाला भिरेका नग्न स्वरूपका डरलाग्दा छन् । यिनले अमिताभ बुद्धको प्रतिमूर्ति मुकुटमा धारण गरेका छन् ।

११) **नीलकण्ठ–लोकेश्वरः-** एक मुख या पाँच मुख भएका पहेँलो रङ्गका, रातो कमलको फूलमाथि वज्रपर्यङ्काशनमा समाधी मुद्रामा बसेका छन् । जटामुकुटमा अर्धचन्द्र र अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् । हातमा कलश र मणि सहितको पात्र लिएका छन् । आफ्ना दायाँ बायाँ सर्पहरू राखेर कृष्णसारको छालामाथि बसेर मृग छालाको पवित्र जनै पहिरिएका, विभिन्न रत्नमणिहरू भरिएको कपालीपात्र साथमा राखेका, बाघको छाला ओढेका, गलामा नीलो विष धारण गरेका, आसनका दुवै तर्फ मणि धारण गरेका सर्पहरू सहित बसेका हुन्छन् ।

१२) **सुगति सन्दर्शण–लोकेश्वरः-** एक मुख, सेतो रङ्ग, ६ वटा हातमा बरद र अभय मुद्रा, रूद्राक्ष-माला, कमलको फूल, कमण्डलु र त्रिदण्डी लिएका छन् । जटामुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् । गरगहनाले सजिएर कमलको फूल माथि चन्द्रमामा टेकेर उभिएका छन् ।

१३) **प्रेतसन्तारपित–लोकेश्वरः-** एक मुख, सेतो रङ्ग, ६ हातमा वरद मुद्रा, मणि, पुस्तक, त्रिदण्डी, रूद्राक्ष-माला लिएका छन् । जटामुकुटमा अमिताभ बुद्धको प्रति-मूर्ति धारण गरेका, जनै पैन्हिएका, कमलको फूलमाथि चन्द्र मण्डलामा उभिएका छन् ।

१४) **सुखावती–लोकेश्वरः-** ३ मुख भएका, सेतो वर्णका, ६ हातमा रूद्राक्ष-माला, वरद मुद्रा, २ हातले धनु-वाण चलाउँदै गरेका, वाण, कमलको फूल लिएका र एक हातले आफ्नो शक्ति ताराको तिघ्रामा समातेका छन् । शक्तिलाई काखमा लिएर कमलको फूलमाथि ललिताशनमा बसेका छन् । वज्रतारा, विश्वतारा, पद्मतारा आदि देवीले घेरिएका र अमिताभ बुद्धको प्रतिमूर्ति भएको मुकुट लगाई सो माथि चैत्य धारण गरेका छन् ।

१५) **वज्रधर्म–लोकेश्वरः-** एक मुख भएका, रातो-रातो सेतो रङ्गका छन् । कमलको फूलमाथि चन्द्रमामा बसेका छन् । यिनको वाहन मयुर हो । यिनको स्वरूप पद्मरागमणि जस्तो चम्किलो छ । यिनले १६ पत्र भएको कमलको फूल लिएका छन् । यिनले मुकुटमा पञ्चध्यानी बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

काठमाडौं मछिन्द्रबहाल सेतो मछिन्द्रनाथको मन्दिर परिसरभित्र चित्रकारी गरिएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान लोकेश्वरका १०८ स्वरूपहरूको वर्णन गर्नु पनि आवश्यक छ। यसका साथै तामाका पातामा कुँदिएका १०८ लोकेश्वरका प्रतिमूर्ति पनि यहाँ स्थापना गरिएका छन्। साथै यस्तै लोकेश्वरका १०८ चित्रकारी ठिमी बालकुमारी मन्दिर नजिकैको भजनपाटीमा पनि कोरिएका छन्। यसैगरी नाला सृष्टिकान्ता लोकेश्वरको मन्दिर हातामा सिंहमर्मरमा कुँदिएका १०८ लोकेश्वरका प्रतिमूर्तिहरू पनि देख्न सकिन्छ। यी १०८ लोकेश्वरका स्वरूप नेपालमा मात्र पाइन्छ। यसका अतिरिक्त ३६० लोकेश्वरको स्वरूप पनि प्रचलनमा छन्।

<u>**अब १०८ लोकेश्वरका स्वरूपहरूको चर्चा गरौं:-**</u>

१) **हयग्रीव–लोकेश्वर:-** एक मुख भएका यी लोकेश्वर वज्रपर्यङ्काशनमा कमलको फूलमाथि बसेका छन्। ४ हात मध्ये २ हात व्याख्यान मुद्रामा र २ हातमा रूद्राक्ष-माला र कमलको फूल लिएका छन्। यिनलाई एउटा घेरामा अन्य छ बुद्ध भगवानले र शिंरोभागमा भैरव मुखाकृतिले घेरेका छन्।

२) **मोजघाङ्जवल–लोकेश्वर:-** एक मुख भएका समभंग मुद्रामा कमलको फूलमाथि उभिएका र पाश र अभय मुद्रा २ हातमा धारण गरेका छन्।

३) **हलाहल–लोकेश्वर:-** ललिताशनमा शक्ति सहित कमलको फूलमाथि बसेका छन्। ३ मुख ६ हात भएका ध्यानी बुद्धको प्रतिमूर्ति भएको मुकुट धारण गरेका, खड्ग, रूद्राक्ष-माला, वरदमुद्रा, कमलको फूल, उत्पल र पाश हातमा लिएका र अर्को एक हातले आफ्नो शक्तिलाई बेह्रिरहेका छन् शक्तिका दुबै हात वरद र अभय मुद्रामा छन्।

४) **हरिहरिहरि वाहन–लोकेश्वर:-** एक मुख भएका, सर्पासन माथि सिंह, सिंह माथि गरूड, गरूड माथि श्री विष्णु र श्री विष्णु माथि लोकेश्वर आरूढ हुनुहुन्छ। गरूडको दुबैहात अन्जली मुद्रामा छ भने श्री विण्णुले २ हात अन्जली मुद्रामा र २ हातमा गदा र चक्र धारण गरेका छन्। लोकश्वर वज्रपर्यङ्काशनमा विष्णु माथि आरूढ छन् र उनको ५ हातमा रूद्राक्ष-माला, चक्र, वरद मुद्रा, त्रिदण्डी, पाश र उत्पल धारण गरेका छन्।

५) **मायाजालक्रमलोकेश्वर:-** ५ मुख, १२ हात भएका, अमिताभ बुद्धको प्रतिमूर्ति शिरमा धारण गरेका, आलिध्य-आसनमा उभिएका बाघको छाला पहिरिएका र मुण्डमाला भिरेका छन्। हातमा त्रिदण्डी, खटवाङ्ग, मणि, खड्ग, वज्र, रूद्राक्ष-माला, पाश, कपालीपात्र, उत्पल, फल, चक्र र कमलको फूल लिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६) **षडक्षरी-लोकेश्वरः-** एक मुख भएका, वज्रपर्यङ्काशनमा बसेका, ४ हातमा २ हात अञ्जली मुद्रामा र २ हातमा रूद्राक्ष-माला र कमलको फूल लिएका छन् ।

७) **आनन्दादि–लोकेश्वरः-** एक मुख भएका, समभंग आसनीमा रहेका २ हातमा कमलको फूल र वरदमुद्रा धारण गरेका छन् ।

८) **वैश्याधिकार-लोकेश्वरः-** एक मुख भएका, वज्र पर्यङ्काशनमा बसेका र समाधि मुद्रामा हातमा कचौरा लिएका छन् ।

९) **पीतपट्ट–लोकेश्वरः-** एक मुख भएका, वज्रपर्यङ्कासनमा बसेका, अञ्जली मुद्रा सहित रूद्राक्ष-माला र पाश धारण गरेका छन् ।

१०) **कमण्डलु–लोकेशवरः-** एक मुख भएका, ६ हातमा २ हातले धनुवाण चलाउन तयार भएका र अन्य हातमा वज्र, चक्र, घण्ट र कमण्डलु लिएका छन् । समभंग आसनीमा उभिएका छन् ।

११) **वरद–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हात भएका, २ हात अञ्जली मुद्रामा, एक हात वरद मुद्रा र अन्य हातमा रूद्राक्ष-माला, पुस्तक र करूण मुद्रा धारण गरेका छन् ।

१२) **जटामुकूट–लोकेश्वरः-** एक मुख, सिधा उभिएका यी लोकेश्वरले शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् । हातमा रूद्राक्ष-माला, कमण्डलु, कमलको फूल र वरदमुद्रा धारण गरेका छन् ।

१३) **सुखावती–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि ललिताशनमा बसेका छन् । २ हात धर्मचक्र मुद्रा र अन्य हातमा रूद्राक्ष-माला, पुस्तक, कमण्डलु र वरद मुद्रा धारण गरेका छन् ।

१४) **प्रेतसंतर्पित–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका, रूद्राक्ष-माला, मणि, वरदमुद्रा, त्रिदण्डी, पुस्तक र अभय मुद्रा धारण गरेका छन् ।

१५) **मायाजालक्रमक्रोध–लोकेश्वरः-** ५ मुख भएका, डरलाग्दो स्वरूप भएका, आगोको ज्वाला झैं देखिने कपाल भएका, प्रत्यालिधासनमा उभिएका, बाघको छाला ओढेका छन् । १२ हातमा खड्ग, वज्र अंकुश, पाश, त्रिशुल, वाण, ढाल, चक्र, मणि, मृगचर्म, कपाली पात्र र तार्जनी सहितको डोरी लिएका छन् ।

१६) **सुगतिसन्दर्शन–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका, रूद्राक्ष-माला, त्रिदण्डी, उत्पल, कमण्डलु र वरद र अभय मुद्रा धारण गरेका छन् ।

१७) **नीलकण्ठ–लोकेशवरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । समाधिमुद्रा बाँधी मणिले भरिएको कलश लिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८) **लोकनाथ–रक्तआर्यावलोकितेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि ललिताशनमा बसेका छन् । एक हात वरद मुद्रामा र अर्को हातले कमलको फूलको डाँठ समातेर काखमा राखेका छन् ।

१९) **त्रैलोक्यसन्दर्षण–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हात छातीमाथि विशेष मुद्रामा राखेका छन् भने अर्को हात करूण मुद्रामा छ ।

२०) **सिंहनाथ–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि भद्राशनमा बसेका छन् । ४ हातमा खड्ग, मणि, पुस्तक र पाश लिएका छन् ।

२१) **खसर्पण–लोकेश्वरः-** कमलको फूलमाथि ललितासनमा बसेका एक मुख भएका र २ हातमा वरद मुद्रा र कमलको फूलको डाँठ समातेका छन् ।

२२) **मणिपद्म–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्याङ्काशनमा बसेका छन् । २ हात अञ्जली मुद्रामा, २ हातमा रूद्राक्ष-माला र कमलको फूल लिएका छन् ।

२३) **वज्रधर्म-लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हात अभय मुद्रामा र अर्को हातले उत्पलको डाँठ समातेर काखमा राखेका छन् ।

२४) **प्रवर–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । ४ हात मध्ये २ हातले अभय र करूणा मुद्रा धारण गरेका छन् भने अन्य २ हातमा रूद्राक्षमाला र पुस्तक लिएका छन् ।

२५) **उन्नति–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि भद्राशनमा बसेका छन् । ६ हात मध्ये एक हात अभय मुद्रामा, अरू हातमा रूद्राक्षमाला, वज्र, कपाली-पात्र, पाश र कमण्डलु धारण गरेका छन् ।

२६) **कृष्णाचल–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि ललिताशनमा बसेका, ६ हातमा उत्पल, वाण, धनु, पुस्तक र अभय र वरदमुद्रा धारण गरेका छन्

२७) **ब्रम्हदण्ड-लोकेश्वरः-** एक मुख भएका, शक्ति सहित कमलको फूलमाथि ललिताशनमा बसेका छन् । ४ हातमा त्रिदण्डी, रत्नकलश, वरद र विशेष मुद्रा धारण गरेका छन् । काखमा बसेकी शक्तिका २ हात चाहिँ अभय र वरद मुद्रामा छन् ।

२८) **अचिन्त्य–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि ललिताशनमा बसेका छन् । ६ हातमा २ हात वरद र अभय मुद्रामा र अन्य ४ हातमा खड्ग, वाण, धनु र कर्ती लिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२९) **महावज्रसत्व–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । ८ हात मध्ये एक हात अभय मुद्रामा र बाँकी ७ हातमा खड्ग, रूद्राक्षमाला, चक्र, पाश, त्रिदण्डी, शंख र मणियुक्त कलश लिएका छन् ।

३०) **विष्वाहन–लोकम्श्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा वसेका छन् । छ हात मध्ये एक हात अभय मुद्रामा र बाँकी ५ हातमा खड्ग, वाण, चक्र, पाश, धनु लिएका छन् ।

३१) **शाक्यबुद्ध–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । ४ हात मध्ये एक हात तर्जनी मुद्रामा र अन्य हातमा वाण, धनु र खटवाङ्ग धारण गरेका छन् ।

३२) **शान्ताश्री–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हात मध्ये २ हात धर्मचक्र मुद्रामा छातीमा राखेका, २ हात वरद र अभय मुद्रामा र अन्य २ हातमा रूद्राक्षमाला र पुस्तक लिएका छन् ।

३३) **यमदण्ड–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि ललितासनमा वसेका ६ हात मध्ये एक हात करूण मुद्रामा र अन्य हातमा खड्ग, कमलको फूल, वज्र, दिव्य-फल र मणिले भरिएको कचौरा लिएका छन् ।

३४) **वज्रोष्णीष–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हात मध्ये २ हात अभय र वरद मुद्रामा र अन्य ४ हातमा रूद्राक्षमाला, त्रिदण्डी, पुस्तक र पाश लिएका छन् ।

३५) **वज्रहुन्टिक–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि नृत्यमुद्रामा अर्धपर्यङ्काशनमा उभिएका छन् । आफ्ना १२ वटै हातमा उत्पल लिएका छन् ।

३६) **ज्ञानधातु–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका, ८ हात मध्ये २ हात अञ्जली मुद्रामा, २ हात क्षपण मुद्रामा र बाँकी ४ हातमा रूद्राक्षमाला, त्रिदण्डी, पुस्तक र पाश धारण गरेका छन् ।

२७) **कारण्डव्यूह–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् र एक हातमा वज्र र अर्को हातमा पुस्तक लिएर आफ्नो छातीमा राखेका छन् ।

३८) **सर्वनिवारणविष्काम्भी–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका, एक हातमा खड्ग सहितको कमलको फूल लिएका र अर्को हातले वज्र धारण गरेर आफ्नो छातीमा राखेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३९) **सर्वशोकतमोनिर्घातमति–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । ४ हात मध्ये २ हात अभय मुद्रामा आफ्नो छातीमा टाँसेका छन् र २ हातमा रूद्राक्ष-माला र उत्पल धारण गरेका छन् ।

४०) **प्रतिभानकूट–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । २ हात मध्ये एउटाले पाश लिएर आफ्नो छातीमा टाँसेका छन् भने अर्को हातमा मणिले भरिएको कलश लिएका छन् ।

४१) **अमितप्रभ-लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हातमा विश्व-वज्र लिएर आफ्नो काखमा राखेका छन् र अर्को हातमा कमलको फूल सहितको कमण्डलु लिएका छन् ।

४२) **जालिनीप्रभ-लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हातमा कमलको फूल सहितको खड्ग र अर्को हातले कमलको फूलको डाँठ समातेर आफ्नो छातीमा टाँसेका छन् ।

४३) **चन्द्रप्रभ–लोकेश्वरः-** एक मुख भएका, कमलको फुलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । दाहिने हातमा वितर्क मुद्रा र देब्रे हातले कमलको फूलको डाँठ समातेर आफ्नो छातीमा टाँसेका छन् ।

४४) **अवलोकितेश्वर–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हातले खड्ग प्रहार गर्न लागेझैं देखिन्छ भने अर्को हातले कमलको फूलको डाँठ समातेर आफ्नो छातीमा टाँसेका छन् ।

४५) **वज्रगर्भ–लोकेशवरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हातमा वज्र र अर्को हातले कमलको फूलको डाँठ समातेर आफ्नो छातीमा टाँसेका छन् ।

४६) **सागरमति-लोकेशवरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका, एक हातमा विश्ववज्र र अर्को हातले कमलको फूलको डाँठ समातेर आफ्नो छातीमा टाँसेका छन् ।

४७) **रत्नपाणी–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका, दायाँ हात वरद मुद्रामा र बायाँ हातले खड्ग लिएका छन् ।

४८) **गगनगञ्ज–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । दायाँ हात वितर्क मुद्रामा र बायाँ हातमा पुस्तक लिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४९) **आकाशगर्भ–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । दायाँ हात वरद मुद्रामा र वायाँ हातले कमलको फूलको डाँठ समातेका छन् ।

५०) **क्षितिगर्भ–लोकेशवरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । बायाँ हात वरद मुद्रामा र दायाँ हातले मणिले भरिएको थाली लिएका छन् ।

५१) **अक्षयमती-लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हातमा रूद्राक्षमाला र अर्को हातमा कमलको फूल सहितको कलश लिएर आफ्नो छातीमा टाँसेका छन् ।

५२) **सृष्टिकान्ता लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दायाँ हात वरद मुद्रामा र बायाँ हात आफ्नो नाइटोमा राखेका छन् । यिनका शरीरका अंग-अंगबाट निस्किएका चतुर्भूज देवताहरूले उनलाई चारैतिरवाट घेरेका छन् । यिनले शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

५३) **समन्तभद्र–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हात वरद मुद्रामा र अर्को हातले कमलको फूलको डाँठ समातेर आफ्नो छातीमा टाँसेका छन् ।

५४) **महासहश्रभूज–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि वज्रपर्यङ्काशनमा बसेका छन् । एक हात वरद मुद्रामा र अर्को हातले खड्ग प्रहार गर्न लागेको जस्तो गरी माथि उठाएको अवस्थामा रहेको देखिन्छ ।

५५) **महारत्नकीर्ति–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका छन् । आफ्ना छ हातमा पवित्र फल, उत्पल, शंख, धनु-वाण, कोर्रा र नमस्कार मुद्रा धारण गरेका छन् ।

५६) **महाशंखनाद–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हात मध्ये एक हात नमस्कार मुद्रामा, २ हातमा वज्र, देव्रतर्फको ३ हातमा पाश, वाण र घण्ट लिएका छन् ।

५७) **महासहश्रसूर्य–लोकेश्वरः-** एघार मुख भएका, कमलको फूलमाथि उभिएका छन् । ८ हात मध्ये एक हात वरद मुद्रामा, २ हात अभय मुद्रामा र अन्य ५ हातमा रूद्राक्ष-माला, चक्र, उत्पल, धनु-वाण र कलश धारण गरेका छन् ।

५८) **महारत्नकुल–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हातमा खड्ग, रूद्राक्ष-माला, पुस्तक, कमलको फूल र दायाँ-बायाँ २ हातमा उत्पल लिएका छन् र यिनले शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५९) **महापाताल–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका छन् । ६ हातमा वज्र, विश्ववज्र, उत्पल, पवित्र झण्डा, घण्ट र कमण्डलु लिएका छन् ।

६०) **महामञ्जुदत्त–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हातमा वाण, उत्पल, दिव्यफल, धनु, वज्र र चक्र धारण गरेका छन् ।

६१) **महाचन्द्रविम्व–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हातमा वाण, उत्पल, पवित्र फल, धनु, वज्र र चक्र धारण गरेका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

६२) **महासूर्यविम्व–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हातमा २ हातमा वज्र, २ हातमा उत्पल र बाँकी २ हातमा चक्र र मणिले भरिएको पात्र लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

६३) **महाअभयस्थूल–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हातमा २ हातमा घण्ट र अरू हातमा वज्र, खड्ग उत्पल र पुस्तक धारण गरेका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

६४) **महाभयङ्करी–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका छन् । ६ हातमा २ हातले पुस्तक समातेर आफ्नो छातीमा राखेका र बाँकी ४ हातमा वज्र, रूद्राक्ष-माला, घण्ट र त्रिदण्डी लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

६५) **महामञ्जुभूत-लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ६ हातमा खड्ग, वज्र, कमण्डलु, रूद्राक्ष-माला, उत्पल र घण्ट लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

६६) **महाविश्वभूप–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ८ हातमा खड्ग, झण्डा, वज्र, अंकुश, घण्ट, शंख, उत्पल र कमलको फूल लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

६७) **महावज्रधातु–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ८ हातमा वज्र, धनु, त्रिशुल, खड्ग, घण्ट, वाण, कमण्डलु र पाश लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

६८) **महावज्रधृक–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका ८ हातमा वज्र, खड्ग, धनु, उत्पल, घण्ट, वाण पाश र अंकुश लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६९) **महावज्रपाणी–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ८ हातमा खड्ग, अंकुश गदा, रूद्राक्ष-माला, चक्र, पाश, उत्पल र पुस्तक लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

७०) **महावज्रनाथ–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ८ हातमा २ हात अभय र वरद मुद्रामा र बाँकी छ हात मध्ये एक हातले नाइटोमा छोएका छन् भने अरू हातमा रूद्राक्ष-माला, पाश, पुस्तक, त्रिदण्डी र कमलको फूल लिएका छन् ।

७१) **अमोघपाश–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ८ हातमा वज्र, खड्ग, अंकुश, धनु, घण्ट, त्रिदण्डी, पाश र वाण लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

७२) **देवदेवता–लोकेश्वरः-** ३ मुख भएका, कमलको फूलमाथि उभिएका, ८ हातमा वज्र, धनु, त्रिशुल, खड्ग, घण्ट, वाण, मणि र पाश लिएका छन् । शिरमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् ।

७३) **पीण्डपात्र लोकेशवरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दुवै हातले पीण्डपात्र बोकेर आफ्नो नाइटोमा टाँसेका छन् ।

७४) **सार्थवाह–लोकेशवरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । एक हातले पीण्डपात्र उचालेका छन् भने अर्को हातले वरद मुद्रा धारण गरेका छन् ।

७५) **रत्नदत्त–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । एक हात वरद मुद्रामा र अर्को हातले आफ्नो काँधमा छोएका छन् ।

७६) **विन्दुपाणी–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । त्रिशुल र कमल–कोपिला २ हातमा धारण गरेका छन् ।

७७) **कमलचन्द्र–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दुवै हात वितर्क मुद्रामा छन् ।

७८) **वज्रदण्ड–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । एक हातमा कमल–कोपिला र अर्को हातमा पुस्तक लिई छातीमा टाँसेका छन् ।

७९) **अचलकेतु–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । २ हात मध्ये एक हात अभय मुद्रामा र अर्को हातमा पीण्डपात्र धारण गरेका छन् । साथै दायाँ काँधमा कौरी अडचाएका छन् ।

८०) **खिरिखरा–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । २ हातमा खड्ग र पाश लिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८१) **धर्मचक्र–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। २ हातमा वज्र र बन्चरो लिएका छन्।

८२) **हरिवाहन–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। २ हातमा कमण्डलु र कौरी लिएका छन्।

८३) **खरखिरि–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। २ हातले त्रिशुल र कमलको फूल लिएका छन्।

८४) **हरिहर–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। दुवै हातले व्याख्यान मुद्रा धारण गरी आफ्नो छातीमा टाँसेका छन्।

८५) **सिंहनाद–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। दायाँ हातले कौरी समातेर काँधमा अडचाएका छन् भने बायाँ हात नाइटोमा राखेका छन्।

८६) **विश्ववज्र-लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। दायाँ हात वरद मुद्रामा र बायाँ हातमा सर्प लिएका छन्।

८७) **अमिताभ–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। दायाँ हातमा कौरी र बायाँ हातमा धर्म-चक्र लिएका छन्।

८८) **वज्रसत्वधातु–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । २ हातमा चक्र र शंख लिएका छन् र शंख लिएंको बायाँ हात आफ्नो नाइटोमा राखेका छन्।

८९) **विश्वदूत–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। २ हातमा रूद्राक्ष-माला र कमलको फूल धारण गरेका छन्।

९०) **धर्मधातु-लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। आफ्ना २ हातले कमण्डलु बोकेर नाइटोमा टाँसेका छन्।

९१) **वज्रधातु–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। २ हात मध्ये दायाँ हात वरद मुद्रामा र बायाँ हातले कमलको फूलको डाँठ समातेर आफ्नो नाइटोमा टाँसेका छन्।

९२) **शाक्यबुद्ध–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। आफ्ना २ हात मध्ये दायाँ हातमा वज्र र बायाँ हात नाइटोमा टाँसेका छन्।

९३) **चैत्यधातु–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन्। एक हातमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन् भने अर्को हात अभय मुद्रामा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९४) **चिन्तामणि–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका र दायाँ हातमा चैत्य धारण गरेर बायाँ हातले आफ्नो नाइटोमा छोएका छन् ।

९५) **शान्तमति–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका, दायाँ हात वरद मुद्रामा र बायाँ हातले रूखको हाँगा समातेका छन् ।

९६) **मञ्जुनाथ–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । २ हातमा रूद्राक्ष-माला र पुस्तक धारण गरी आफ्नो छातीमा टाँसेका छन् ।

९७) **विष्णुचक्र–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । २ हातमा चक्र र गदा धारण गरेका छन् ।

९८) **कृताञ्जली–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दुवै हात अञ्जली मुद्रामा बाँधेर आफ्नो छातीमा टाँसेका छन् ।

९९) **विष्णुक्रान्त–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दायाँ हात वरद मुद्रामा र बायाँ हातले पुस्तक समातेर आफ्नो छातीमा टाँसेका छन् ।

१००) **वज्रधृत–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । आफ्ना २ हात मध्ये दायाँ हातले कौरी समातेका छन् भने बायाँ हात्मा कमलको फूल लिएका छन् ।

१०१) **शंखनाथ–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दायाँ हातमा शंख धारण गरी आफ्नो छातीमा टाँसेका छन् भने बायाँ हातमा कमलको फूल धारण गरेका छन् ।

१०२) **विद्यापति–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दायाँ हातले कुममा अडचाएको कौरीलाई अडचाई छातीमा छोएका छन् । बायाँ हातमा कमलको फूल लिएका छन् ।

१०३) **नित्यनाथ–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । २ हातमा रूद्राक्ष-माला र पुस्तक धारण गरी आफ्नो छातीमा राखेका छन् ।

१०४) **पद्मपाणि–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दायाँ हात वरद मुद्रामा र बायाँ हातले कमलको फूलको डाँठ समातेर नाइटोमा छोएका छन् ।

१०५) **वज्रपाणि–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि अर्धपर्यङ्क–नृत्य मुद्रामा उभिएका छन् । दायाँ हातले वज्र समातेर आफ्नो शिरमाथि छोएका छन् भने बायाँ हात नाइटोमा राखेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०६) **महास्थामप्राप्त–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दायाँ हात वरद मुद्रामा र बायाँ हातले कमलको फूलको डाँठ समातेका छन् ।

१०७) **वज्रनाथ–लोकेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि अर्धपर्यङ्क–नृत्य मुद्रामा उभिएका छन् । दायाँ हातले वज्र समातेर आफ्नो शिरमाथि छोएका छन् भने वायाँ हातले कमलको फूलको डाँठ समातेर नाइटोमा छोएका छन् ।

१०८) **श्रीमद्–आर्यावलोकितेश्वरः-** एक मुख भएका, कमलको फूलमाथि उभिएका छन् । दायाँ हातले वज्र धारण गरी छातीमा छोएका छन् भने वायाँ हातले कमलको फूलको डाँठ समातेर नाइटोमा छोएका छन् ।

माथि उल्लेख गरेझैं ४ लोकश्वरको चर्चा गर्नु अघि लोकेश्वर-मछिन्द्रनाथको नेपाल आगमन बारेकोचर्चा गरिन्छः

लोकेश्वर–मछिन्द्रनाथ

नेपाल उपत्यकामा १२ वर्षदेखि लगातार पानी नपरेर भयङ्कर सुख्खा लागि देशमा हाहाकार फैलिएपछि तत्कालीन राजा नरेन्द्रदेवले तान्त्रिक शिरोमणि शान्तिकार वज्राचार्यज्यूलाई गुहारे । उनले आफ्नो तन्त्रबलले विचार गरी हेर्दा पानी पार्ने सम्पूर्ण नागहरूलाई आसन बनाई श्री गोरखनाथले हठयोगमा समाधि लगाएर बसेकाले पानी नपरेको ज्ञात भएपछि गोरखनाथका गुरू श्री मछिन्द्रनाथलाई नेपाल ल्याउन सकेमा पानी पार्न सकिन्छ भन्ने कुरा राजालाई बताए । साथै उनले नै श्री लोकेश्वर-मछिन्द्रनाथ आसाम कामरूपका यक्ष राज शशीराज र यक्षिणी रानी मायाका कान्छा राजकुमारको रूपमा जन्मेको र उनलाई नेपालमा ल्याउनासाथ आफ्ना गुरूको सम्मान गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनी श्री गोरखनाथ उठ्नासाथ नागहरू मुक्त भै पानी पर्ने कुरा राजामा जानकारी पनि गराए ।

मछिन्द्रनाथलाई नेपाल ल्याउन राजा नरेन्द्रदेव (भक्तपुर) गुरू शिरोमणि शान्तिकारका चेला आचार्य वन्धुदत्त (काठमाडौं) र ललितज्यापू रथनचक्र (पाटन) गरी त्रिसदस्यीय टोली कामरूप तर्फ लागेभने बाटोमा सो टोलीको क्षमता जाँच गरेका नागराज कर्कोटक पनि सम्मिलित भए । सो टोलीले राजकुमारकै सल्लाह अनुसार मोहिनी मन्त्रको प्रयोग गरी भँमराको रूप धारण गराई कलशमा राखेर नेपाल ल्याउनासाथ गुरूको सम्मानमा समाधिष्ठ श्री गोरखनाथ उठेपछि नागहरू मुक्त भै पानी परी सहकालको उदय भएको हुनाले श्री मछिन्द्रनाथलाई सहकालका देवताका रूपमा आजसम्म पनि पुँजिदै आएको पाइन्छ । उनलाई कहाँ राख्ने भन्ने विवादको फलस्वरूप अन्त्यमा ललितपुरमा नै राखी पूजा गर्ने चलन चलाइयो ।

मूल विषयमा प्रवेश गर्नु अघि श्री आर्यावलोकितेश्वरको चर्चा भएको लिच्छविकालको एउटा अभिलेखलाई हेरौं । सम्वत् ४७९ (वि.सं. ६१३) द्वितिय आषाढको उक्त अभिलेखमा (प्रि) यजिवले श्री आर्यावलोकितेश्वरको मूर्ति स्थापना गरे भन्ने उल्लेख छ । काठमाडौं ब्रम्हटोलको नारायण मन्दिरमा यो अभिलेख रहेको छ । हाल उक्त मूर्ति हराई सकेकोले उक्त मूर्तिको स्थानमा नारायणको मूर्ति वनाई प्रतिष्ठापन गरेको पाइन्छ ।

यस अभिलेखबाट आज भन्दा करीब १४५० वर्ष अघिदेखि नै श्री आर्यावलोकितेश्वर भगवान नेपाल उपत्यकामा प्रशिद्ध भै सकेका थिए भन्न सकिन्छ ।

बौद्ध धर्म अनुसार भगवान लोकेश्वरको जन्म अमिताभ वुद्ध र शक्ति पाण्डुराबाट भएको हो । यी बोधिसत्त्व–अवलोकितेश्वर गौतमबुद्धको परिनिर्वाण पछि मैत्रेयबुद्धको अवतार हुनु अघिको समयका अधिष्ठाता हुन् । यी लोकेश्वरलाई पालनकर्ता, दीर्घायु प्रदानकर्ता, आनन्दप्रदानकर्ता र सृष्टिकर्ताका रूपमा लिइन्छ । यिनलाई सूर्य, चन्द्र, ब्रम्हा, विष्णु, महेश्वर, विरंचीनारायण, गुरू गोरखनाथका महागुरू आदिका रूपमा पुजिन्छन् । यिनै भगवान लोकेश्वरका २ नेत्रबाट चन्द्र, सूर्य, निधारबाट महादेव, काँधबाट ब्रम्हा, मुटुबाट विष्णु, दाँतबाट सरस्वती, मुखबाट वायुदेव, पैतालावाट पृथ्वी, नाइटोबाट अग्निदेव, पेटवाट वरूणदेव, देब्रेघुँडाबाट लक्ष्मी र दाहिने घुँडाबाट कुवेरको उत्पत्ति भएको मानिन्छ ।

१) रक्तआर्यावलोकितेश्वर–रातो मछिन्द्रनाथः-

४ लोकेश्वर मध्ये सबैभन्दा प्रख्यात र पहिलो श्रेणीमा आउने लोकेश्वर हुन्– रक्तआर्यावलोकितेश्वर–रातो मछिन्द्रनाथ । यिनले वर्ण अरूणको जस्तो रातो छ भने ठूला-ठूला आँखा, ३ फूट जति अगला, माटोबाट बनेका छन् । यिनको शिरमा रत्नजडित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुकुट, निधारमा टीका, कानमा गहना-कुण्डल, गलामा रत्नमाला, कर्कोटक नागको चाँदीको मूर्ति, पाखुरामा वाजु र पाउमा कल्ली आदि गरगहना लगाएका छन् । यिनको दाहिने हात वरद मुद्रामा र देब्रेहातले कमलको फूल लिएका छन् ।

यिनको उत्पत्ति कथा यस्तो छः- अनन्त कल्पको सत्ययुगको प्रथम चरणमा आफ्ना मनबाट उत्पत्ति भएका अमिताभ बुद्धको छोरा पद्मपाणि वोधिसत्त्व लोक-संहारजन भन्ने समाधिमा बसेका थिए । यसपछि यिनलाई आदिबुद्धले पद्मपाणि–लोकेश्वरको नाम दिए । यिनै लोकेश्वरले समुन्द्रमा माछाको रूप धारण गरी सुतेकाले यिनलाई मछिन्द्रनाथ भनियो ।

यी भगवानको बुंगमती र पाटनमा गरी २ वटा मन्दिर छन् । यो मध्ये पुरानो मन्दिर चाहिँ बुंगमतीकै हो । त्यसैले यी भगवानसंग सम्बन्धित पुराना अभिलेख, ठ्यासफू, हस्तलिखित ग्रन्थ आदिमा यिनलाई 'बुंगद्यो" (बुंगमतीका देवता) भनि उल्लेख गरेको पाइन्छ । यी भगवानलाई ६/६ महिना गरी दुबै मन्दिरमा विराजमान गराइन्छ ।

बुंगमतीको मन्दिर करीब ३० फिट अग्लो शिखर शैलीको छ । मन्दिरको मूलद्वार र सिढीका दुबै तर्फ सिंहहरू द्वारपालका रूपमा स्थापना गरिएका छन् । यी मध्ये एउटा सिंह वि.सं. २००० मा चढाएको देखिन्छ ।

मन्दिरमा धातुका तोरण, ढोकाको फ्रेम आदि चढाइएका छन् । जसमा पद्ममाणि लोकेश्वर, पञ्च ध्यानी बुद्ध र बोधिसत्त्व आदिका मुर्तिहरू कुँदिएका छन् ।

यसैगरी मन्दिरको चारैतिर धातुका अष्टमंगल, घण्ट आदि चढाइएका छन् । यस मध्ये दुईवटा घण्टको अभिलेखमा वि.सं. १९२७ र वि.सं. १९६६ कुँदिएका छन् ।

मन्दिरको टुप्पामा स्वर्णगजुर, पाँचतले स्वर्ण छाता र ३ तले छाता समेत जडिएको छ । साथै धातुका शंख, चक्र, गदा र पद्म पनि चढाएको पाइन्छ ।

हाल मन्दिरको अवस्था भने ज्यादै जीर्ण छ । यसै मन्दिर परिसरमा ने.सं. ८२९ (वि.सं. १७६६) मा स्थापना गरिएको एउटा स्तुप पनि छ ।

पाटनको दोश्रो मन्दिर क्षेत्रलाई तःबहाल या धर्मकीर्ति महाविहार भनिन्छ । यो मन्दिर भने ३ तले ज्यादै नै आकर्षक छ । मन्दिरको हाता पनि ज्यादै ठूलो छ । यसको पूर्व र पश्चिम तर्फ प्रवेश द्वारहरू छन् । यो मन्दिर ने.सं. ७९२ (वि.सं. १७२९) मा राजा श्री निवास मल्लले बनाउन लगाएका हुन् र यिनले नै छ महिना यस मन्दिरमा र ६ महिना बुंगमती मन्दिरमा भगवानलाई विराजमान गराउने चलन चलाएका हुन् ।

मन्दिर उत्तरतर्फ फर्किएको छ । यो मन्दिर करीब ३ फिट अग्लो पेटीमाथि बनाइएको छ । मन्दिरको चारैतिर सयभन्दा बढी माने राखिएका छन् । प्रत्येक मानेको पृष्ट भागमा बुद्धमूर्ति पनि चित्रकारी गरिएको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी मानेहरू नें.सं. १०६९ (वि.सं. २००६) मा चढाइएका हुन् । मन्दिरको चारैतर्फ ३/३ खापे ढोका हालिएको छ । उत्तर तर्फको मूल ढोकामा ढलौटका ठूला-ठूलाहरू सिंहहरू पनि द्वारपालका रूपमा स्थापना गरिएको छ । मूल ढोकाको ताम्र तोरणमा भगवान धर्मचक्र महामंजुश्रीको मूर्ति छ । साथै ढोकामा स-साना वज्रसत्त्व र अमिताभ बुद्धको मूर्ति पनि छ । ढोकाको चाँदीको फ्रेममा पञ्च ध्यानी वुद्ध र २ वटा वोधिसत्व अवलोकितेश्वरको मूर्ति कुँदिएको छ ।

अन्य तर्फका ढोकामा ढुंगाका सिंह द्वारपालको रूपमा स्थापना गरिएको छ । काठका तोरणले ढोकाहरू सजाइएका छन् । मन्दिरको सबै छानाहरू स्वर्ण मोलम्वा युक्त तामाका छन् । मन्दिरको छानाको अभिलेखमा ने.सं. ७८९ (वि.सं. १७२६) र ने.सं. ८४९ (वि.सं. १७८६) कुँदिएका छन् ।

मन्दिरको स्वर्णगजुर पनि ज्यादै ठूलो छ । गजुरमा सानो र ठूलो गरी २ वटा त्रिछत्री पनि ओढाइएका छन् ।

मन्दिर परिसरमा उत्तरतर्फ होमकुण्ड, छत्रपाल र धर्मधातु मण्डला पनि छन् । यसैका पछाडि मछिन्द्रनाथलाई नेपाल ल्याउने भनिएका राजा नरेन्द्रदेव, तान्त्रिक आचार्य वन्धुदत्त र ज्यापू रथनचक्रको शालीक राख्ने स्थान वनाइएको छ । यी स्थानमा उल्लेखित शालीकहरू पर्व-पर्वमा मात्र राखिन्छन् । मन्दिरमा हात्ती, सिंह, सर्प, माछा, मयुर, गरूड, विष्णु, गणेश, शिव र सूर्यका मूर्तिहरू पनि छन् र यी मूर्तिहरू वि.सं. १९४० मा पूर्व तर्फका कमाण्डिङ्ग जनरल पद्मबहादुर राणाले चढाएका हुन् ।

यी भगवानको नित्य पूजा, पर्व पूजा आदि गरिन्छ । यसमध्ये ३ वटा पर्व ज्यादै महत्त्वपूर्ण मानिन्छ । १) महास्नान र रंगरोगन लगाउने पर्व, २) रथ जात्रा ३) मोटो देखाउने पर्व

१) महास्नान र रंगलगाउने पर्वः- प्रत्येक वर्ष वैशाख महिनामा यो पर्व सम्पन्न गरिन्छ । यो पर्व शुरू हुनु भन्दा ४ दिन अगाडिदेखि पूजा सामग्रीहरू संकलन गरिन्छ । यसपछि वज्राचार्यले मुख्य दिनमा तःबहालमा चाँदीको ठूलो कलश पूजा गर्दछन् र त्यसै कलशमा भगवानको प्राण प्रतिष्ठा गर्दछन् र पूजा विधि समाप्त भएपछि उक्त कलशलाई मूल मन्दिरमा मूर्तिको सट्टा विराजमान गराइन्छ र मूर्तिलाई बाहिर ल्याइन्छ । सोही साँझ राजाको प्रतिनिधि स्वरूप तरवारलाई अघि लगाई गुरूज्यूको पल्टन आउँछ र त्यसपछि भगवानको मूर्तिलाई खटमा राखी महास्नान गराउने मण्डपमा लगेर राखिन्छ ।

यसपछि भगवानलाई लगाइदिएका गरगहना, पोशाक आदि फुकाइन्छ र विशेष पूजा गर्दै पवित्र जलले स्नान गराइन्छ । यसपछि भगवानलाई खटमा राखेर तःबहालमा ल्याई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विशेष कोठामा लगिन्छ र २ हप्तासम्म रङ्गरोगन र माटोको मूर्ति बनाउने काम गरिन्छ। यसका लागि काठमाडौं म्हेपीबाट मूर्ति बनाउने ३२ प्रकारका विशेष माटो लगिन्छ। अन्तमा मूर्ति तयार भएपछि बुंगमतीका वज्राचार्य पूजारीबाट भगवानको दशकर्म आदि गरिन्छ। यसरी भगवानको नयाँ मूर्तिबनाई दश कर्म आदि गरी प्राणप्रतिष्ठा गरेपछि महास्नान तथा रङ्गरोगन गर्ने पर्व समाप्त हुन्छ।

२) रथ जात्राः- महास्नान र रङ्गरोगन पर्व समाप्त भएपछि रथ जात्राको तयारी गरिन्छ। रथ तयार गर्ने काम पुल्चोकमा गरिन्छ। सबैभन्दा अग्लो रथको रूपमा चिनिएको यस रथमा भगवान अमिताभ बुद्ध, ध्यानीबुद्ध, वज्रसत्व, स्वयम्भू र तामाको कलशको फूल आदि राखिन्छ। ४ भैरवहरू रथका ४ पाङ्गाको रूपमा राखिन्छ। यिनै भैरवले भगवान लोकेश्वरलाई रथमा बोकेको मानिन्छ। रथको मूल काठलाई कर्कोटक नाग र काठमा टाँसिएको भैरव मुखाकृतिलाई हयग्रीव भैरवको रूपमा लिइन्छ। रथको माझमा भगवान लोकेश्वर–मछिन्द्रनाथलाई बिराजमान गराइन्छ र दायाँ बायाँ, चारै कुरामा विभिन्न भगवानहरू जस्तै सूर्यको प्रतीक घोडा, शिवको प्रतीक साँढे, विष्णुको प्रतीक गरूड र ब्रम्हाको प्रतीक हाँसका धातुका मूर्तिहरू पनि राखिन्छन्।

रथ तयार भैसकेपछि भगवानको मूर्ति राखिन्छ र रथलाई ३ दिनसम्म पुल्चोकमा नै राखिन्छ। चौथो दिनमा रथलाई मिननाथको रथसंगै पाटनतर्फ लगिन्छ। रथलाई गाःबहाल, पाटन दरबार हुँदै सुन्धारा पुऱ्याइन्छ। यसपछि महाबौद्ध हुँदै लगनखेलमा लगिन्छ। भगवानलाई आमाको मन्दिर परिक्रमा गराई त्यहीँ राखिन्छ। भोलिपल्ट लगनखेलबाट पोडे टोलमा ल्याउने क्रममा पुनः आमाको मन्दिरको परिक्रमा गराइन्छ। लामो अवधिसम्म रथलाई पोडे टोलमा राखिन्छ र यसै ठाउँमा नरिवल खसाल्ने पर्व पनि सम्पन्न गरिन्छ।

नरिवल खसाल्ने पर्व सम्पन्न भएको छैठौं दिन गाःबहाल नजिकैको पोखरीमा भगवानको देवाली पूजाको रूपमा कुलदेव योगम्वरको पूजा गरिन्छ। देवाली पूजाको ८ दिन पछि ४ जना ज्योतिषहरूले मणिमण्डपमा बसेर जाउलाखेल तर्फ रथ तानेर लैजाने साइत हेर्दछन् र सोही साइत अनुसार उनीहरू पोडेटोलमा आई रथ तानेर लैजाने कार्य सुरू गराउँछन्। पाटनका श्री कुमारीले बीचबाटोका पाटीमा बसेर रथ तानेको हेर्ने र भगवान प्रति सद्भाव व्यक्त गर्ने कार्य गर्दछिन्। जाउलाखेल पुगेपछि जात्रा समाप्त हुन्छ।

सुरू-सुरूमा यो जात्रा बुंगमतीबाटै सुरू गरिन्थ्यो। त्यहीबाट रथमानै राखेर भगवानलाई जाउलाखेलसम्म ल्याउँदा अप्ठ्यारो बाटोका कारण कयौं पटक रथ बिग्रन गई धेरै समस्या भएकोले राजा श्री निवास मल्लको समय ने.सं. ८०१ (वि.सं. १७३८) देखि पाटनमा मात्रै रथ जात्रा गर्ने चलन चल्यो भनिन्छ। तर हरेक १२ वर्षमा एक पटक सानो खटमा हालेर बुंगमतीदेखि नै भगवानलाई जाउलाखेलमा ल्याउने र दुवै ठाउँमा भोटो देखाउने जात्रा गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) **भोटो देखाउने पर्व:-** जाउलाखेलमा रथ आई पुगेपछि ४ दिनसम्म भगवानको पूजा गर्न पुल्चोक, जाउलाखेल, वुंवहाल, पाँगा, कीर्तिपुर, ठिमी, भक्तपुर आदि ठाउँबाट भक्तजनहरू आउँदछन् । यसै बीच भातको मण्डला बनाई भूतप्रेतलाई मन्छिने, अजिमाको पूजा गर्ने आदि काम सम्पन्न गरिन्छ । चौथो दिन भोटो देखाइन्छ । यस बखत पाटनकी श्री कुमारी, गुरूजुको पल्टनको साथमा राजाको प्रतीक स्वरूप तरवार आदि ल्याइन्छ । यसका साथै बुंगमतीमा लैजानका लागि भगवानका सम्पूर्ण गरगहना, पोशाक, आदि पनि यही ल्याइन्छ । अन्तमा श्री ५ महाराजाधिराज सरकार सपरिवार सवारी भएपछि गुठी संस्थानका हाकिमले भगवानको मूर्ति राखिएको ठाउँबाट भोटो झिकेर ल्याई रथको चारैतिरबाट ३ पटक प्रदर्शन गर्दछन् । यसरी ३ पटकसम्म प्रदर्शन गर्नुको अर्थ हो– प्रथम पटक तीनै शहर काठमाडौं, भक्तपुर र ललितपुरका भक्तजनहरूलाई, दोस्रो पटक मनुष्य, नागगण र देवगणहरूलाई र तेस्रोपटक भूत, प्रेत, किसान, तान्त्रिक र यक्षलोकलाई देखाउनु हो भनिन्छ । भोटो देखाउने कार्य सम्पन्न भएपछि श्री ५ हरूबाट श्री मछिन्द्रनाथ र श्री मीननाथको दर्शन गरी भेटी चढाइन्छ त्यसपछि भगवानलाई बुंगमतीतर्फ लैजाने कार्य सुरू हुन्छ । यसै बखत भगवानको तर्फबाट पूजारीहरूले श्री मीननाथलाई विदाई स्वरूप मिठाइहरू भेट गर्दछन् । यसपछि भगवानलाई रथबाट निकालेर खटमा राखी बुंगमती लाने क्रममा विभिन्न ठाउँमा भक्तजनहरूबाट पूजा आजा गरिन्छ भने भगवानलाई बुंगमती मन्दिरमा विराजमान गराएपछि सम्पूर्ण जात्रा समाप्त हुन्छ ।

रक्त आर्यावलोकितेश्वर–रातो मछिन्द्रनाथसंग सम्बन्धित अभिलेखहरू:-

१) ने.सं. ३४७-५५ (वि.सं. १२८४-९२) मा नेपाल आई ८ वर्षसम्म स्वयम्भूमा वसी अध्ययन गरेर गएका एक तिब्बती भिक्षु धर्मस्वामीले लेखेको आत्मकथामा "नेपालको एउटा विहार वु-खम (वुंगम) मा अवलोकितेश्वरको अतिप्रसिद्ध मूर्ति छ जुन मूर्ति श्री खण्डको काठबाट बनेको रातो रङ्गको छ र उक्त मूर्ति पाँच वर्षे वालकको जस्तो छ ....।" भनि उल्लेख गरेको पाइन्छ ।

२) ने.सं. ४०८ (वि.सं. १३४५) पौषमा नेपालमा दोश्रो पटक हमला गर्न आउँदा फर्कने बेलामा खस राजा जितारी मल्लले स्वयम्भू, बुंगमलोकेश्वर र पशुपतिनाथको दर्शन गरेका थिए साथै ने. सं. ४१० (वि.सं. १३४७) मा नुवाकोट दखल गरी बुंगमतीमा आई भगवानलाई काश चढाएको देखिन्छ ।

३) ने.सं. ४३३ (वि.सं. १३७०) फाल्गुणमा खस राजा रिपुमल्लले भगवान लोकेश्वरको महास्नांन पर्वमा विभिन्न वस्तुहरू चढाएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) ने.सं. ४५७ (वि.सं १३९४) मा पण्डित जयन्तले लेखेको महीरावणवध नामक संस्कृत नाटक बुंगमतीको रथजात्रामा आएका विशिष्ट राजकीय अतिथिहरूको सम्मानमा मञ्चन गरिएको कुरा गोपालराज वंशावलीमा उल्लेख छ ।

५) ने.सं. ५०२ (वि.सं. १४३९) को काठमाडौं इतुंवहालको मदनरामवर्दनको शिलालेखमा उनकी धर्मपत्नीले बुंगम लोकेश्वरलाई सुनको तोरण र दीपंकर वुद्ध चढाएको उल्लेख छ ।

६) ने.सं. ५०५ (वि.सं. १४४२) फाल्गुण शुक्ल सप्तमीमा चाँदीको जन्तर चढाएको देखिन्छ ।

७) ने.सं. ५०७ (वि.सं. १४४४) बैशाख सुढी ४ का दिन राजा जयस्थिति मल्ल आफ्ना छोराहरू र महाथ जयसिंहरामवर्दन सहित बुंगमती रथजात्रामा उपस्थित भएको पाइन्छ ।

८) ने.सं. ६०५ (वि.सं. १५४२) बैशाख शुक्लमा राजा रत्नमल्ल र अरिमल्लदेवले सुनको पाता चढाएको देखिन्छ ।

९) ने.सं. ६०५ (वि.सं. १५४२) मा राजा रत्नमल्लकी वहिनी रत्नादेवीले चाँदीको जन्तर चढाएको देखिन्छ ।

१०) ने.सं. ६१९ (वि.सं. १५५६) को ताम्रपत्र अनुसार जग्गादान गरेको देखिन्छ ।

११) ने.सं. ६४३ (वि.सं. १५८०) श्रावण कृष्ण अमावस्यामा बुंगमती-मन्दिरको जीर्णोद्धार भएको देखिन्छ ।

१२) ने.सं. ६७९ (वि.सं. १६१६) को ताम्रपत्र अनुसार महास्नान पर्वका लागि राजावाट जग्गा प्रदान गरेको एवं रथ लैजाने बाटो बारे समेत उल्लेख गरेको पाइन्छ ।

१३) ने.सं. ६८६ (वि.सं. १६२३) को ताम्रपत्र अनुसार जग्गा प्रदान गरेको देखिन्छ ।

१४) ने.सं. ६९४ (वि.सं. १६३१) मा ललितपुरका एक अज्ञात कविद्वारा रचिएको वीर प्रशस्ति गीतमा बुंगमलोकेश्वर समक्ष राजा नरसिंहदेवका लागि खड्गसिद्धि वरदान मिलोस् भनि प्रार्थना गरिएको पाइन्छ ।

१५) ने.सं. ७३८ (वि.सं. १६७५) बैशाखमा रथजात्राका लागि लगिएको र रथविग्रन जाँदा फिर्ता ल्याइएको कुरा उल्लेख छ ।

१६) ने.सं. ७४१ (वि.सं. १६७८) मा राजा सिद्धिनरसिंह मल्लले भगवानको मन्दिरमा एक तल्ला थप गरी तामामा सुन जलप लगाएको छाना हालेर स्वर्ण गजुर चढाउनुका साथै राजदरवारमा बगैंचा बनाउन लगाई तलेजु, देगुतलेजु र मछिन्द्रनाथको नाममा चढाएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७) ने.सं. ७७२ (वि.सं. १७०९) मा कुनु शर्माद्वारा रचित संस्कृत भाषामा लेखिएको किताबमा पाटन शहरका सम्पूर्ण मन्दिरहरूको परिचय दिने क्रममा स्वर्ण छाना भएको, स्वर्णद्वार भएको भव्य ३ तले मछिन्द्रनाथको मन्दिर छ भनि उल्लेख गरेको पाइन्छ ।

१८) ने.सं ७७४ (वि.सं १७११) मा भगवानलाई बुंगमतीमा फिर्ता लग्दा गहना हराएको र एकजना पुजारीलाई दोष लगाउँदा उक्त गहना कपडामा बेह्रिएको अवस्थामा पाइयो र त्यसै कपडामा राजा श्रीनिवास मल्लले १२ वटा हिरा जडेर भगवानलाई चढाएको देखिन्छ ।

१९) ने.सं ७८१ (वि.सं १७१८) मा मछिन्द्रनाथ-जात्राको समयमा पशुपतिनाथ र मछिन्द्रनाथलाई गरगहना अर्पण गरी राजा सिद्धिनरसिंह मल्लले सन्यास लिएको देखिन्छ ।

२०) ने.सं. ७८२ (वि.सं. १७१९) मा राजा श्री निवास मल्लले आरती पूजाका लागि गुठीको व्यवस्था गर्नुका साथै स्वर्ण-धारा स्थापना गराएको देखिन्छ ।

२१) ने.सं. ७८३ (वि.सं. १७२०) बैशाखमा भगवानलाई राजा श्री निवास मल्लले विविध वस्तुहरू अर्पण गरेको देखिन्छ ।

२२) ने.सं. ७८४ (वि.सं. १७२१) फाल्गुणको ताम्रपत्र अनुसार भगवानलाई विविध व्यवस्था गरेको देखिन्छ ।

२३) ने.सं. ७८६ (वि.सं. १७२३) को दोस्रो छानाको अभिलेखमा राजा श्री निवास मल्लले छाना बनाउन लगाएको एवं यसको १ वर्ष अघि ने.सं. ७८५ (वि.सं. १७२२) मा स्वर्ण-छाता चढाएको देखिन्छ ।

२४) ने.सं. ७९२ (वि.सं १७२९) मा राजा श्री निवास मल्लले स्वर्ण तोरण, ढोका आदि चढाएको देखिन्छ ।

२५) ने.सं. ७९३ (वि.सं. १७२९) फाल्गुण शुक्ल दशमी आइतवारका दिन राजा श्री निवास मल्लको अभिलेख अनुसार भगवान मछिन्द्रनाथको महास्नानपर्व, रथजात्रा र अन्य विशेष पर्वमा वुंगमती र तवहालमा राजा वा युवराजनै जानु पर्ने र पूजा आजाको लागि गुठीको व्यवस्था समेत गरेको देखिन्छ ।

२६) ने.सं. ७९५ (वि.सं. १७३२) पौष बदी ५ मा चाँदीको जन्तर चढाएको देखिन्छ ।

२७) ने.सं. ७९६ (वि.सं. १७३२) कार्तिक शुक्ल पूर्णिमाको दिन उपवास बस्नेहरूका लागि र उपवास बस्ने थिती सहित भगवानलाई थप गुठीहरूको व्यवस्था गरेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२८) ने.सं. ७९७ (वि.सं. १७३४) मा संस्कृत भाषामा लेखिएको भगवान लोकेश्वर-मछिन्द्रनाथको स्तुती पनि पाइएको छ ।

२९) ने.सं ७९७ (वि.सं. १७३४) चैत्रमा चाँदीको जन्तर चढाएको देखिन्छ ।

३०) ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रमा राजा श्री निवास मल्लले चढाएको चाँदीको तुलसीपत्र जीर्ण भै ने.सं ८४४ (वि.सं. १७८१) मा राजा जय योग प्रकाश मल्लले पुनः चाँदी थप गरी नयाँ बनाई चढाएको देखिन्छ ।

३१) ने.सं. ८०० (वि.सं. १७३७) बैशाखमा भगवानको मुहारमा दाग देखिंदा रथवाट वाहिर ल्याई रङ्ग लगाउने कार्य गरेको देखिन्छ । यस रथजात्रा पर्वमा काठमाडौंका राजा नृपेन्द्र मल्लले भागलिएको देखिन्छ ।

३२) ने.सं. ८०१ (वि.सं. १७३७) मार्ग कृष्ण चतुर्थी सोमवारको बुंगमती मन्दिर परिसरमा रहेको श्री निवास मल्लकी छोरी, श्री रूद्र मल्लकी विवाहित पत्नी श्री रूद्रमती देवीले आफ्ना छोरा रूपेन्द्र मल्लसंग सल्लाह गरी मण्डपको जीर्णोद्धार र भैरव मन्दिरमा तेलिया इट्टा छाप्नुका साथै जीर्णोद्धारका लागि गुठको व्यवस्था गरेको देखिन्छ ।

३३) ने.सं ८०५ (वि.सं. १७४२) आषाढको ताम्रपत्र अनुसार श्री करूणामयलाई विभिन्न वस्तुहरू अर्पण गरेको देखिन्छ ।

३४) ने.सं. ८०८ (वि.सं. १७४५) मा "श्री लोकनाथ" उल्लेख गरी राजा योगनरेन्द्र मल्लले मुद्रा निश्कासन गरेको देखिन्छ ।

३५) ने.सं. ८०८ (वि.सं. १७४५) मा राजा योगनरेन्द्रमल्लकी धर्मपत्नी जयलक्ष्मीदेवीले चढाएको चाँदीको कलश जीर्ण भै वि.सं. १९५८ मा श्री ३ महाराज देव शम्सेरले चाँदी थप गरी पुनः निर्माण गराएको देखिन्छ ।

३६) ने.सं. ८२४ (वि.सं १७६१) चैत्र र वैशाखमा राजा योगनरेन्द्र मल्लले भगवानलाई गरगहना, स्वर्ण मुकुट र ठूलो घण्ट अर्पण गरेको देखिन्छ ।

३७) ने.सं. ८३१ (वि.सं. १७६७) चैत्रमा रूद्राक्ष-मालामा चाँदीको तुलसीपत्र जडान गरी चढाएको देखिन्छ ।

३८) ने.सं ८३१ (वि.सं. १७६७) चैत्र शुक्लमा श्री वीर महेन्द्र मल्ल देव र राजेश्वरी देवीले द्विपला चढाएको देखिन्छ ।

३९) ने.सं. ८३२ (वि.सं. १७६९) मा काँसका ४ वटा थाली चढाएको देखिन्छ ।

४०) ने.सं. ८३४ (वि.सं. १७७१) चैत्र कृष्णको ताम्रपत्र अनुसार श्री करूणामयलाई गरगहना चढाएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४१) ने.सं. ८४१ (वि.सं १७७८) मार्गमा राजा महेन्द्र सिंह देवले चढाएको खट छ। यसै खटमा भगवानलाई बोकेर पाटनबाट बुंगमती लग्ने गरिएको छ।

४२) ने.सं ८४६ (वि.सं. १७८३) फाल्गुण सुदीमा घण्ट चढाएको देखिन्छ।

४३) ने.सं. ८५० (वि.सं. १७८७) मा राजा विष्णु मल्ले खड्कुलो चढाएको देखिन्छ।

४४) ने.सं ८५१ (वि.सं. १७८७) राजा विष्णु मल्लले चढाएको महास्नान गराउने चाँदीको घडा वि.सं. १९९० सालको महाभुकम्पमा मन्दिर भत्किन जाँदा जीर्ण भएको हुँदा श्री ३ महाराज जुद्ध शम्सेरले चाँदी थप गरी पुनः बनाई चढाएको देखिन्छ।

४५) ने.सं ८५१ (वि.सं. १७८७) मा राजा जय विष्णु मल्लले चढाएको घण्टा १९९० सालको भुकम्पले मन्दिर भत्किंदा फूटेकोले श्री ३ महाराज जुद्ध शम्सेरले पुनः नयाँ बनाई चढाएको देखिन्छ।

४६) ने.सं ८५१ (वि.सं १७८८) मा चाँदीको चपला चढाएको देखिन्छ।

४७) ने.सं. ८५१ (वि.सं. १७८८) मा राजा विष्णु मल्लले चढाएको जीवन्यास गर्ने ठूलो घडा १९९० सालको महाभुकम्पमा मन्दिर भत्किन जाँदा जीर्ण हुँदा श्री ३ महाराज जुद्ध शम्सेरले पुनः निर्माण गरी चढाएको देखिन्छ।

४८) ने.सं ८५५ (वि.सं. १७९२) बैशाख सुदी ३ मा सुकीमाला चढाएको देखिन्छ।

४९) ने.सं ८५५ (वि.सं १७९२) माघ बढी १ मा राजा श्री जय विष्णु मल्ल देवले श्री ३ करूणामयलाई चाँदीको करूवा चढाएको देखिन्छ।

५०) ने.सं ८५७ (वि.सं १७९४) श्रावण कृष्ण ११ मा राजा जय श्री विष्णु मल्ल देव र रानी विष्णु लक्ष्मीले घुंघुरा चढाएको देखिन्छ।

५१) ने.सं. ८६१ (वि.सं. १७९८) बैशाखको ताम्रपत्र अनुसार राजा जयप्रकाश मल्लले छाता र ४ वटा ढलौटको झण्डा चढाएको देखिन्छ।

५२) ने.सं. ८६५ (वि.सं. १८०२) मा राजा राज्य प्रकाश मल्लले ५ तले छत्र, ध्वजा चढाएको देखिन्छ। यसै बखतदेखि हालसम्म पनि रथजात्राको समयमा यसलाई समावेश गर्ने गरिएको छ।

५३) ने.सं ८७८ (वि.सं. १८१५) चैत्र शुक्ल १५ मा चाँदीको तुलसीपत्र चढाएको देखिन्छ।

५४) वि.सं १८६१ भाद्र शुक्लमा चाँदीको माला चढाएको देखिन्छ।

५५) वि.सं १८६३ असारमा केतकी-पत्र चढाएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५६) वि.सं १८८६ वैशाख वढी १३ मा चाँदीका ४ वटा थाली अर्पण गरेको देखिन्छ।

५७) वि.सं. १८९९ वैशाख सुदी १५ रोज २ मा चाँदीको सुकुण्डा चढाएको देखिन्छ।

५८) ने.सं ९७१ (वि.सं १९०८) चैत्र सुदी १५ मा भगवानलाई स्नान गराउने चाँदीको तपेश जस्तो भाडा चढाएको देखिन्छ।

५९) ने.सं ९७९ (वि.सं १९१६) कार्तिक सुदी १५ मा चाँदीको जन्तर चढाएको देखिन्छ।

६०) ने.सं. ९८९ (वि.सं. १९२६) वैशाखमा रथमा जडान हुने षट्कोण चढाएको देखिन्छ।

६१) वि.सं. १९२७ वैशाख सुदी ३ मा श्री ३ महाराज जङ्ग वहादुर राणावाट भगवानलाई प्रीति गरी घण्ट चढाएको देखिन्छ।

६२) ने.सं ९९७ (वि.सं. १९३४) चैत्रमा भगवानलाई विराजमान गराउने मण्डप वनाई स्थापना गरेको देखिन्छ।

६३) वि.सं. १९५२ मार्ग सुदी ३ रोज ३ मा चाँदीको डाँठ सहितको छाता चढाएको देखिन्छ।

६४) वि.सं. १९५८ कार्तिकमा सुनको टुटी भएको चाँदीको कलश चढाएको देखिन्छ।

६५) वि.सं १९५८ मा जीर्ण कलशमा चाँदी थप गरी श्री ३ महाराज देव शमसेरले नयाँ बनाइ चढाएको देखिन्छ।

६६) वि.सं १९६० जेष्ठ सुदी ६ रोज २ मा कमाण्डर-इन-चिफ भीम शमसेरले सपत्नी चाँदीको ध्वजा चढाएको देखिन्छ।

६७) ने.सं १०६८ (वि.सं २००५) वैशाख सुदी रोज ५ मा श्री ३ बुङ्गदेवतालाई चाँदीको डाँठ सहित चवर चढाएको देखिन्छ।

६८) ने.सं. १०७२ (वि.सं. २००९) मा पत्थर जडेको जन्तर चढाएको देखिन्छ।

६९) ने.सं १०९७ (वि.सं. २०३४) मा चाँदीको षट्कोण जन्तर चढाएको देखिन्छ।

७०) वि.सं. २०३५ वैशाख १ गते श्री वत्सजन्तर चढाएको देखिन्छ।

७१) वि.सं २०३५ जेष्ठ २६ गते मोहरमाला चढाएको देखिन्छ।

२) श्वेत आर्यावलोकितेश्वर–सेतो मछिन्द्रनाथः-

४ लोकेश्वरहरू मध्ये दोस्रो श्रेणीमा पर्ने लोकेश्वर हुन् श्वेत आर्यावलोकितेश्वर-सेतोमछिन्द्रनाथ। यिनको स्वरूप सेतो छ। करिब ४ फिट जति अग्लो यिनको मूर्ति शान्त स्वभावको छ। यिनको स्वरूपलाई पद्मपाणी अवलोकितेश्वरको रूपमा लिइएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। यिनी समभंगमुद्रामा कमलको फूलमाथि विराजमान छन्। यिनको दायाँ हात वरद मुद्रामा र बाँयाहातले कमलको फूलको डाँठ समातेका छन्। जटामुकुटमा अमिताभ बुद्धको प्रतिमूर्ति धारण गरेका छन्। भगवानले वोधिसत्त्व, गरगहना, जर जवाहरात, मुकुट, जनै, स्वर्ण टीका, श्रीवत्स, स्वस्तिका आदि र नीलो धोती पहिरिएका छन्। दायाँबायाँ स्वेत तारा र हरित ताराका स-साना मूर्तिहरू पनि छन्।

यिनका उत्पत्तिको कथा यस्तो छः- यी भगवानको उत्पत्ति हालको आकाश भैरव मन्दिर अगाडि विष्णुमती र बागमती नदीको संगमस्थलमा १००० वर्ष अगाडि भएको थियो भनिन्छ। यसै मूर्तिलाई लगेर त्यस बखतको अति प्रसिद्ध वहाल कनकचैत्य महाविहारमा राखिएको थियो। यो विहार कोलियग्राम जमलग्रन्थी विहारको नामले प्रसिद्ध थियो। यो विहार हालको तीनधारा पाठशाला, जमलमा थियो। यसै ठाउँमा रहेका मुख्य देवता भएकाले यिनलाई जमलेश्वर भनिन्थ्यो। कालक्रमसंगै कुनै दुर्घटनावश यो कनकचैत्य महाविहार भग्न हुन पुगेपछि राजा यक्ष मल्लको समय ने.सं. ५२८-६०२ (वि.सं. १४६५-१५३९) मा उक्त भग्न महाविहारमा पुरिएको अवस्थामा प्राप्त गरिएको भगवानको मूर्तिल्याई हालको मछिन्द्रवहाल–जमलवहाल–जनवहालमा पुनः प्रतिष्ठापन गरिएपछि यिनको प्रसिद्धि चारैतिर फैलियो भनिन्छ।

अर्को कथा अनुसार जीवात्माहरू मरेर स्वर्गजानमा किन कमी आयो भनेर बुझ्न भगवान यमराज र चित्रगुप्त एक पटक पृथ्वीको भ्रमण गर्न भनि आएका थिए। यो कुरा त्यस बखतका राजाले थाहा पाएर यमराज र चित्रगुप्तलाई आफ्नो दरवारमा लगेर खुव सेवा-सत्कार गरे। सेवा-सत्कारबाट प्रशन्न भएका भगवान यमराजले वरदान माग भन्दा राजाले यस लोकका मानिसहरू कहिल्यै नमरून् भन्ने वरदान मागे। यमराजले यस्तो वरदान त केवल सेतो मछिन्द्रनाथले मात्र दिन सक्ने कुरा राजालाई भन्नासाथै भगवान श्री श्वेत आर्यावलोकितेश्वर-मछिन्द्रनाथ उत्पत्ति भै आफूलाई कनकचैत्य महाविहारमा मन्दिर बनाई राख्नू भन्ने आदेश राजालाई दिनु भयो र सोही बमोजिम भगवानलाई कनकचैत्य महाविहारमा मन्दिर बनाई राखियो भनिन्छ। यो घटना किम्वदन्ती अनुसार ने.सं. ५४८ (वि.सं. १४८५) तिर राजा यक्ष मल्लको समयमा भएको थियो।

भगवान सेतो मछिन्द्रनाथको मन्दिर काठमाडौंको केलटोलमा पर्दछ। यस मन्दिर क्षेत्रलाई मछिन्द्रबहाल, जमलबहाल, जनबहाल पनि भनिन्छ। मन्दिर चारैतिर घरहरूले घेरिएको चोकको माझमा अवस्थित छ।

मन्दिरको मुख्य प्रवेशद्वारमा स्थापना गरिएका खम्वाहरूमा अमिताभ, अक्षोभ्य वुद्ध र मण्डला राखिएका छन्। मुख्य प्रवेशद्वारको पुरानो स्वरूप मल्लकालीन थियो तर आगलागीमा परेकाले हालको स्वरूप वि.सं. १९७४ मा जीर्णोद्धार गर्दा दिइएको हो। यस प्रवेशद्वारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धातुको तोरण चढाइएको छ। यो तोरण ने.सं. १०४९ (वि.सं १९८६) मा चढाइएको हो। उक्त तोरणमा अक्षोभ्य बुद्ध र अन्यबुद्धका मूर्तिहरू जडिएका छन्।

चोकको माझमा रहेको २ तले भव्य मन्दिरका छानाहरू स्वर्ण मोलम्वा युक्त छन्। यी छानाहरू ने.सं १००३ (वि.सं. १९४०) ने.सं. १०३८ (वि.सं. १९७५) र ने.सं. १०४० (वि.सं. १९७७) मा चढाइका हुन्। मन्दिरलाई सिंगार्ने क्रममा स्वर्ण मोलम्वा युक्त पताका, झल्लर आदि जडिएका छन् र यी पताकामा विश्ववज्र, ऐना, कलश आदि कुँदिएका छन्।

मन्दिरका टुँडालहरू पनि कालिगढी युक्त छन्। प्रत्येक टुँडालमा भगवान लोकेश्वर-पद्मनाद, जननधातु, नृत्यनाथ, कृताञ्जली, शंखनाद, विश्वनाथ, धर्मधातु, सिंहनाद, महावज्र सत्व, धर्मचक्र, हरिहरिहरिवाहन लोकेश्वर, अमिताभ, रत्नोत्तम, विद्यापाणी, कमलभट, अशित्त, यमदण्ड, कृष्णवर्ण, महावज्रनाद, महापद्मपाणी, महावज्रधिक, महावज्रधातु, महारत्नकुल, सहश्रसूर्य, शंखनाद, रत्नकीर्ति, अशिनिल, मञ्जुदत्त, चन्द्रविम, महासूर्यविम, अभयदत्त, अभयंकारी, मञ्जुभुत, विश्वभूप आदि ४० लोकेश्वरका मूर्तिहरू कुँदिएका छन्।

मन्दिरको स्वर्ण गजुर ने.सं. ९२४ (वि.सं १८६१) मा चढाएको देखिन्छ र यी ३ वटा गजुरसंगै स्वर्ण मोलम्वायुक्त छाता, ऐना, पताका आदि पनि जडेको पाइन्छ।

मन्दिरको पेटीको चारैतिर ६० भन्दा वढी मानेहरू जडिएका छन्। यसको मुन्तिर ३ तह गरेर ३०० भन्दा वढी वत्ती वाल्ने दियोहरू जडिएका छन्।

मन्दिरको ४ कुनामा धातुका सिंहहरू सेतो, सिंग भएको नीलो, चराटाउके गुलाफी र पहँलो रङ्गका चढाइएको छ। यसैगरी मन्दिरको मूल सिंढीमा मुखवाट ज्वाला निकालिरहेका २ वटा धातुका र एउटा ढुंगाको सिंह पनि चढाइएको छ।

मन्दिरको मुख्य ढोका ३ खण्डको २ ढोके छ। जसलाई स्वर्णमोलम्वा युक्त तामापाताले मोढिएको छ र तोरण पनि जडिएको छ। ढोकाको चौकोसको अभिलेखमा ने.सं. ९०५ (वि.सं १८४२) र ने.सं ९७५ (वि.सं १९१२) कुँदिएका छन्। यसवाट यी पाताहरू तत् समयमा चढाएको देखिन्छ। ढोका, तोरण आदिमा भगवान वज्रपाणी, अमिताभ, पञ्चध्यानी बुद्ध, सहश्रभूज लोकेश्वर, पद्मपाणी लोकेश्वर, बोधिसत्व, अमोघपाश लोकेश्वर, विरोचन, सारीपुत्र, मोदगयान, भैरव आदिका ५० वटा जति मूर्तिहरू पनि कुँदिएका छन्। यी मूर्तिहरू मध्ये कति शान्त स्वभावका र कति क्रोधयुक्त पनि छन्।

मन्दिरको भित्री भागको माझमा भगवानलाई विराजमान गराइएको छ। यस ठाउँमा राजा लक्ष्मी नरसिंह मल्ल र प्रताप मल्लको समयमा चढाइएका काष्ठ तोरण, अष्ट भूज मंजुश्रीको मूर्ति कुँदिएको तोरण आदिले सिंगारिएको छ। साथै यसै ठाउँमा र भित्रपट्टि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथिल्लो कोठामा भगवानलाई चढाइएका रथ, गरगहना, भाडाकुँडा, धनु, वाण, पुरानो चैत्य आदि सामग्रीहरू राखिएका छन् ।

मन्दिरमा नित्यपूजा, पर्व पूजा आदि सम्पन्न गरिन्छ । यस कार्यमा ६/६ महिना शाक्य र वज्राचार्यहरू संलग्न हुन्छन् भने देउपाला भने सधैं संलग्न हुन्छन् । नित्यपूजालाई ५ भागमा बाँडिएको छ-प्रथम, द्वितीय, मध्यान्ह, तृतीय र पञ्चम पूजा । यसरी बिहानदेखि साँझसम्म पूजा गरिन्छ । यस अवसरमा सरसफाई गर्ने, भजन गाउने, वत्ती बाल्ने, भोजन गराउने आदि कार्य गरिन्छ र अन्तमा भगवानलाई रात्री विश्राम गराइन्छ । भगवानका २ वटा विशेष पर्व छन् – १) महास्नान तथा रङ्ग लगाउने पर्व २) रथ जात्रा ।

१) महास्नान तथा रङ्ग लगाउने पर्वः- यो पर्व प्रत्येक वर्ष पौष शुक्ल अष्टमीबाट आरम्भ हुन्छ । यसका लागि अष्टमी भन्दा ३ दिन अगाडिबाटै कार्यहरू सुरू हुन्छ । अष्टमीका दिनमा कलश पूजाबाट पर्व सुरू हुन्छ र यस बखत मूर्तिबाट भगवानको आत्मा निकालेर स्वर्ण घडा-कलशमा प्रतिष्ठापन गरिन्छ ।

यसै साँझ मन्दिरमा भक्तजनहरू जम्मा हुन्छन् भने हनुमान ढोकाबाट श्री कुमारीलाई पनि ल्याइन्छ । यसपछि भगवानको मूर्तिलाई छाता ओढाएर महास्नान गर्ने मण्डपमा लगिन्छ । पंचामृत र शोभा भगवती निर्मलतीर्थबाट ल्याएको पवित्र जलद्वारा शंख र चाँदीका ६ वटा कलश प्रयोग गरी महास्नान गरिन्छ । यसपछि मूर्तिलाई लगाइदिएका गरगहना र पोशाकहरू हटाइन्छ । पटक-पटक स्नान गराउने र अन्तमा तातोपानीले स्नान गराएपछि महास्नान गराउने कार्य सकिन्छ । यसपछि मूर्तिलाई मन्दिर भित्र लगेर एक छेउमा राखिन्छ ।

भोलिपल्ट उक्त मुर्तिलाई बाहिर ल्याई ६ दिनसम्म रङ्गरोगन गरी मन्दिरमा लगेर पातलो कपडाले छोपेर एक छेउमा राखिन्छ र "दशकर्म" आदि पूजा गरी स्वर्णघडाबाट आत्मा निकालेर पुनः मूर्तिमा प्रतिष्ठापना गरिन्छ । यसरी सम्पूर्ण विधिहरू पूरा गरेर भगवानलाई पुनः मन्दिरमा स्थापना गरेपछि महास्नान र रंगलगाउने पर्व समाप्त हुन्छ ।

२) रथ जात्राः- महास्नान र रंग लगाउने पर्व समाप्त भएपछि भगवानको रथ जात्रा चैत्र शुक्ल अष्टमीबाट प्रारम्भ हुन्छ । रथ निर्माण गर्ने कार्य भने अष्टमी भन्दा ३-४ दिन अघिबाट जमल-तीनधारा पाठशालामा गरिन्छ । रथमा ४ वटा ठूल-ठूला त्रिनेत्र भएका पांग्राहरू हुन्छन् र यी पांग्राले ४ भैरव र बीचको तेर्सो परेको काठले नागको प्रतिनिधित्त्व गर्दछ । यसै नाग रूपी काठको टाउकोमा भैरवको मुखाकृति भएको तामाको मकुण्डो जडिएको हुन्छ । ४ चक्का माथि एउटा चारपाटे काठको बैठक सहितको कोठा तयार गरिएको हुन्छ र यसै कोठामा भगवानलाई विराजमान गराइन्छ । यसको चारैतर्फ ढोका हालिएको हुन्छ र द्वारपालको रूपमा इन्द्र, यमराज, वरूण, कुवेर अग्नि, नृत्यनाथ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वायुदेव, ब्रह्मा, रूद्र र विष्णु आदि भगवानहरू दश दिशामा जडिएको हुन्छ। मूल ढोकामा तोरण पनि राखिएको हुन्छ र उक्त तोरणको माझमा सहश्रभूज लोकेश्वरको मूर्ति कुँदिएको हुन्छ। साथै छ हात भएकी ताराको मूर्ति पनि तोरणमा कुँदिएको हुन्छ। यसैगरी गरूड, मकर, नाग, विरोचन, अमिताभ र रत्नसम्भवको मूर्ति पनि कुँदिएको पाइन्छ। अन्य ढोकाका तोरणहरूमा अवलोकितेश्वर र ताराका मूर्तिहरू कुँदिएका छन्।

वेत, बाँस आदि प्रयोग गरी बनाइएको रथको टुप्पामा वज्रसत्वको धातुको मूर्ति त्रिछत्री सहित गजुर र सूर्य-चन्द्रको मूर्ति एवं पताकाहरू पनि सजावटको रूपमा राखिएको हुन्छ। चैत्राष्टमीका दिन भगवानलाई मन्दिरबाट रथ तयार भएको ठाउँमा ल्याउनु अगाडि भगवानको आत्माको आधा अंश झिकेर स्वर्ण कलशमा राखिन्छ र कलशलाई मन्दिरमा मूर्तिको स्थानमा विभिन्न पूजा आजा गरी स्थापना गरिन्छ।

साँझ पख ठूलो जनसमूह र बाजागाजाकासाथ खटमा राखिएका भगवानलाई जमलमा ल्याई रथमा विराजमान गराइन्छ। यस अवसरमा राजाको प्रतीक स्वरूप खड्ग, गुरूज्यूको पल्टन आदि सामेल हुन्छन् र रथ तान्ने काम सुरू हुन्छ। पहिलो दिन असनमा अन्नपूर्ण माताको मन्दिर अगाडि रथ पुऱ्याइएपछि गुरू गोरखनाथका आदी गुरूको रूपमा मछिन्द्रनाथलाई मानिएकोले भगवानको विशेष पूजा गर्न मृगस्थलीबाट कनफट्टा योगीहरू आई "चक्र पूजा" सम्पन्न गरिन्छ।

दोस्रो दिन रथलाई हनुमान ढोका कालभैरव मन्दिर अगाडि र तेस्रो दिन लगन टोलमा पुऱ्याइदिन्छ। यहाँ भगवानको मन्दिर र आमाको पनि वासस्थान रहेको मानिन्छ। मन्दिरसंगैको रूखलाई आमाको बासस्थानको रूपमा मानेर रथलाई ३ पटक घुमाइन्छ। आमालाई सम्मान प्रकट गर्ने कार्य समाप्त भएपछि भगवानलाई रथबाट निकालेर शान्ति स्वस्ती, पूजा-आजा आदि गरेर खटमा विराजमान गराइ मछिन्द्रबहाल ल्याइन्छ। त्यहाँ ल्याइसकेपछि मूर्तिलाई खटबाट झिकेर एक छेउमा राखिनुका साथै कलश-होम पूजा, शान्ति-स्वस्ती-पूजा आदि गरी पहिले स्वर्ण कलशमा झिकेर राखेको भगवानको आधा आत्मालाई पुनः मूर्तिमा समावेश गर्ने कार्य सम्पन्न गरिन्छ र मन्दिरको मूल स्थानमा विराजमान गराएपछि पूर्णरूपमा रथ जात्रा समाप्त हुन्छ।

जात्राका बाटोहरू जमल, रानीपोखरी, असन, जनबहाल, हनुमानढोका, लगन र मूल मन्दिर मछिन्द्रबहालसम्म भगवानलाई ल्याउँदा लैजाँदा साँझ-बिहान हजारौं भक्तजनहरू भेला हुन्छन् र पूजा-आजा गर्ने गर्दछन्। विभिन्न कारणहरूबाट रथ जात्रा निश्चित ठाउँमा पुग्नु अगावै रथ रोकिएका पनि छन् र त्यस बखत त्यस भेगका भक्तजनहरूले पूजा आजा गर्ने चलन पनि छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्वेत आर्यावलोकितेश्वर-सेतो मछिन्द्रनाथसंग सम्बन्धित अभिलेखहरू:-

१) ने.सं. ५२१ (वि.सं. १४५८) मा रथ जात्रा र अन्य कार्यका लागि गुठीको व्यवस्था गरेको देखिन्छ ।

२) ने.सं. ५२१ (वि.सं १४५८) मा मन्दिर परिसरमा शक्ति सहितको हेरूकचक्रसम्वरको चित्रकारी गरेको पाइन्छ ।

३) ने.सं. ५९० (वि.सं. १५२७) को पंचरक्षा नामक हस्तलिखित ग्रन्थका सेतोमछिन्द्रनाथको बहाल जनबहालको उल्लेख गरेको पाइन्छ ।

४) ने.सं. ७५० (वि.सं. १६७८) मा रथ जात्रा र अन्य कार्यका लागि गुठीको व्यवस्था गरेको देखिन्छ ।

५) ने.सं. ७७९ (वि.सं १७१६) मा चिन्तामणि लोकेश्वरलाई घण्ट चढाएको देखिन्छ ।

६) ने.सं. ७८४ (वि.सं. १७२१) माघमा चैत्य स्थापना गरेको देखिन्छ ।

७) ने.सं ७९६ (वि.सं १७३३) श्रावणमा चैत्य स्थापना गरेको देखिन्छ ।

८) ने.सं ८०० (वि.सं १७३७) चैत्रमा वज्रधातु स्थापना गरेको देखिन्छ ।

९) ने.सं ८०७ (वि.सं. १७४४) मा चैत्य स्थापना गरेको देखिन्छ ।

१०) ने.सं. ८३० (वि.सं. १७६७) माघमा चैत्य, प्रतिमा स्थापना गरेको देखिन्छ ।

११) ने.सं ८३० (वि.सं १७६७) माघमा वज्रधातु चैत्य स्थापना गरेको देखिन्छ ।

१२) ने.सं ८९३ (वि.सं. १८३०) मा चैत्य स्थापना गरेको देखिन्छ ।

१३) ने.सै. ९०५ (वि.सं. १८४२) मा धातुले मोडिएको ढोका चढाएको देखिन्छ ।

१४) ने.सं ९०९ (वि.सं १८४६) माघमा चिवहाल बनाई स्थापना गरेको देखिन्छ ।

१५) ने.सं. ९१२ (वि.सं. १८४९) माघमा ढुंगाको सिंह चढाएको देखिन्छ ।

१६). ने.सं ९२६ (वि.सं १८६३) मा मन्दिर जीर्णोद्धार गरेको देखिन्छ ।

१७) ने.सं ९५० (वि.सं १८८७) मा ठूलो चैत्य स्थापना गरेको देखिन्छ ।

१८) ने.सं. ९६४ (वि.सं १९०१) मा चैत्य स्थापना गरेको देखिन्छ ।

१९) ने.सं ९७५ (वि.सं १९१२) मा ६ वटा भैंरव मूर्ति सहितको धातुले मोडेको ढोका चढाएको देखिन्छ ।

२०) ने.सं. ९८३ (वि.सं १९२०) मा षडक्षरी लोकेश्वर स्थापना गरेको देखिन्छ ।

२१) ने.सं ९९९ वि.सं १९३६) मा बुद्धमूर्ति स्थापना गरेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२२) ने.सं १००३ (वि.सं १९४०) वैशाखमा चीवहाल स्थापना गरेको देखिन्छ ।

२३) ने.सं १००३ (वि.सं. १९४०) मा स्वर्ण मोलम्वा सहित तामाको छाना छाएको देखिन्छ ।

२४) ने.सं १०११ (वि.सं. १९४७) चैत्रमा चिवहाल बनाई स्थापना गरेको देखिन्छ ।

२५) ने.सं १०३० (वि.सं. १९६७) माघमा सिढी-फलेंचा आदि बनाएको देखिन्छ ।

२६) ने.सं. १०३१ (वि.सं. १९६८) कार्तिकमा खम्वा सहित आर्यताराको मूर्ति प्रतिष्ठापना गरेको देखिन्छ ।

२७) ने.सं १०३१ (वि.सं. १९६८) मा धातुको ताराको मूर्ति चढाएको देखिन्छ ।

२८) ने.सं. १०३२ (वि.सं. १९६९) मा चैत्य स्थापना गरेको देखिन्छ ।

२९) ने.सं. १०४० (वि.सं. १९५७) मा चैत्य बनाई स्थापना गरेको देखिन्छ ।

३०) ने.सं १०४२ (वि.सं. १९७९) मा खम्वा सहित ढलौटको सिंह चढाएको देखिन्छ ।

३१) ने.सं. १०४२ (वि.सं १९७९) ढलोटको ध्वजापताका सहित सिंह चढाएको देखिन्छ ।

३२) ने.सं १०४५ (वि.सं १९८२) धातुको प्रज्ञापारमिताको चर्तुभुज मूर्ति सहितको स्तम्भ स्थापना गरेको देखिन्छ । यिनको दुई हात नमस्कार मुद्रामा र २ हातमा अक्षमाला र पुस्तक लिएका छन् ।

३३) ने.सं १०५१ (वि.सं १९८८) मा चैत्य स्थापना गरेको देखिन्छ ।

३४) ने.सं. १०५८ (वि.सं. १९९५) मा धातुको झण्डा सहितको सिंह शिलास्तम्भ स्थापना गरेको देखिन्छ ।

३५) ने.सं १०६१ (वि.सं १९९८) कार्तिकमा मंगलसूचक स्तम्भ खडा गरेको देखिन्छ ।

३६) वि.सं. १९९८ मा धातुको तारा मूर्ति सहित शिलास्तम्भ खडा गरेको देखिन्छ ।

३७) ने.सं. १०६३ (वि.सं. २०००) मा चैत्य स्थापना गरेको देखिन्छ ।

३८) ने.सं १०६६ (वि.सं २००३) मा २ वटा चैत्यहरू स्थापना गरेको देखिन्छ ।

३९) ने.सं. १०७० (वि.सं २००७) मा २ वटा चैत्यहरू स्थापना गरेको देखिन्छ ।

४०) ने.सं १०७१ (वि.सं. २००८) मा धातुको सिंहनाद लोकेश्वरको मूर्ति स्थापना गरेको देखिन्छ ।

४१) ने.सं. १०९० (वि.सं. २०२७) मा चैत्य स्थापना गरेको देखिन्छ ।

४२) ने.सं १०९२ (वि.सं २०२९) मा नामसंगीतिको मूर्ति स्थापना गरेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) आनन्दादि लोकेश्वर–आदिनाथ

यी भगवानको मन्दिर चोभार डाँडा काठमाडौंमा अवस्थित छ। यी लोकेश्वर करूणापूर्ण हृदयले भरिएका र सम्पूर्ण जीवधारीको उद्धारका लागि यस धर्तिमा अवतरण गर्नु भएकाले आनन्दादि लोकेश्वरको रूपमा पुकारिन्छ। यिनलाई नाथ योगीहरू गुरू गोरखनाथ र मछिन्द्रनाथको आदि गुरूका रूपमा पुर्कादछन्।

यी भगवानको उत्पत्ति कथा यस्तो पाइन्छः-

क) आदिकालमा एक पल्ट ओडियाचार्यले कच्छपगिरिमा (चोभार डाँडा) यज्ञ गर्दा सबै देवताहरूलाई निमन्त्रणा पठाए तर गणेशलाई पठाएनन्। यसले गर्दा गणेश रिसाएर यज्ञमा बाधा पुऱ्याइदिएकाले लोकेश्वर पद्मपाणिले क्षितिगर्भ बोधिसत्वलाई यज्ञस्थलको रक्षार्थ खटाए। उनले विघ्नान्तकको उत्पत्ति गराई यज्ञको विघ्न हटाउनुका साथै अबदेखि कुनैपनि शुभ कार्य गर्दा सर्व प्रथम गणेशको पूजा गर्नु पर्ने व्यवस्था गरिदिए। यसपछि क्षितिगर्भबोधिसत्वले आफ्नो अंश यज्ञ गर्दा स्थापना गरेको छातामा छोडेर गएपछि भक्तजनहरूले यसै स्थानमा उक्त छाता सहित गन्धेश्वर र आनन्दादि लोकेश्वरको स्थापना गरे भनिन्छ।

ख) स्वयम्भू पुराणमा उल्लेख भए अनुसार महामंजुश्रीले चोभार डाँडा काटेर पानी बाहिर पठाइदिएपछि यस ठाउँको नाम कपोतल रहन गयो। संगैको बागमती नदीमा एउटा ठूलो मूर्ति फेला पऱ्यो। उक्त मुर्तिको आँखाले माथितर्फ हेरिरहेको थियो। यसले गर्दा यिनलाई डाँडामा मन्दिर बनाई स्थापना गरियो। यसैले यी भगवानको आँखाले माथि हेरिरहेको छ भनिन्छ।

ग) राजा अंशुवर्मालाई एक पटक सपनामा धर्मराजले मेरो मूर्ति बनाई स्थापना गर्नु भन्ने आदेश भयो र यसै अनुरूप बौद्ध पण्डितद्वारा स्थापना गराइदिएकाले आदिनाथ नामाकरण भयो भनिन्छ।

यिनको ३ $\frac{१}{२}$ फूट जति अग्लो उत्तर तर्फ फर्किएको मूर्ति छ। यिनका दाहिने हात वरदमुद्रामा र देब्रेहात आव्हान मुद्रामा छ। यिनको रंग रातो छ। यिनका आँखाले भने माथितिर हेरिरहेका छन्। गरगहना र पोशाकले झकिझकाउ छन्।

आदिनाथको मन्दिरमा राजाहरू जान नहुने चलन भए पनि यस मन्दिरमा काठमाडौं उपत्यका विजय गरेपछि श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट आफैं सवारी भै पूजा आजा भेटी चढाइबक्सेको थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी भगवानको मन्दिर ३ तले छ। त्रिछत्री सहित स्वर्ण गजुर हालिएको मन्दिरको माथिल्लो छाना स्वर्ण मोलम्वा युक्त तामाको छ भने अन्य छाना झिंगटीको छ। पताकाहरूले मन्दिर सजाइएको छ।

ढोकाहरू तामापाताले मोडिएका छन्। सबैमा बुट्टाकारी पनि गरिएको छ। तोरणमा अक्षोभ्य, वैरोचन, अमिताभ, रत्नसम्भव, अमोघसिद्धि र वज्रसत्वका मूर्तिहरू जडिएका छन्। ढोकामा अमिताभ, ध्यानी बुद्ध र अवलोकितेश्वरका मूर्तिहरू पनि छन्। घण्ट, दियो आदि झुण्ड्याइएका छन् भने मन्दिरको चारैतिर भित्तामा, छाना मुनि प्रशस्त मात्रामा दैनिक उपभोगमा आउने भाडाकुँडाहरू चढाइएको पाइन्छ।

प्रत्येक वर्ष महास्नान तथा रङ्गरोगन गर्ने पर्व पनि मनाइन्छ। यस अवसरमा भगवानलाई नख्खुखोला र बागमती नदीको पवित्र जलले स्नान गराइन्छ। रातो र सेतो मछिन्द्रनाथकै जस्तो गरी महास्नान गराइसकेपछि यिनको चाहिँ केवल मुहारमा मात्र रङ्ग लगाई महास्नान र रंगरोगन गर्ने पर्व समाप्त गरिन्छ। यस अवसरमा विभिन्न प्रकारले पूजा आजा गर्ने र खट जात्रा पनि सम्पन्न गरिन्छ।

सुरू-सुरूमा यिनको पनि रथ यात्रा गरिन्थ्यो तर एक पटक नेपाल र तिव्वतको युद्ध भैरहेको बेलामा रथ अड्किन गयो र भगवान आनन्दादिलोकेश्वर सुन्दरीकन्याको रूपमा रथवाट बाहिर आई घुम्न लागेका थिए। त्यसै समय तिब्वती सैनिकहरूले सुन्दरी कन्यालाई अपहरण गरी तिब्वत तर्फ लगे। यसरी देवतालाई तिब्वती फौजले अपहरण गरेर लगेपछि सैनिकदेखि राजासम्मको पेट दुख्नगई बिरामी परे। यता नेपालमा आदिनाथ हराएको हल्ला हुन थाल्यो। तब तिब्वतीहरूले यी कन्या त हराएका आदिनाथ रहेछन् भन्ने थाहा पाएपछि उनको मूर्ति केरूङ्गमा स्थापना गरी धुरञ्जय लोकेश्वरको रूपमा पूज्न थाले र कन्यालाई स-सम्मान नेपालतर्फ फर्काए। यसै घटनाले गर्दा आदिनाथको रथ यात्रा रोकिन गयो र हालसम्म पनि रथायात्रा रोकिएकै छ।

आनन्दादिलोकेश्वर-आदिनाथसंग सम्बन्धित अभिलेखहरू:-

१) श्री राष्ट्रिय अभिलेखालयमा रहेको ने.सं. ६७८ (वि.सं १६१५) चैत्रशुक्ल द्वितीया (चौथो लगत १३६३ मा दर्ता भएको) एउटा ताडपत्रमा श्री आदिनाथ लोकेश्वरको चर्चा गरिएको पाइन्छ। यस ताडपत्रमा श्री आदिनाथ लोकेश्वरलाई महास्नान गराउनका लागि पाटनका महापात्रहरूले जग्गा प्रदान गरेको कुरा उल्लेख छ।

२) ने.सं ७६१ (वि.सं. १६९८) जेष्ठ शुक्ल दशमी बुधवारका दिन मन्त्रि गुणी जिरणले श्री आदिनाथ लोकेश्वर देवताको ३ तले मन्दिर बनाउन लगाई अहोरात्र होम गरी सुनको ध्वजा गजुर चढाएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) ने.सं. ७८२ (वि.सं १७१९) चैत्र शुक्ल दशमी बुधवारका दिन श्री चोभार आदिनाथलाई सुनको तोरण, सुनको ३ तले छाता र सुनकै कमलको फूल चढाएको देखिन्छ ।

४.) ने.सं ७८२ (वि.सं. १७१९) चैत्रमा श्री चोभार आदिनाथलाई प्रीति गरी ढुंगाको सिंह चढाएको देखिन्छ ।

५) ने.सं ७८४ (वि.सं १७२१) चैत्रमा भगवान आदिनाथको महास्नान पर्व भव्य रूपमा सम्पन्न गरिएको थियो ।

६) ने.सं ७८५ (वि.सं १७२२) चैत्र कृष्ण नवमीका दिन चोभार आदिनाथ मन्दिरमा सनांगुठीले विभिन्न वस्तुहरू बनाई प्रतिष्ठा गरेको देखिन्छ ।

७) ने.सं ८०१ (वि.सं. १७३७) पौष शुक्ल पूर्णिमाका दिन चोभारका श्री आदिनाथ लोकेश्वरलाई महास्नानको लागि पानी ल्याउने व्यवस्था गरिएको कुरा उल्लेख छ । यस कुराको उल्लेख ने.सं ८७४ (वि.सं १८११) चैत्र कृष्ण) अमावस्या सोमवारको ताम्रपत्रमा मूल ताम्रपत्र जीर्ण भै यस ताम्रपत्रमा सारिएको हो भनी उल्लेख भएवाट पुष्टी हुन्छ ।

८) ने.सं ८०४ (वि.सं १७४१) माघको शिलापत्रमा श्री चोभार आदिनाथ लोकेश्वरको लागि केही चढाएको देखिन्छ । तर शिलापत्र जीर्ण भएकोले के चढाएको हो प्रष्ट भन्न सकिएन ।

९) ने.सं ८०६ (वि.सं १७४३) मा चोभार आदिनाथ मन्दिरमा मण्डप बनाएको कुरा मण्डपको पेटीमा कुँदिएको अभिलेखवाट पुष्टी हुन्छ ।

१०) ने.सं ८८० (वि.सं १८१७) को एउटा ताम्रपत्रमा आदिनाथ लोकेश्वर क्षेत्रको वन फडानी नगर्नु र सुकेको दाउरामात्र काट्नु यदि अन्य दाउराहरू काटेमा वा जंगल फँडानी गरेमा श्री ३ अवलोकितेश्वर र गणेशको शरीरमा घाउ लगाए बराबरको पापको भागी होउला भन्ने उल्लेख छ । यो ताम्रपत्र राजा विश्व जित मल्ल र राजमाता हर्षलक्ष्मीबाट जारी भएको देखिन्छ ।

११) वि.सं. १९६३ सालमा चोभार आदिनाथको पूजा आजाको लागि अक्षता गुठी, दीपमाला गुठी आदिको व्यवस्था गरेको देखिन्छ ।

१२) वि.सं. १९७५ सालमा श्री आदिनाथ देवताको देवल बनाउने गुठी, नित्य पूजाका लागि गुठी, देवता बोक्ने, चित्रकारी गर्ने, छत्र समाउने, आगम गुठी आदि गुठीहरूको व्यवस्था गरेको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) सृष्टीकान्तालोकेश्वर-सृष्टिकर्ताः-

चार लोकेश्वरहरू मध्ये अन्तिममा आउने लोकेश्वर हुन्-सृष्टिकान्तालोकेश्वर-सृष्टिकर्ता मछिन्द्रनाथ। यिनको वर्ण सेतो छ। करीब ३ फिट जति अग्लो छ। पूर्वतर्फ फर्किएका स-साना आँखा भएका छन्। गर गहना, सुन्दर पोशाक सहित मुकुट धारण गरेका भगवानले एक हातमा कलमको फूल लिएका छन्। यिनलाई स्त्री शक्तिको रूपमा पनि मान्ने चलन छ। भगवानको यो मूर्ति काठमाडौंको सेतो मछिन्द्रनाथसंग मिल्दो जुल्दो देखिन्छ। यिनले ११ वटा शिर धारण गरी चौध भुवनलाई नै संरक्षण प्रदान गरिरहेको मानिन्छ।

यिनको पनि उत्पत्ति बारे २ वटा कथा प्रचलित छन्ः-

(क) सत्ययुगको समयमा नाला देशमा दीर्घरथ नाम गरेका राजाले राज्य गर्दथे। उनी ज्यादै नै दुराचारी-पापी भएकाले उनको राज्यकालमा १२ वर्षसम्म अनावृष्टि भै सम्पूर्ण मानिसले दुःख पाइरहेका थिए। तर यी राजाकी रानी ज्यादै नै धर्मात्मा भएकीले उनको सत्कार्यले गर्दा र उनै भगवान करूणामयको आदेशमा भगवानकै सेविका सुधर्मादेवी-चन्द्रादेवीद्वारा आयोजित अष्टमीव्रतमा भाग लिई रानीले अमोघपाश लोकेश्वरको नाम जप गरी भगवानको आराधना गरेकी हुनाले उनै करूणामयको कृपाले राजा, रानी र प्रजाजनको उद्धार भएको थियो। यसरी प्राचीन नाला राज्यमा भगवानको उपस्थिति रहेको थियो भनिन्छ।

ख) सुरूमा भगवान सृष्टिकान्तालोकेश्वरको बास बुंगमतीमा नै रहेको र उत्तर तिरबाट साधकहरू आई लोकेश्वरलाई चोरेर लगेको र नालामा आइपुग्दा हुरी वतास सहित घनघोर पानी परेकाले भगवानलाई लिएर जान नसकी त्यही नदीमा फालेर चोरहरू गएका थिए। आफ्नो त्यस्तो अवस्थाको जानकारी भगवानले सपनामा बुंगमतीका पानेजु, बनेपाका राजा र नालाका पोडेलाई दिएका थिए। त्यसपछि तिनै जना मिलेर नदीबाट भगवानलाई निकालेर हालको मन्दिर भएको ठाउँमा स्थापना गरेपछि नालामा लोकेश्वरको प्रार्दुभाव भएको थियो। यिनै सृष्टिकान्तालोकेश्वर-सृष्टिकर्ताले नै व्रम्हा, विष्णु, महेश्वर, चन्द्र, सूर्य, अग्निदेव, वायुदेव, लक्ष्मी, कुवेर, पृथ्वीमाता, अन्नपूर्ण आदि देवी-देवताहरूको सृष्टि गरेका हुनाले यिनलाई सृष्टिकान्तालोकेश्वर भनिएको हो।

भगवानको मन्दिर काभ्रेपलाञ्चोक जिल्लाको नाला भन्ने पुरानो बस्तिमा अवस्थित छ। घर जस्तो देखिने एक तले मन्दिर माथि गजुर भैं लाग्ने गरी सानो एउटा तला पनि हालिएको छ र यसैले गर्दा यो घर देव-गृह हो भन्ने थाहा हुन्छ। यस मन्दिरलाई भगवान-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बहाल पनि भनिन्छ। पित्तलपाता र स्वर्ण छाना भएको र स्वर्ण गजुर सहितको यस मन्दिरको चारै तिर भित्तामा भाडाकुँडाहरू झुण्डचाइएका छन्। यसरी भाडाकुँडाहरू चढाएको चोभार काठमाडौंको आनन्दादिलोकेश्वर मन्दिरमा पनि देख्न सकिन्छ।

मन्दिरको हालको स्वरूप १९९० सालको महाभूकम्प पछिको हो। मन्दिरको जीर्णोद्धारकार्य सम्पन्न भएपछि १९९३ सालको फागुपूर्णिमाका दिन महास्नान गरी जात्रा गरेपछि मात्र भगवानको चर्चा चल्न थालेको हो भनिन्छ। नत्र यसभन्दा अगाडि भगवान ओझेलमा परेका थिए। ने.स. १०८० (वि.सं. २०१७) सालमा दीपङ्करवुद्धको मूर्ति घुमाई यी भगवानको जात्रा पनि गरिएको थियो।

भगवानसंग सम्बन्धित अभिलेख एउटा मात्र पाउन सकिएको छ। उक्त अभिलेख मन्दिर परिसरको माझमा भगवान लोकेश्वरलाई महास्नान गराउने पोखरी छेउमा बनाइएको मण्डपमा स्थापना गरिएको छ। जस अनुसार पोखरीको जीर्णोद्धार गरिनुका साथै ने.सं १०७४ (वि.सं. २०११) मा मण्डप बनाइएको कुरा उल्लेख छ।

भगवानका बारेमा विस्तृत अभिलेखीय जानकारी पाउन नसकिएको सन्दर्भमा भगवानसंग सम्बन्धित गरगहना र भाडाकुँडाको अध्ययन गर्नसके त्यसमा अभिलेखहरू कुँदिएको पाइएला र नयाँ तथ्य पाउन सकिएला भन्न सकिन्छ।

अन्तमा एक सिक्काका २ पाटा झैं एकातिरबाट वौद्ध धर्मावलम्वीहरूले हेर्दा लोकेश्वर र अर्कोतिरबाट हिन्दुहरूले हेर्दा मछिन्द्रनाथ देखिने दुवै धर्मावलम्वीहरूको साझा देवता हुन् लोकेश्वर-मछिन्द्रनाथ। सदियौंदेखि साझा रूपमा पूजिदै आएका र सदियौंसम्म पनि साझा रूपमा पुजिदै जाने भगवान लोकेश्वर-मछिन्द्रनाथले हाम्रो देश नेपालको धार्मिक सहिष्णुताको प्रतीकको रूपमा सम्पूर्ण नेपालीहरूको संरक्षकत्व ग्रहण गरिरहने छन्-युगौं युगसम्म। ॥अस्तु॥

सन्दर्भ ग्रन्थहरू

१) लिच्छविकालका अभिलेख — श्री धनवज्र वज्रचार्य

२) मध्यकालका अभिलेख — श्री धनवज्र वज्रचार्य

३) शाहकालका अभिलेख — श्री धनवज्र वज्रचार्य

४) श्री मत्स्येन्द्रनाथ — श्री कुलचन्द्र कोइराला

५) बनेपा सातगाउँ — श्री बनेपा नगरपालिका स्मारिका-३

६) काभ्रेपलाञ्चोकका केही देवी देवताहरू — श्री जीत बहादुर मानन्धर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७) श्री आदिनाथ — श्री आदिनाथ अनुसन्धान निधी
(८) पद्मपाणि वोधिसत्व — भिक्षु सुदर्शन
९) विभिन्न जिल्लाका शिलालेख उतारहरू — श्री राष्ट्रिय अभिलेखालय
१०) अभिलेखका विभिन्न अंकहरू — श्री राष्ट्रिय अभिलेखालय
११) प्राचीन नेपालका विभिन्न अंकहरू — श्री पुरातत्त्व विभाग
१२) मधुपर्कका विभिन्न अंकहरू — श्री गोरखापत्र संस्थान
१३) गोरखापत्रका विभिन्न अंकहरु — श्री गोरखापत्र संस्थान
१४) कान्तिपुर दैनिकका विभिन्न अंकहरू — श्री कान्तिपुर पब्लिकेशन प्रा.लि.
१५) A Report on the survey and study of newari script — National Archives.
१६) Karunamaya — John K. Locke.
१७) Buddhist Monasteries of Nepal — John K. Locke.
१८) The Indian Buddhist Iconography — Benoytosh Bhattacharyya
१९) Nepal Mandala Vol. 1-2 — Mary Shepherd Slusser

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तम्वतरथ्याको पर्यायमा तवलाच्छि टोल

✍ *श्यामसुन्दर राजवंशी**

प्राय: जसो ठाउँको नाम रहन जाँदा कुनै विशेष कुरा त्यहाँ हुनु, कुनै प्रतिष्ठित व्यक्तिले बसाइएको हुनु, कुनै प्रसिद्ध ठाउँको नजिक पर्नु र कुनै जात वा मानिस मुख्य गरी वस्नाले यी चार किसिमको कारण लुकेको हुने गर्दछ । 'तम्वतरथ्या' शव्द एक अप्रकाशित अभिलेखमा देखापरेको छ । यसले लिच्छविकालीन अभिलेखमा उल्लेखित 'वृजिकरथ्या' शव्द तथा त्यसको व्याख्या भइसकेको कुरालाई यहाँ स्मरण गराएको छ ।

वृजिक भन्नाले वृजि जनपदमा जन्मेको वा भएको अथवा वृजि जनपदवाट आएको इत्यादि अर्थ बुझाउँछ । रथ्या भन्नाले रथ हिंड्न हुने फराकिलो सडक भनी बुझ्न सकिन्छ भनी पूर्णिमा अंक ६ मा श्री गौतमवज्र वज्राचार्यज्यूले राम्रो व्याख्या गरी निर्क्यौल गर्नु भएको छ ।

यस्तै गरी अन्य प्राचीन अभिलेखहरूमा "श्री महाविजयक रथ्या, "पश्चिमरथ्या" "श्री चन्दनमण्डप रथ्या" "मध्यम रथ्या" नामक रथ्या जोडिएको सडक वा टोलहरूको नाम उल्लेखमा आइसकेको देख्न पाइन्छ । तर "तम्वतरथ्या" नामक सडक वा टोलको नाम अभिलेखमा पहिलो पटक देख्नमा आएको छ ।

राजा ज्योतिर्मल्ल देवको पालामा वनेको तामाको श्रीधर नारायणको मूर्तिमा अंकित अभिलेखमा 'तम्वतरथ्या' शव्दको उल्लेख छ । यस अभिलेखमा ने.सं ५४५ मा दाता श्री अक्षय राज भन्ने तत्कालीन सेना प्रमुखले श्री ३ नारायण भगवानलाई भुवनकेश वनाई चढाइयो भन्ने व्यहोरा मुख्य छ । अभिलेख पाठ नेपाल लिपि अक्षरले श्रीधर नारायणको प्रभामण्डलमा अंकित गरिएको छ । यस अभिलेखमा वर्णित "श्री थंछु तम्वतरथ्या तोलाधिष्ठापित" पंक्तिले भुवनकेश नाम गरिएको श्रीधर नारायण मूर्ति भगवान नारायणलाई चढाइयो भन्ने अर्थ्याउन सकिन्छ । यो नारायणको मूर्ति बन्नु पूर्व तम्वतरथ्या टोलमा नारायणको मन्दिर स्थापित थियो भन्ने बुझिन्छ ।

** लिपि विशेषज्ञ: पुरातत्त्व विभाग*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी अप्रकाशित अभिलेख युक्त ताम्रमूर्ति श्री जलकृष्ण श्रेष्ठ (पाटन संग्रहालयका प्रमुख) ज्यूको आफ्नो निवास क्षेत्रपाटीमा नित्यपूजा गर्ने पूजा कोठामा सुरक्षित रहेको छ। यस अतिरिक्त अर्को तामामा सुनमोलम्वा युक्त तोरण मूर्ति पनि छ जसमा दुई भिन्दा भिन्दै तिथि मितिको अभिलेख अंकित छन्। यस प्रकारको तोरण मूर्तिलाई श्री इष्टदेवता तथा श्री ३ देगुरीको प्रतीक मानिन्छ। यस तोरण आकृति अभिलेखमा ने.सं. ८५६ मा चार जना दाताहरूले सुनको तोरण चढाइयो भन्ने व्यहोरा उल्लेख छ। यस अभिलेखमा मुख्य ध्यानाकर्षण हुने पंक्ति "तवलाछि तोर भ्वार वाहार यंताछे" को उल्लेखलाई लिन सकिन्छ। तवलाछि टोल भन्नाले हाल प्रचलित तँलाछि टोल वा कमलाछि टोलको पर्याय नाम भनेर बुझ्न सकिन्छ।

यी दुई अभिलेखको आधारमा विचार गरिंदा तवलाछि टोल कहलिनु भन्दा पनि अघि यो 'तम्वतरथ्या' को नामले प्रसिद्ध थियो भन्ने प्रतित हुन आउँछ। यही तम्वतरथ्याको अपभ्रंस हुँदै तम्वराछे, तम्वराच्छे र तवलाछि भनियो। ने.सं. ८५६ को पछिल्लो अभिलेखमा तवलाछि तोर भ्वार वाहार भनिएकोले तवलाछिसंग भ्वावहाल पनि पर्दछ भन्ने वुझिन्छ। त्यस्तै ज्याठा छुस्यावहाल को ने.सं. ७८८ को एक अभिलेखमा 'तम्वराछे तोर ध्वाका वाहार" भनिएको हुँदा तवलाछि अन्तर्गत ढोका वहाल, छुस्या वहाल ज्याठा पनि पर्दछ भन्ने वुझिन्छ। जसले गर्दा तम्वतरथ्या भनुन् वा तवलाछि भनुन् खास मध्यकालमा ठूलो टोल प्रशासन क्षेत्र थियो भन्ने बुझिन्छ।

यसरी टोल भन्नासाथ त्यहाँ टोल प्रशासन चलाउने एक मान्या थकाली परमान, प्रधान वा तोलमूल आदिको नियुक्त हुन्थ्यो भन्ने जानकारी अन्य स्रोतहरूले पनि वताउँछ। यस्ता टोल, रथ्या आदि वारेमा जान्न थुप्रै लेख तथा पुस्तकहरूमा खोजेमा भेटिन्छ तर तम्वत शब्दको चर्चा अन्त कतै भेटिएन। सम्भवतः 'तम्वत' शब्दले ताम्रकारहरूको बस्तीलाई जनाउन खोजिएको हो कि भन्ने अनुमान गर्न सक्दछौं।

ने.सं. ५४५ को अभिलेखमा 'तम्वतरथ्या' मात्र होइन शब्दको अघिल्तिर "श्री थंछु" पनि लेखिएको छ। श्री थंछु पनि नौलो शब्द नै देखिएको छ। खासगरी मध्यकालमा कान्तिपुरलाई थनेको थथु, कोनेको कोथु र मध्यभागको दथु भनी तीनभागमा भौगोलिक विभाजन गरिएको पाइन्छ। ती मध्ये थनेको थथुको सट्टामा पर्यायको रूपमा 'श्री थंछु' भनिएको भन्ने प्रवल सम्भावना छ।

वास्तवमा यो लेखको मुख्य उद्देश्य व्यक्ति विशेषको संकलनमा रहेको अप्रकाशित अभिलेखहरू धमाधम प्रकाशमा आइ देओस् भन्ने तथा यस्ता कला वस्तुहरू व्यक्ति व्यक्तिको घर आगममा सुरक्षित रहनु भन्दा संग्रहालय जस्तो सुरक्षित स्थानमा सजाउन सके अरू श्रेयस्कर होलाकि भन्ने कुरा अवश्य नै विचारणीय कुरा छ। यहाँ दुईवटा नयाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख प्रकाशित गर्ने मौका पाएको छु यसको निम्ति आदरणीय श्री जलकृष्ण श्रेष्ठज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु । अभिलेख अंकित यी दुई मूर्तिको तस्वीर यसप्रकार छन् ।

(१) श्रीधर नारायण मूर्तिः-

यो मूर्ति चाहीँ तामाको पातालाई थ्वज्या कारिगरीको माध्यमबाट उभारदार गरी स्थानक स्वरूपमा बनाइएको छ। जुन नारायण मूर्तिको दायाँपट्टि त्रिभङ्ग स्वरूपमा स्थानक लक्ष्मी मूर्ति र बायाँपट्टि अञ्जुली मुद्रामा मानवाकृति स्थानक गरूड मूर्ति समेत बनाइएको छ। भगवान नारायण मूर्तिको माथिल्लो दायाँबायाँ दुई हातले चक्र र गदा आयुध लिएको र तल्लो दायाँबायाँ दुई हातले पद्मबीज र शंख आयुध लिएको देखाइएको छ। भगवान नारायण र लक्ष्मी देवता हुन् र मानवाकृति गरूड चाहीँ केवल सेवक हुन् भन्ने कुरा संकेत यिनीहरू उभेको आसनमा चित्रण गरेको चित्रले चिनिन्छ।

श्रीधर नारायण मूर्ति
तामाको ने.सं. ५४५ (इ.सं. १४२५)
२४ x १८ ईंच

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. श्रीधर नारायणको मूर्तिमा अंकित अभिलेख

"श्री थंछु तम्वतरथ्या तोलाधिष्ठापितः श्री श्री श्री भगवान्नारायणाय श्री अक्षय राज सेनादि प्रमुख सर्व गोष्ठिभिः सुश्रद्धया भुवनकेशं प्रदत्तं ॥ राजाधिराज परमेश्वर परम भट्टारक श्री श्री जयज्योर्ति मल्ल देवस्य विजय राज्ये ॥ संवत ५४५ वैशाख शुक्ल तृतीया तिथौ यथा विधिना प्रतिष्ठा होमादिंक कृत्वोति ॥ अनेन पुण्येन यजमान दाता यथाभिमत फलस्तं प्रतिष्ठापितो भवन्तु ॥"

(सौजन्यः श्री जलकृष्ण श्रेष्ठको संग्रहमा रहेको)

भावानुवादः-

श्री थंछु तम्वतरथ्या टोलमा स्थापना गरिएको श्री श्री श्री नारायण भगवानको लागि श्री अक्षयराज सेना प्रमुखले, सवै गुठीले श्रद्धा भक्तिपूर्वक भुवनकेश बनाई प्रदान गरियो । राजाधिराज परमेश्वर परम भट्टारक कहलिएका श्री श्री जय ज्योतिमल्ल देवको विजय राज्यकालमा ने.सं. ५४५ (वि.सं. १४८२) वैशाख शुक्ल तृतीया तिथिका दिन विधि विधान पूर्वक यज्ञ होम आदि गरी प्रतिष्ठा कार्य सम्पन्न गरियो । यस पुण्यको फल प्रभावले यजमान दाताहरूको अपेक्षित कामनाहरू पूरा होओस् ।

ने.सं. ५४५ वैशाख शुक्ल ३ तिथिलाई तारिख गणनाको पद्धति अनुसार गणना गर्दा ई.सं. १४२५ मे ३ शनिवार पर्न आएको छ ।

२. तोरण मूर्तिः-

यो तोरणमूर्ति पनि तामाको पातालाई थ्वज्या कारिगरीको माध्यमवाट उभारदारगरी सुनमोलम्वा गरी बनाइएको छ । शिरानमा छेपु आकृति (दुई हातले सर्प समाई मुखमा धुसाई राखेको) दायाँबायाँ मकर आकृति फेदमा ७ जना दाताहरूको प्रतिमा र अरू आंलकारिक फूलवुट्टाले भरिएको छ । मध्यमभागमा सुनजलप युक्त खड्ग आकृति पनि जडान गरिएको छ । यस तोरणमा दुई बेग्लाबेग्लै मितिको अभिलेख अंकित छन् । यसको शिरान भागमा ने.सं ८५६ कार्तिक शुक्ल १३ र फेदमा ने.सं. ८५६ बैशाख शुक्ल १० अंकित रहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



तोरण आकृति मूर्ति
तामाको ने.सं. ८५६ (इ.सं. १७३५), २४ x १८ ईंच

तोरण आकृतिमा अंकित अभिलेख पाठहरूः-

(क) शुभ सम्वत ८५६ कार्तिक शुदि १३ थ्व कुन्हु तवलाछि तोर भ्वार वाहार यताछें हरीशंकर, सिओ संख, पावतिमयि महादेवि मयि थ्वपनि पेद्मसें दुता हया तोरं श्री ३ देगुरिस हुंता शुभम्

ख) अं सम्वत ८५६ बैशाख मासे शुक्लपक्ष १० अमरमयि थो मूर्ति दयका जुरो जवखओतु..... (अक्षर अस्पष्ट)

(सौजन्य श्री जलकृष्ण श्रेष्ठको संग्रहमा रहेको)

भावानुवादः-

क) ने.सं. ८५६ (वि.सं. १७९२) कार्तिकशुदि १३ यस दिन तवलाछि टोल भ्वावहाल दक्षिण घर बस्ने हरिशंकर, शिवशंकर, पार्वतीमयी महादेवीमयी यी चारजनाले दिएको सुनको तोरण श्री ३ देगुरिया (कुलदेवता) चढाइयो शुभ ॥

यस तिथिको तारिख गणना गर्दा इ.सं. १७३५ नोवेम्वर ५ शनिवार पर्न आएको छ ।

ख) ने.सं. ८५६ (वि.सं. १७९३) बैशाख महिनाको शुक्लपक्षको दशमी तिथिमा अमरमयिले यो मूर्ति बनाइयो यसको दायाँवायाँ........

यस तिथिको तारिख गणना गर्दा इ.सं. १७३६ अप्रिल १० आइतवार पर्न आएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमि सम्बन्धी तमसुक ताडपत्रहरू

✍ सिद्धिरत्न शाक्यभिक्षु*

विभिन्न ऐतिहासिक श्रोतहरूमध्ये एक रहेको भूमि सम्बन्धी तमसुक ताडपत्रहरूलाई पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यसबाट तत्कालीन टोल, स्थानहरूको साथै ऐतिहासिक, सामाजिक तथा आर्थिक अवस्थाहरूको अध्ययन गर्न धेरै उपयोगी हुन्छ । राष्ट्रिय अभिलेखालयमा संग्रहित यस्ता तमसुक ताडपत्रहरू अभिलेखमा क्रमिक रूपमा प्रकाशित गरिदै आइरहेको छ । यस अंकमा पनि नेपाल सम्वत ६०७ (वि.सं १५४३) देखि ने.सं. ८८७ (वि.सं. १८२३) सम्मका जम्मा १५ थानको छोटकरी व्याख्या सहित प्रकाशित गरिएको छ ।

वट्टा नं. ४५ ने.सं. ६०७ क्र.सं. ६७४

१) श्रेयोस्तु ॥ सम्वत ६०७ फाल्गुणी बद्धि १२ ज्येष्ठ भ्राता: भिक्षु श्री ज्ञान देवजुस: मध्यष्ट भातृ श्री किमुं........

२) कनेष्ट भातृ श्री रत्नाकिर्त्तस: एते सहानुमतेन: वडिवन्ता थया भाष चोया जुरो: श्री ज्ञानदेव........

३) शु बुवाहार यन्ताछे द्वार छि १ विछिलिछे स्वसिमासह लिंछेद्वार व जविकेवं पाताल भू स्वाघ........

४) ...का..ति सह.. यिको हिति बु रोव ५ थ्व बुया ङवोस रोवो जुरो: श्री मत्श्री शंब्रोदय: देव........

५) ...चकंय नमोत्व: देघुरेछ मकार: छे वडि.. ड सर्ब्व सोधन धुंगो: शाक्षि स्वगोत्र.....

पछाडिपट्टी लेखिएको

.... आगम देव, गु(थि) याष्टव चु(या) नयतका...॥ श्री ज्ञान देव...सबोस...गा......

---

* *लिपि सहायकः राष्ट्रिय अभिलेखालय*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांसः

यो ने.सं. ६०७ (वि.सं. १५४३ मा लेखिएको तमसुक ताडपत्र हो। यसको नाप लम्वाई १७ र चौडाई ४ से.मी. छ। यसमा मोटोको शीलछाप छैन। यसमा दाइभाइ वीच घरखेत वाडी लिएको व्यहोरा लेखिएको छ।

वट्टा नं. ४५ ने.सं. ६६२ क्र.सं. ६७३

१) श्रेंयोऽस्तु॥ सम्वत ६६२ श्रावण वदि १ श्री बुवाहार श्री देवकितजुस वोः श्री भारजुस वोः छेनछे हेरङाया भाषथ्वते जु

२) रोः भाषा श(य) व बुवाहारा लिविंछे योतारलछेया वाषा जुकोछे जथा चतुराघाटेन परिवेस्थितं एतेषामधे भाषाथ्वते वा (ष्य)

३) जुवो छे वो ओहो तंवतंका स्व ३ दम्भं ८ थ्वते तनकं क्रिविक्रेन सोधकंश--- वभार जुस्यंकास्यं...या पालदोशिकश

४) श(ज) व बुहाछतामूल आश....द्वार छि १ लिफु समेत जुरो थ्वतेश वाष जुको छे विस्यं क्रिविक्रीन हेरन धुंगो जुरो

५) पुनभाषा थ्वतेश ह्राया नामन ववाद द्राकाले थेथे जास्यं सोधके माल्वः

साक्षि॥ श्री पदम देवजु श्री हाकोजु श्री मदयन सिंहजु एते नेभि चोता दो शुभ

मूल पत्रको परिचय र सारांसः-

यो ने.सं. ६६२ (वि.सं १५९८) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको नाप लम्वाइ २७.५ चौडाइ ५ से.मी. छ। यसमा माटोको शीलछाप छैन। यस तमसुक ताडपत्रमा घर सट्टावट्टा गरेको व्यहोरा उल्लेख छ।

वट्टा नं. ४५ ने.सं. ६६३ क्र.सं ६७१

१) श्रेयोस्तु॥ सम्वत ६६३ पौष शुद्धि ९ श्री वुविहार स्वमातृ (म) कु मयि मात्रासन॥ जेष्ट पुत्र श्री देवीकतजुस भ्राते श्री कित्त सिंहजुस॥

भ्राते श्री गुणसिंहजुस कतेष्ट भ्राते धनसिंहजुस------

२) थस्यं विरङाया भाष थ्वते जुरोः सयव विहार यंतारिवि छँ वंता आवको विछिडिछे द्वार छि १ दुंथो यता आवको सोंत छँ द्वार छि १ थ्वतेया तल यह्रा जेलाथं जुरों यिको यितिचो वातिका क्रष नसि २ थ्वतेसं य वो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) ल वातिका पायिछि १ थ्वतेश अर्द्ध भाग जुरो..॥ भूय चोवाहारल वुरोव च्या ८ कुकाल तंङिरि बु रोव २ जोनखार बु रोवङा जोलखार बु रोव ङा ५ थ्वतेश पेंवोस छिवो वतचो वुरो भोण्डि ङा ५ थ्वते प्वं राशि रुसं...शछिवो धार जुरो -----

४) स थ्ववसेव वडि शुधू धुरों् थ्वते आदीन दुंधन पिंधन तम्वकं शत्रं पुतसिं पुतकेशि वाशि चुनावानवस्त ग्रास चम धनलु वाहा दाय ॥ अष्टलोह अष्ट वृद्धि आदिन जावता कुटुम्बया----

५) नपाचकं येस्यंविस्यं धुंग्व जुरों थ्वते वडि द्यरत वंग्व मवंग्व धास्यं थेथेस्यं लिथुचमदो दहीणवामस थवथेथे यतोले मेलैहंने भदो ॥ थ्वतेभाष फुकिंजस्के चोता दो साक्षि श्री हतषालं---

पछाडि दायापट्टी लेखिएको

भाषा दिवगंत श्रोत धर्म सिंहजुश दहंदुंदव थशिं खो कुल वाटिक द्ययि नसि २ पुड क्रम ३ थ्वते द्यव बिया जुरों्

पछाडि वायाँ पट्टी लेखिएको

? भाषा चोवाहारल बु रोव ८ थ्वतेश अद्ध भाग टव क्वाठया गछायाद्वनयं थ्वते वडि श्री कित सिंहजुश थ्ववसव वडि सुधकं चेलकं धुंग्व वडिलि... न कारे

? भाषासय...... या वोस...डासथ्व......थव स्वादिकारं जुको वु थव वडियात थ्वते बु थव क्री विक्री शुधु वडिया फलिका धुंग्व जुरों्

मूल पत्रको परिचय र सारांश

यो ने.सं. ६६३ (वि.सं. १५९९) मा लेखिएको तमसुक ताडपत्र हो। यसको नाप लम्वाइमा ३३ चौडाइमा ४ से.मी. छ। यस ताडपत्रको दाया भाग टुक्रा खसेर हराइसकेको छ। यस तमसुक तापडपत्रमा घरखेत बाडी लिएको कुरा उल्लेख छ।

वट्टा नं. ४५ | ने.सं. ६९५ | क्र.सं. ६६८

१) उँनमः सूर्य्यायः॥ तावाहल बैवस्वत करिजुगे जाम्वा...हेमवते पादे वासूक क्षेत्रे पशुपति सनिधाने श्री..मत्यां दक्षिने कुले श्री श्री ललि----देशे श्रेयोस्तु ॥

सम्वत ६९५ फाल्गुण मासे ॥ शुक्ल पक्षे ॥ अष्टम्याया तिथौ ॥......कृति योगे शुक्ल वासरे ॥ तंतदिने श्री मानिग्लके पूव्व स्थाने श्री...संशुद्धि तोर मदोग्वादे गृहाद्धि वास्त.....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) सराम ननि सहस्तेन स्वविद्येमानेन स्ववाचा प.....भूतेन........वंख्वतो वु रोव माडि नसित्या २ ह ... नेरासि बुरो जथा चत्राघातन परिवेष्ठितं एते.......

.....निमित्याथेन श्री बुगतचो नोग्ल.......थ्व गुथि नामां........प्रदता))

तातपरकातरे वा पुरुषातरे वा ... जावत चन्द्राक मेदिन तावत् रोपी रोपन खेते पिरपार चारो रोप पाको श्री काग्रा रो -----

३) महापातक राक...काले उत्रोत्र जुलो ॥ थुत्य बु... व्रषप्रति बुगय नोलपति..... भारो.....न विय हाथ्व हयक......युदिकः चा दम्म ३ थ्वत्य ओ ननिस्यं यंज मारो थ्वत्य चिंता याको गोस्तस दानपतिस छप लुंत सिं भारो स्वगोत्र... सिंह भारो हरष जिव भारस ओनपतिखं ॥: --- एकतोन चिता याव मारो ॥ ज स्वगोत्र छश लुतयिसिंह भारो ॥। दृष्टा शुभ ॥

पछाडि पट्टी लेखिएको:-

भुथ हथ्वकुस चो ॥ अव ... स्वभाऱ्या न दुता.......वरसान व्रसपति श्री श्री... सके ज्वरसन जात्रा धुनका व बुग विज्यात... विचारी वावत द्य वडि जुरो । सर्व... जुरो शुभ॥

मूलपत्रको परिचय र सारांश

यो ने.सं ६९५ (वि.सं. १६३१) को ललितपुरको तमसुक ताडपत्र हो । यसको नाप लम्बाइमा ७१.५ x चौडाइमा ३ से.मि. छ । यसमा माटोको शीलछाप छैन । यस तमसुक ताडपत्रमा गुठी चलाउन दत्त राखेको बुझिन्छ ।

वट्टा नं ४ | ने.सं. ७३६ | क्र.सं. ६७०

१) श्रेयोस्तु॥ सम्वत ७३६ पौस वदि ९ श्री बुवाहार यंता दुंदुं लिविछे स्वगोत्र.... वजाचार्य्य श्री जयचन्द्रजुस वो सख वुवहार यंता गृह ॥

स्वगोत्र---वजाचार्य्य श्री जके---

२) ...रडाया भाष थ्वते जुरो ॥ भाषा श्री....... श्री रक्षवाहारि थंकाडि जजमान श्री हेरजुभ्य प्रमुख भों समूहसन सिल्हा धर्म्म दयका जुरो ॥ थ्व---

३) वो जरो ॥ भाषा थ्व धर्नाङनकाया श्रीति दक्षिणा वस्तु जाक्ये आसन खंपि ग्वयस आगन वो ....जुरसनो..सयव श्री जकसिंहथ्था..जुरो ......

४) ......दक्षिणा आदिन, वुतु जुरसना बोतिय पं काय मवो जुरो ॥ मध्याकम्ह अनुग्रहन वोने वाल ॥ भूलण्डत्र भरादयात लडिपूछि १ तुथु...वस्तु ओछि १ द४ दक्षिणा थ्व ओम्ह दको जुरो ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांश

यो ने.सं. ७३६ (वि.सं. १६७२) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको नाप लम्वाइ २८.५ र चौडाइ ३ से.मी. छ। यसमा माटोको शीलछाप छैन। यसको दायाँ भागको टुक्रा खसेर हराइसकेको छ।

बट्टा नं. ४५ ने.सं. ७८५ क्र.सं. ६७२

१) श्रेयोऽस्तु॥ सम्वत् ७८५ पौष शुक्ल ॥ द्वादयान्तिथौ श्री ललित ब्रुमाया श्री लके पश्चिमस्थ बुया वाहाल वकुरि दुदुगृह ॥ वजाचार्या श्री..... जु नाम्ना सकासात ॥ सयव... वाहाल यंता दुंदु गृह ॥

वजाचार्य्य ....

२) देवजु फुकिंजया गृहेन उत्तरत ॥ श्री दोयजु फुकिंजया गृहेन दक्षिन तश्च ॥ थ्वत्मघ्येता ननि यंता दुंदु गृहद्रादुन खास्वंजो वो ३ नेकु वो २ प्रमान जुरो एतेगृह सकर्षकं स्मप...... यथादेशकाल प्रवतयान........

३) धनियं अत्र पत्रार्थे दृष्किलनाय साक्षि धार्णाक भ्राता वजाचार्य्य श्री कर्म्म (पु) निजुस दृष्ट ॥ भाषा थ्व छेंया तरपति थ्व धार्णाकया फुकिंज वो छपुपतिन चोवेस मकाया मालो.. ङावेस धार्णाकेन पिंविस्यं केनेमा.........

छाप खसेको स्थानमा लेखिएको

? शुभं ॥ बुया वाहाल यंता दुंदु गृह जाव जव स्वं ३ कुर नि २ थ्वते.....क्रीरमिदं ॥ सम्वत ७८५ पौष शुद्धि १२ ॥

मूल पत्रको परिचय र सारांशः

यो ने.सं ७८५ (वि.सं. १७२१) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको नाप लम्वाइमा ३४ र चौडाइ २.५ से.मी. छ। यसमा शीलछाप खसी हराइसकेको छ भने यस ताडपत्रको दाया भागको टुक्रा पनि छैन। यो तमसुक ताडपत्रमा घर बिक्री गरेको व्यहोरा उल्लेख गरिएको छ।

बट्टा नं. ४५ ने.सं ७९५ क्र.सं. ६६३

१) श्रेयोऽस्तु ॥ सम्वत् ७९५ चैत्र शुद्धि १२ श्री ङाखाचुक ननि वन्तागृह भ्राता वज्राचार्य्य श्री चिन्ताजु सहस्तोद्वार ओहो मोहोर एकपञ्चःशं टंकाङ्ग मोहोर टंका ङयछिः १ तस्य भोग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) वन्दकोद्देश ॥ नातेश्वर मगुडिल यौतागृह हलिफुह्न फुस शुदिं जुरो लिविचा सह भूय लिपि चायाका मातान यंथ्व अंङग्वडस छुया चिन प्रमानन वो येथ्व अंङस छुया चिन वो तलयेनकं

३) लिविस शुद्धि वंथुद्य पातारस शुदिं जुरो ‥ थ्वतेछे दिवंगत हनाजुया दंह दुंदवछे जुरो ॥ थ्वते शरणिया स्वाधिकार दक्व जुको जुरो यथा चतुराघाटेन पारेव्याष्ठितं ॥ भापा थ्वते टंकाया वर्ष

४) पति कलत्र ल्याषण धनिसन रणिया स्वाधिकार जुक्व छे भोगण भुक्तपंयन्ने ॥ पुनर्भाषा निलातो जुक्व थ्वछे फ्याचदो जुरो निलानलि जोलकारे लिफ्यायमदो जुरो धनिया प्रदु क्रय वि

५) य दो जुरो ॥ थ्व दामया प्रथ सयव दिवंगत हनाजुया दानगण अथं कया जोगी भारोसके पुरेस टंका कास्य भोगण जोङा धनि सयव श्री ङाखा चुक वन्ता गृह... चार्य्या रत्नकर

६) जुस साक्षि सएव श्री ङाखा चुक यन्तागृह वज्राचार्य्या श्री हाकु देवजु दृष्टः ॥ पत्र वेहेचोया मदु जु... (भा) ग जुवस । ॥शुभ॥

मूल पत्रको परिचय र सारांस

यो ने.सं. ७९५ (वि.सं १७३१ मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो । यसको लम्वाइ ३७ र चौडाइ ५ से.मी. छ। यसमा माटोको शीलछाप छैन । यस तमसुक ताडपत्रमा घर भोग बन्दकी राखेको व्यहोरा उल्लेख छ ।

वट्टा नं ४५ | ने.सं ८११ | क्र.सं ६६९

१) ? श्रेयोऽस्तु ॥ सम्वत ८११ आश्विणी शुक्ल पंचम्यान्तिथौ श्री ललितव्रुमायां श्री मानीग्लात्पूर्व्वस्थ, पिंथछे दथ्वननि यौतागृह भ्राता मालसिंह भावोया नाम्ना शकाशात तत्रैव याकात छे गृह भ्रान्ते इन्द्रसिंह भावोया नाम्ने स्वक्रीयंस्वभुज्यमाणिकं स्वंतसिंचो क्षेत्र नाम प्रदेश श्री श्री राजया शंक्रान्ति गुथिया .... यो तस क्षेत्रसिमाया पश्चिमत नोफा भोत ।

२) पागुथियाया क्षेत्र शिमाया उत्तरत, सयव शंक्रान्ति गुथिया क्षेत्रश पूर्वत् तवभ्याल हरिराम भारो फुकिंजया क्षेत्रेश दक्षिण तइच, एतत्मध्येतत्क्षेत्र द्वयो रोपनिकं रोवाङ्ग रोवनसि २ थ्वतेस धार्ण्णस्वाधिकार स्वंवोस छिवो जुक्व जुरो ताक्षत्र शकर्षस्मपरिभोग्यं यथानगरकाल प्रवर्तमानस्तथा शञ्चरार्घेण यर्थोचित्मूल्यमादाथ क्रयविक्रय स्वाधिनेन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) तेना निवर्त्तकं न्यायेनक्रयन विक्रयेतम्भवति यदिस्याद्दैविक राजिक विनाता स्वंवोस छिवोस क्षेत्रस शङ्कटव्यावदकाल तदा धार्ण्णकेनपरिसोधनियं अत्र पत्रार्थे साक्षि धार्ण्णकस मध्य भ्राताफछि भावो दृष्ट ॥ ता स्वबोस छिवो श्रेत्रया कीपन सर्व्वसोधान पाचकं धुंग्व जुरो ॥ शुभ॥

मूलपत्रको परिचय र सारांस

यो ने.सं. ८११ (वि.सं. १७४८) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको नाप लम्बाइ ६४.५ चौडाइ ३ से.मी. छ। यसमा घेराको बीचमा "श्री अक्ष (अङ्कीट माटोको शीलछाप छ। यो तमसुक ताडपत्र खेत सुक्री विक्री सम्वन्धीको हो।

बट्टा नं. ४५ ने.सं. ८१६ क्र.सं ६६५

१) श्रेयोऽस्तु ॥ सम्वत् ८१६ मार्ग्गशिर वद्धि ५ नकविहारि अथक यन्ता दुदु गृह शाक्यवंश कनेष्ठ पितृभपि श्री सूर्य्यजु ज्येष्ठ मातृपुन श्री जय कल्याण सिंहजु ज्येष्ठ मध्यें भ्रातृ पौत्र श्री जय धर्म सिंहजु

२) थ्वते पेम्ह थेथे मानान्तिन अन्योन्येंन दिवंगत कनेष्ठ मध्य भ्रातृ श्री जलसिंहजुया दंहदुंदव छे बडि चिरकं कारङाया। भाषा थ्वते ॥ भाषा त्रत्रैव अथकयन्ता दुदुं चैत्य बाहार लिवि यौता यंकु

३) लिछे चिन प्रमानन थनक्वं तलथनकं दथ्व दयं जुरोः थ्व बडि छेन क्यंछि पश्चिम व्क मातनचा थ्व बडिया जुरोः चैत्य बाहार लिवि यौता दुदुं लिविचा थाम नेपिंया निकात्या २ x पिकू -----

४) बाहर लिवि यन्ता थंथु लिवि राकु ङ ५ ह्राजेलथ्य श्वम थेथे परस्यर लछोनेमार ॥ थ्वतेछे वडिस ...... सूर्य्यजुयाः................

पछाडिपट्टी लेखिएको

५) रो ॥वडि द्यरत वंग्व मवंग्व धास्यं थेथेस्यनं लिथुच मदो जुरो ॥ दक्षिण वामस थव

६) फुकिंज यतोले मैरहेन्य मदो जुरो ॥ न्हाया नामन सुया वडिसं विवाद वकालेथे

७) थे जास्यं शुचुके मार ॥ जयन्त ल्यासिंह याके वडियात लमला छे जाव ज्याशा

८) .....- मदकार जुरो ॥ थ्वतेया साक्षी... श्री जगनाथ दवेजु पिछु

९) श्री विनत्र द्वाभ्या दृष्ट ॥ उति भाषा थ्वभिं दु शुभ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांशः यो ने.सं ८१६ (वि.सं १७५२) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको नाप लम्बाइ ५२ चौडाइ ३.५ से.मी. छ। यसमा माटोको शील छाप छैन। दाइभाइ बीच घर बाडी लिएको व्यहोरा उल्लेख छ।

बट्टा नं ४५ ने.सं. ८१७ क्र.सं. ६६७

१) श्रेयोऽस्तु ॥ सम्वत ८१७ मार्गशिर वडि ४ नकवहिरिलं यन्तागृह श्री देवजोतिजु भातृ श्री देवरज.... अनुतिसिंहजु एते फुकिज वाकाय अम्नानेन वु

२) वडि चेरककारडायाऽभाषथ्वते ॥ भाषा यंप्याक्व वु रोवोपि ४ म्हाडस वु रोवो... त्या १ x जोरखार वु वोछि... यिता वु रोवोनसि २ बेखासिति जु नसि २ थ्वतेच

३) देवरज जु... सेवग्ल वडि जुरो ॥ भुय मरेवु रोवो नसि २ जव स्व३ त्वंदुङ्गल वु रोव छि १ थ्वकना चिता गधिकार थ्व स्वभिया जुक्व स्वोस छिवो ... जुरो ॥

४) ...... लिथ्वच मदु ॥ न्हापा नाम्न शुयावज्सिं विवादाकारे थेथे जास्यं शुद्धके माल ॥ दहिण वामस़ फुकिज थेथे यतोरे ....

५) वाहा...॥ श्री शिवजोतिजु दृष्टः ॥ उति भाषा स्वभिचोता दु ॥ शुभ ॥ भुय भाषा चिताजुय वु छपेक व्यास शुदि शयात चेनका जुरो ॥

मूलपत्रको परिचय र सारांस

यो ने.सं. ८१७ (वि.सं. १७५२ मा लेखिएको तमसुक ताडपत्र हो। यसको नाप लम्बाइ १७.५ र चौडाईमा ४ से.मी. छ। यसमा माटाको शील छाप छैन।

बट्टा नं ४५ ने.सं. ८१७ क्र.सं. ६६१

१) श्रेयोऽस्तु ॥ सम्वत ८१७ मार्गशिर बद्धि २ नक बहिरिल यन्तागृह श्री देवजोतिजु भातृ श्री देवराजजु भातृ पुत्र श्री धर्म्मामूतिजु एते स्वम्ह...

२) नकबहिरल यन्ता छे जाव जव स्व ३ थ्वहे छे समोहन टंका सतछि सुचनेत हन, भातृ श्री देवराजजुस थव सेवक शुद्धा वडि जुरो ॥ थ्वते आदिन दुधन पिधन

३) त अष्टरोह अष्ट वृहि कुतुवस जाको पदार्थ कायकास्यं वियविस्यं धुगो जुरो ॥ द्यरतवंग्वमवङ धास्य थथेस्यं लिथुच्व मदु ॥ न्हापायम्न शुया वडिसः......

४) किंज थेथे तोर मेरेहने मदु ॥ थ्वतेया साक्षि स्वगोत्रबुबा श्री शिव जोतिजु, विछु श्री दिनजु एते द्वयो दृष्ट ॥ उति भाषा स्वभिनं चोता चोस्यंका....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्रको मूल परिचय र सारांसः-

यो ने.सं ८१७ (वि.सं. १७५२) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको नाप लम्बाई २६ र चौडाई ४ से.मी. छ। यसमा माटोको शील छाप छैन।

बट्टा नं. ४५ ने.सं ८२२ क्र.सं ६६६

दायाँपट्टी लेखिएको

१) ? शुभं ॥ रो २ x वोजु x भेवता अङ्क मोटं ८० क्रीपत्रमिदं सम्वत ८२२ वैशाष कृष्णं प्रतिपर्द्यान्तथौ ॥ शुभ ॥

बायाँपट्टी लेखिएको

१) ? श्रेयोस्तु ॥ सम्वत ८२२ बैशाष कृष्ण प्रतिद्यातिथौ श्री ललितवुमाया श्री माणीग्लके पश्चिमस्ठ, चेनकि चो मुगललं वेको गृह विसराम भारोस नाम्ना सकासात् वंदेग्राम थंथ्व... कोत ननि यता गृह

२) शिवनारायनया नाम्नः स्वकीयं स्वमुज्यमानिकं भेवत बु क्षेत्र नाम प्रदेशे क्वाठ भोया क्षेत्रण पश्चिमतः धलसिमायाणोत्तरेतः द्विजवर श्री वीरेश्वर उपाध्या शर्म्मनस क्षेत्रेण... या क्षेत्रेण दक्षि

३) णटः एतन्मध्ये ततक्षेत्र सार्द्धाधिक द्वयो रोपनीकं रोवाङ्क रोवनसित्या २ X वो जु वो x तत्क्षेत्र शक्रर्षकं समपरि... यथानगरकाल प्रवर्त्तमानस्तथा सञ्चासर्धेण यथोचित्यमूल्यमादष्य क्रयविक्रय स्वा

४) धिनेन मानिवर्त्तकं न्यायन क्रयन विक्रयेतं भवति यदि स्वाद्दैविक राजिक विना शङ्ट व्यरखाड काले तदाधार्णकेन परिशोधनियं अत्र पतार्त्थे साक्षिः दृष्ट ॥ थ्व बुया मूल मोहोर टंका चय ८ जुरो ॥

५) थ्व बुयाक्रिपन सर्व्वसोधन पाचकं धुंग्व जुरो ॥ शुभ ॥

पछाडि पट्टी लेखिएकोः- ह्र खंस जाव भेवत मव... नसित्या २ x बाजु ह ४७ या अर्द्ध भाग जुक्व हेन्ने जुरो ॥ सं. ८८० ज्येष्ठ बद्धि ७ शुभ ॥

मूल पत्रको परिचय र सारांशः

यो ने.सं. ८२२ (वि.सं १७५९) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्बाइ ४९.५ र चौडाइ ३.५ से.मी. छ। यसमा माटोको शील छाप झरी सकेको छ। यसमा खेत खरिद गरेको व्यहोरा उल्लेख छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं ४५ ने.सं. ८५४ क्र.सं. ६६०

१) श्रेऽयोस्तु ॥ सम्वत् ८५४ आषाढ शुदि ६ नकावहालि मूथन ननि यन्ता दुदुगृह शाक्यवंश । श्री देवचन्द्रसिंहजु सव शाक्यवंश श्री (थ)

२) थथे मानान्ति जुस्यं छे वडि चेरकं तरङाया मापाव्वते ॥ भाषा सएव अथकर ननि यन्ताछेया यौता द्याया चोतया चोटा द्या अङ

३) राकस छुङा त्रिशूर चेङ्ग (१) ८ पूर्व्वद्याया अङ्ग राकस छुङा त्रिशूर चेङा पूर्वद्याया अङ्गराकस छुङा त्रिशुर रेदु र तरराङङ्ग र क्लनं उत्तर द्यासएव श्री पुनङजुया थव

४) सवसधू वडिजुरो ॥ द्यरतओग्व मओग्व धास्यं (थेथे).. लिथोज मदु ह्रापाया नाम्न सुया वडिस विवादकाले थथे (ह्रास्यं) सुद्धके मार

५) दक्षिणवामस थव फुकिंज यतोल्य मेल्यम्हन्य मदु जुरो ॥

ध्वतेया साक्षि अग साक्य... श्री धनछुलिङजु भ्रात पुत्र श्री धन जु पत्र... दृष्टः

६) जज श्री दानमुनिजु श्री कुतुसिंहजु श्री छत्र सिंहजु. पिछु श्री तवधिकजु एतेठ ॥

मूलपत्रको परिचय र सारांस:

यो ने.सं. ८५४ (वि.सं १७९१) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्बाई २११.५ x चौडाइ ४.५ से.मी. छ। यसमा माटोको शील छाप छैन।

बट्टा नं. ४५ ने.सं. ८६५ क्र.सं. ६६४

१) ॥श्रेयोऽस्तु॥ सम्वत ८६५ माघकृष्ण एकादस्यान्तिथौ श्री ललित व्रुमायां श्री माणीग्लाब्दाय व्यस्थ भोतापोल कोथु बाहार येता गृह शाक्यवंश श्री कुवेलसिंहं हजुस नाम्नः स्वकीयं स्वभुज्य मानिकं ॥ पिंथ्वछे दथ्व ननियोता ॥

२) कातछेगृह धनदेव भावोया नाम्ना सकासात ॥ म्होसखो क्षेत्र नाम प्रदेशे ॥ गाडवाहार श्री उपाध्यापनिसके त्रात्पश्चिमतः मार्ग्गनोत्तरतः धलसीमायापूर्व्वतः सातीग्लपेनतव गोड भारोस क्षेत्राद्दक्षिणत

३) एतन्यध्येतत्क्षेत्रपादाधिकत्रय रोपनीकं रोव स्व ३ जवछि १ नेचातरनजुरो ॥ तत्क्षेत्र थथा नगरकाल प्रवर्त्तमानस्तथा संचारार्धेण यथोतितम्मुल्यमादाय क्रयविक्रयस्वधिन त्वं कृत्वा दैवीकरा

४) जिकं विनायदिसंकट वादविवाददिकंस्यात्तहा धार्ण्णकेणपरिसोधनीयं अत्र पत्रार्थे साक्षि धार्ण्णकिस्थ स्वपुत्र शाक्यवंश श्री भाजुसिंहजु दृष्टः ॥ थ्व बुया क्रीपन सर्व्वसोधान पाचकं धुंग्व जुरो ॥ शुभं ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल पत्रको परिचय र सारांसः- यो ने.सं. ८६५ (वि.सं १८०१) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्बाई ४५ र चौडाइमा ४.५ से.मी. छ। यसमा अंकित माटोको शीलछाप छ। श्री अक्षरको बाहिर एउटा घेरा छ।

बट्टा नं. ४५ ने.सं. ८८७ - से.नं. ६६२

१) श्रेयोस्तु ॥ सम्वत् ८८७ फाल्गुण कृष्ण ॥ सप्तम्यातिथौ। श्री ललितव्रूमायां श्री माणीग्मद्धायिव्यस्ठः श्री क्वाम्च भान्तवन्ता दुदु लिविछे गृह वजाचार्य्य श्री मन्त्र देव चक्रेश्वरजुस नाम्नास....

२) ननि यता गृह शाक्यवंश श्री पाहानजुस नाम्नः स्वकीयं स्वभुज्यमानिकं ॥ येधार क्षेत्र नाम प्रदेशे ॥ गुलफा मिरू भारोस क्षत्रोत्पश्चिमतः स्वहरंनिम्हया (श्री) ब्राम्हणजु पनिस क्षेत्रे ॥ दुन्तरत, ...

३) श्रमा खेडा द्वयाःस्त मायाः पूर्व्वतः वासिंदेवोस के(वा) दक्षितश्च ॥ एतयाम्मध्येन क्षत्र नव रोव पनिकं रोवाङ्ग रोव ९ स्वपुतर (पतन) जुरो ॥ थ्वतेमध्यातक स्वार्धिकार (चाद्व) भाग जुक्व जुरो ॥ .....

४) निपूर्धल व्यावाय सह ॥

मूलपत्रको परिचय र सारांस

यो ने.सं. ८८७ (वि.सं १८२३) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको नाप लम्बाइमा ३६ र चौडाइमा ३.५ से.मी. छ। यसमा माटोको शीलछाप झरी सकेको छ। यसमा खेत बिक्री गरेको व्यहोरा उल्लेख छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CONSERVATION OF NEEL PATRA GRANTHAS

✍ Griha Man Singh*

Introduction:

The Paper Granthas coated with blue and black colours are referred as Neel Patra and Black Paper Granthas respectively. Majority of them are coated on both sides. In such paper four or five layers of single sheet of paper are pasted together. Usually hand made papers are used, though some of them used machine made paper too. In such paper golden or silver colour inks are used for beauty and clear vision of the inscription. General survey of such Grantha in the National Archives of Nepal shows that the earliest collection is 12th century of the "Bishnu Dharma" having the size of 530 by 100 mm, thickness of 0.45 mm, basic weight of 280 gm/m^2, with 4 layers of paper, black coloured coating on both sides having 133 pages, written with golden and silver colour ink and without any damage. Majority of Blue Black Tibetan Granthas are damaged or deteriorated by Anobium species indicated by fine black powder materials i.e. Egg of the insects, number of small holes are also seen made by insect and result is very frazile condition. Such condition are not observed in Blue Black Nepali Granthas. Here the author is interested and like to explain how to preserve and conserved such deteriorated Granthas to prolong its life.

Physical and chemical test of paper:

Simple physical and chemical tests of paper (Solubility, Copper and pH tests) performed in chemical conservation laboratory in the National Archives.

The Blue Black Paper is insoluble in water, but soluble in alcohol. Both

* *Chemist: National Archives*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

soluble products are tested with Ammonia, the colour remain same and pH of both extract indicated 6.5 pH. Similarly Copper Sulphate water soluble and alcohol soluble product when tested with Ammonia the colour was changed and pH indicated 2 pH.

Condition of paper:

Paper Granthas (leaves) are stuck together and highly deteriorated by insects like Anobium species. A lot of black fine powder materials are observed, microscopic examination indicated the egg of the insects, number of small holes are seen on paper made by same insects. Most part of the Granthas are missing due to the damages made by the insects and also due to mechanical i.e mishandling.



A1. Microscopic view of Black Powder i.e. Egg of Insect



A2. Microscopic view of mouth parts of Insect.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Description of the anobium species.

Anobium species belongs to the family Anobidae. It is cylindrical, 3mm long with ovoid body and Dark Brown Colour. Its head is not visible dorsally which is covered by pronotrum. It has borrowing habits and feeds on dead animals and vegetable matter like books i.e. paper and other. These insects can easily transfer from one book storage room to another, simply by flying.

It hatches a lot of spindle shaped eggs. Eggs of these insects easily transfer from one place to another place during the time of handling the Granthas or through air. At the end of winter i.e. with the coming of summer eggs turn into larva stage, which last for whole summer and undergoes pupation with the approach of winter. Adult emerges out at the start of summer. The larva also have borrowing habits and cause major damage on cellulose of paper books and others during the summer months. Hence, larva and adults cause major damage on cellulose materials.

Technique on conservation and restoration:

The writer used following procedure for conservation of the above mentioned deteriorated Blue Black Tibetan Paper Granthas at the National Archives of Nepal.

Firstly the physical deteriorating condition of the Grantha noted down, fumigated for 2 weeks in fumigation chamber using Para Dichloro Benzene fumigant to destroy all the insect and germ, the fumigated granthas are then cleaned by soft brush and vacuum cleaner very carefully. There are then repaired by traditional repairing method using nepalese hand made paper. The holes are then filled up by paper pulp and are dried at room temperature. Finally, the dried and repaired granthas are peeled off very carefully, all the four sides are trimmed as per requirement and photograph is taken before and after conservation and restoration.



B1. Before restoration of Neel Patra Tibetan Grantha in stuck form.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



P. Shrestha

B2. Before restoration of Neel Patra Tibetan Grantha leaflet. (Separated from stuck bundle)



P. Shrestha

B3. After restoration of Neel Patra Tibetan Grantha Leaflet. (Repair sample)

Conclusion:

The literature survey of Blue Black Paper shows that these are made by various coating materials on plain paper, such as: (i) Nilotutho i.e. Copper Sulphate (ii) Manashila, Haritalika and Lampblack (iii) Commercial chemical (iv) Areka palm and Areca Catechu Plant extract. The chemical test of the Tibetan Granthas shows that the Blue Black Papers are not contaminated with copper Sulphate, and Manashila, Haritalika, but are badly damaged by Anobium species. The other evidence is that the Blue Black Colour is soluble is organic solvent

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(alcohol) and insoluble in water, also it is indicated by the negative test of Copper Sulphate and the pH indication of 6.5. Hence it may be organic material. A number of holes on the papers show that adult and larva stage of insect cause major damage on cellulose materials present in the Grantha. Para Dichlora Benzene is highly effective fumigant for fumigation. The traditional repair method is better than any other method. Missing portion of Grantha should be replaced by hand made paper because of strong and durability of Granthas, it should not be coloured, because of colour chemical, it may get damaged in a long run. Small holes should be filled up by neutral paper pulp. Thickness of the extra added papers should be made similar to the thickness of the original ones.

Acknowledgment:

The author thanks to Mr. Praveen Shrestha and Rajan Paudel of the Dept. of Archaeology, Nepal for helping photograph and also thanks to all the staffs of the National Archives, Nepal for supporting help to perform this work.

References:

1. Fauna of British India "Coleoptera" pp. 143 (1975)
2. Gajurel, C.L., and Vaidya, K.K. "Traditional Art and Craft of Nepal" pp. 170 (1983).
3. H. Marwell Lefrocy "Indian Insect Life" pp. 317 (1975)
4. Singh, G.M. "Abhilekha" The National Archives of Nepal pp. 84-102 (2052 B. S.) (1995)
5. Singh, G.M. "Study on Preservation of Infected book by Anobium species" Conservation of Cultural Property in INDIA pp. 113-114, vol. XVI-XVII (1983-1984)
6. Trier, Jesper "Ancient Paper of Nepal" pp. 12, Vol. V (1972)
7. UNESCO "Conservation of Cultural Property" pp. 65 (1968)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष २०५७/०५८ को वार्षिक गतिविधि

राष्ट्रिय अभिलेखालयको वार्षिक अंकको रूपमा प्रकाशित हुने यस "अभिलेख" मार्फत यहाँको वार्षिक गतिविधि प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ।

यस वर्ष पनि सदा झै कार्यालय र अन्यत्र गरी निम्न अनुसार माइक्रोफिल्म गरिएको छ।

	रिल नं. र रिल थान				पुस्तकथान		
के	७०१	-	७२०	=	२०	-	१४७९
एल	११५२	-	१२३१	=	८०	-	५८९
ई	३४३७	-	३४६४	=	२८	-	५१९
डि.एन.ए.	१५	-	२३	=	९	-	८०७
	जम्मा	-		=	१३७	-	३३९४

राष्ट्रिय अभिलेखालय र नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाको संयुक्त टोली गोरखा र डोल्पा जिल्लाको भ्रमणमा गएको थियो। यसबाट जम्मा ८० थान रिलमा तिब्बती ग्रन्थ, चिठ्ठी पत्र र रङ्गीन चित्रहरू सहित जम्मा ५८६ थान माइक्रोफिल्म गरी ल्याइएको छ।

अनुसन्धानकर्ताहरूलाई आवश्यक माइक्रोफिल्म पनि सदा झैं उपलब्ध गराइएको छ र यस सन्दर्भमा ७६४ थान ग्रन्थका लागि ९१२४ फिट माइक्रोफिल्म खर्च भएको छ। यसै गरी अनुसन्धानकर्ताहरूलाई रिडर प्रिन्ट निकै सुविधाजनक हुने तर प्राविधिक कारणले उपलब्ध गराउन कम गर्दा-गर्दै पनि माग बढ्न गै यस वर्ष २२३ थान ग्रन्थका ७१९७ प्रति रिडर प्रिन्ट उपलब्ध गराइयो।

अभिलेखालयमा रहेका प्रायः सबै ग्रन्थहरूको माइक्रोफिल्म भइसकेको हुनाले अनुसन्धानकर्तालाई अध्ययन गर्न माइक्रोफिल्म नै दिइने गरिन्छ। तर कतिपय माइक्रोफिल्म गर्न छुट भएका र तत्काल अभिलेखालयको संकलनमा आई माइक्रोफिल्म गर्न बाँकी रहेका ग्रन्थहरूको अध्ययन गर्नु पर्ने भए मात्र मूल प्रति हेर्न दिईने हुनाले शुरू-शुरूमा झैं सोझैं मूल ग्रन्थबाट अध्ययन गर्ने कार्य कम भएको छ। यसले गर्दा माइक्रोफिल्मबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्ययन अनुसन्धान गर्नेहरूको संख्या बढेको छ । यस वर्ष माइक्रोफिल्मबाट स्वदेशी ३६ र विदेशी ७ गरी जम्मा ४३ जनाले २४६ थान माइक्रोफिल्म अध्ययन गरे ।

गोरखापत्र, द राईजिङ्ग नेपाल, सिटरोल र अन्य विभिन्न पुस्तकहरू गरी ३७६ थान ग्रन्थहरू वाईण्डिङ्ग गरी संरक्षण कार्य गरियो ।

मिति परिवर्तन गर्ने कार्यमा पनि तिब्रता आएको छ, जस अनुसार ई.सं.बाट वि.सं मा १०० जना र वि.सं.बाट ई.सं.मा ८४५ जनाले मिति परिवर्तन गराए ।

यस वर्ष अभिलेखालयमा उपहार र खरिद गरी जम्मा १४३ थान पुस्तकहरू थपियो ।

यस वर्ष अभिलेखालयले जम्मा रू. ४७८४३६/- आम्दानी गर्‍यो । जसमध्ये रू. ७६४८७/५० राजस्वमा र रू. ४०१९४८/५० रिभल्विङ्ग फण्डमा जम्मा गरियो ।

यस वर्ष ऐतिहासिक सामग्री संकलन गर्नका लागि दाङ्ग र प्युठान जिल्लामा १ वटा टोली खटाई केही ऐतिहासिक सामग्री संकलन गरियो ।

अभिलेखालयको संकलनमा रहेको नेपाल भाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूची-पत्र पनि प्रकाशित गरियो ।

"अभिलेख" पत्रिकाका निम्ति अनुसन्धान मूलक मौलिक लेख-रचनाको माग गरिन्छ, तर लेख-रचना विशेषतः हस्तलिखित ग्रन्थ, अभिलेख, लिपिविज्ञान आदि विषयसंग सम्बन्धित हुनुपर्छ । लेख रचना अप्रकाशित र प्रामाणिक हुनुपर्छ । लेख रचनासंग सम्बन्धित चित्रहरू पनि समावेश गर्न सकिने छ ।

–राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वको संवाहक अभिलेख विश्व सम्पदा हो । यसको जगेर्ना गर्नु हाम्रो कतर्व्य हो । अभिलेखको संरक्षण गरी राष्ट्रको गौरव जोगाइ राखौं ।

श्री ५ को सरकार

संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालय

पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection